# अध्याय - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

दलित महिलाहरु सदि औं देखि पितृसत्तात्मक सामाजिक संरचना र जातिय छुवाछुतबाट पिडित छन् । नेपालमा सामाजिक मुल्य र मान्यता अनुसार महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा राखिएको छ । त्यस कारण दैनिक जीवनमा दलित महिलाहरुले धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । उनीहरुलाई शोषीत पिडीत भइ बाच्न विवश पारिएको छ । पहिलो त उनीहरु महिला भएकै कारण, दोस्रो जातका आधारमा र तेस्रो कमजोर आर्थिक अवस्थाका कारण पछाडी परेका छन् । फलस्वरुप उनीहरु भूमि अधिकारबाट समेत बञ्चित भएर राज्यको निर्णय प्रक्रिया तथा साधन, स्रोतमा पहुँच नहुनु, लैङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, चेलिवेटी बेचविखन र यौन शोषणको शिकार हुन बाध्य छन् । दलित समुदायमा रहेका केही महिला र बालबालिकाहरु देह व्यपार तथा बँधुवा मजदुरका रुपमा काम गर्न बाध्य छन् । (विश्वकर्मा, २०६४)

सामन्तवादी हिन्दू सामाजिक संरचना भित्र आधारभूत पेशा, व्यवसाय, सिप तथा कला क्षेत्रमा संलग्न रहदै आएका कारण चरम जातिय विभेद र अमानवीय छुवाछुतको उत्पिडत भोग्दै आएको समुदाय नै दलित हो । भारतीय उपमहाद्धिपमा आर्यहरुले चलाएको वर्ण व्यवस्था कालक्रममा 'वर्णाश्रम धर्म' (हिन्दु धर्म) बन्न पुग्यो । यस अर्थ प्रारम्भमा वर्ण व्यवस्था अंगीकार आर्य भित्र विविध जातिच्यूत गरिएका आधारभूत तहका जनता मात्रै दलित थिए । तर हिन्दु धर्मको विस्तार तथा हिन्दू आर्य राजा महाराजाको शासनमा दव्रिड र मंगोल नस्ल नगायतका जनताहरुमाथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादियो । वर्ण व्यवस्था भित्रको 'शुद्र' वर्णबाट हटाएर अजात तथा अछुत बनाइएको समुह नै दलित हो । त्यसैले अछुतलाई  वर्ण व्यवस्था भित्रै समेट्न कसै कसैले 'अति शुद्र' वा 'पञ्चम वर्ण' पनि भन्ने गरेको पाइन्छ । तर त्यस्तो पञ्चम वर्णको उल्लेख शास्त्रमा भेटिदैन ।
(विश्वकर्मा, २०६३:९५)

कूल जनसंख्याको आधा हिस्सा ओगट्ने माहिलाहरु प्रायः जसो आफ्नो हक र अधिकारबाट बन्चित छन् । घरधन्दा यस्तो एउटा सँस्थाको रुपमा परिचित छ जहाँ महिलाहरु अत्याधिक रुपमा शोषित, पिडित र स्रोत साधनबाट वन्चित अवस्थामा छन् । महिलालाई असक्त, अबला, असक्षम कमजोर आदि उपनाम दिइन्छ, जसले महिलालाई पुरुषको अनुपातमा पछाडी पार्ने काम गर्दछ र महिलालाई जहिले पनि दोस्रो दर्जाको रुपमा व्यवहार गरिन्छ ।  (सापकोटा, २०६६)

नेपाल अधिराज्यको हरेक भाग हिमालदेखि मधेश, महाकाली देखि मेचीसम्म जहाँ गए पनि पाइने जात बाहुन क्षेत्री पछि थोरै संख्यामा रहे पनि झण्डै बाहुन क्षेत्री झैं छरिएर बसेको जात कामी पनि हो । (विष्ट : २०३९: १७)

यसरी जातीय विभाजनको बारेमा चर्चा गर्दा हिन्दूधर्मको धार्मिक वर्ण व्यवस्था अनुसार समाजलाई चार भागमा विभाजन गरिएको छ । जस्तै :

१) ब्राम्ह्ण : जसले पठन पाठन पूजा आजा गर्ने ।

२) क्षेत्री : खेती, सरकारी सेनामा आवद्ध हुने ।

३) वैश्य : व्यापार गर्ने, खेती, किसानी गर्ने ।

४) शुद्र : उच्च जातिको सेवा गर्ने, निम्न ज्यालामा काम गर्ने ।

नेपालमा जातिको उत्पत्ति कहिले र कसरी भयो भन्ने कुरा थाहा पाउन कठिन छ । जातका सम्बन्धमा विभिन्न विद्धानहरुले विभिन्न दृष्टिकोण राखेका छन् । हिन्दु धर्मशास्त्र, पूराण, वेद आदिबाट जातका सम्बन्धमा केही थाहा पाउन सकिन्छ । हिन्दु दर्शनशास्त्र अनुसार व्यक्तिलाई चार भागमा बाँडिएको पाइन्छ । जसमा ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र पर्दछन् । त्यसैगरी ऋग्वेदमा उल्लेख भए अनुसार ब्राम्हणहरु परमात्माको मुखार विन्दुबाट, क्षेत्रीहरु बाहुबाट, वैश्यहरु तिघ्राबाट र शुद्रहरु पाउबाट उत्पत्ति भएका हुन् भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

त्यसैगरी जातका सम्बन्धमा हिन्दुहरुको धार्मिक ग्रन्थ वेदमा भनिएको छ 'ब्राम्हणस्य मुखमा शिव बाहुराजन्य कृत गुरु तद्वस्य पदम्पा, शद्रो अजायत । त्यस्तै पुराणमा भनिएको छ, 'जन्मना जांयते शुद्रकर्मणा द्धिज उत्यत्ते, वेद पढित भवेत् विद्र ब्रह्म जानाति ब्राह्मण 'यसरी वैदिक कालमा समाजलाई चार वर्णमा विभाजन गरेको भएतापनि जातिको उत्पत्ति कहिले र कसरी भएको हो भन्ने सम्बन्धमा विद्धानहरुको मतक्यैता देखिदैन । तापनि जातका सम्बन्धमा विद्धानहरुले विभिन्न सिद्धान्तहरु प्रतिपादन गरेको पाइन्छ । (बराल, २०५०)

समाज निरन्तर रुपले चल्दै आएको भएतापनि उच्च वर्णका मान्छे उच्च नै र तल्लो वर्णको मान्छे तल नै हुन्थ्यो । प्राचिन कालदेखि नै भारतमा राजनैतिक अस्थिरताको कारणले बेला बखतमा ठूलो संख्यामा शरणार्थीको रुपमा नेपाल भित्रिएका विभिन्न जात र समुदायका मानिसहरुको विविध सामाजिक स्तर र पेशालाई ध्यानमा राखेर राजा जयस्थिति मल्लले भारतबाट ब्राम्ह्णहरु झिकाइ पुरानो चार वर्ण र वर्ण नछुट्टिएका समाजका मानिसहरुलाई उनले पेशाको आधारमा ३६ जातमा विभाजन गरिदिए । (निरौला, २०५३)

अधिकांश दलित समुदाय हिन्दु धर्माबलम्वी भएता पनि बढी मात्रामा हिन्दुधर्माबलम्बीहरुबाट नै शोषित, बहिष्कृत र तिरस्कृत भएका छन् । जन्म, मृत्यु, विवाहजस्ता संस्कारहरुमा विभेदको शिकार भइरहेका छन् । आफ्नो धार्मिक परम्परा र संस्कार अनुरुप सामाजिक कार्य गर्नबाट बञ्चित छन् । कला, संस्कृति तथा सीपका धनी दलित आफैले निर्माण गरेको मन्दिर प्रवेश गर्नबाट बञ्चित छन् भने आफैले कुदेका मुर्ति पुज्न

पाएका छैनन् । नागरिकको हैसियतले राज्यबाट प्राप्त गर्ने स्रोत, साधन उपभोग गर्नबाट समेत बञ्चित छन् । दलितलाई अशुद्ध समुदायको रुपमा हेरिन्छ । उनीहरुले छोए, टेके वा उपभोग गरे, त्यो बस्तु नै अशुद्ध हुन्छ भनी आफूहरु सुरक्षित रहन उच्च जातीय अहंकारवादले ग्रसित रहेका कथित छुतहरु अनेक कार्य गर्न पछि पर्दैनन् । सार्वजनिक स्थानमा पनि छुवाछुतको कुरा उठाई सामाजिक रुपमा नै तिरस्कार गरिएको पाइन्छ । उनीहरु माथि गरिने सम्बोधनमा पनि पूर्णरुपमा होच्याउने अपमानजनक शब्दहरुको प्रयोग गर्ने गरेको पाइन्छ । दलितको इज्जत, प्रतिष्ठालाई बेवास्ता गरी अपमानित गर्ने होच्याउने तथा घृणा गर्ने प्रवृत्ति समाजमा अझै कायम नै रहेको छ । नेपाल अधिराज्यको संविधान तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन बमोजिम सामाजिक जीवनमा आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारबाट दलित समुदाय बञ्चित रहेको छ । (लाम्गादे, २०६१)

लुम्बिनी अञ्चल गुल्मी जिल्ला अर्न्तगत रहेको नयाँगाउँ गा.वि.स.मा विविध जातजातिले बसोबास गरेका छन । जस्तो : ब्राम्हण, क्षेत्री, मगर, कामी, सार्की, दमाई आदी जातजातिहरु बस्दै आइरहेका छन् । यी विविध जातजाति मध्ये कामी पनि एक जाति हो । यो जाति भित्र विभिन्न थरहरु छन् जस्तै : विश्वकर्मा, सुनार आदि । कामी जाति आर्य संस्कृति अन्तरगत भएका हुनाले यिनीहरु शारीरिक, भाषिक तथा सांस्कृतिक रुपमा माथिल्लो जाति ब्राम्ह्ण क्षेत्रीहरु भन्दा भिन्न देखिदैनन् । जसरी ब्राम्ह्ण, क्षेत्रीहरु हिन्दु धर्माबलम्बी हुन र तिनको थर गोत्र हुन्छ । त्यसैगरी कामी जाति पनि हिन्दु धर्म अर्न्तगतका नै हुन । यिनका थर गोत्र माथिल्ला जातिसँग मिल्दछ । तर पनि यी जातिलाई माथिल्ला जातिका ब्राम्ह्मण क्षेत्री लगायतका हिन्दुहरुले हिन्दु झै व्यवहार गर्दैनन् । समाजमा यिनीहरुको स्थान अछुत तल्लो वर्णको रुपमा राखिएको छ । समाजमा यी अछुत जातिमा पर्ने कामीहरुलाई घर भित्र पस्न, होटलमा बसेर चिया पिउन, सार्वजनिक स्थान, मठ मन्दिरमा पस्न बन्देज गरिएको छ । समाजमा यी जाति आफूले खाएको भाडा आफै माझ्दछन् र यीनले खाएर माझेको भाडा माथिल्लो जात भन्नेहरुले आफूले चोख्याएर भित्र लैजान्छन् । हाल देशमा प्रजातन्त्र साथै गणतन्त्रको आगमन आधुनिकीकरण शिक्षाको प्रचार प्रसार तथा विभिन्न समयमा आएका ऐन नियम संविधान आदिका कारणले पहिलेको तुलनामा अहिले केही सुधार आएको छ । ( प्रतिवेदन, २०६५)

देशको कूल जनसँख्याको लगभग ७ प्रतिशत जनसँख्या दलित महिलाहरुको छ । महिला भएकै कारण र त्यसमा पनि दलित महिला भएकाले समाजमा दोहोरो पीडा खेपिरहेका छन् । दलित महिलाहरुको पोल्टामा दुःख पीडाहरु सामाजिक भेदभाव, छुवाछुत, नीचता, आर्थिक विपन्नता, सामाजिक बहिष्करण, राजनैतिक भेदभाव र वहिष्करण आदि दलित महिलाहरुले दैनिक खेप्नु पर्ने समस्याहरु हुन् । (बि.क., २०६५)

नेपालको राजनैतिक विप्लवका कारण अन्य मुलुकहरुबाट धेरै आगन्तुकहरु प्रवेश गरेको देखिन्छ । यसै क्रममा गौतम बुद्धकै जीवन कालमा कपिलवस्तुका शाक्यहरु त्यहाँबाट भागेर तिनीहरु मध्येको एक समूह काठमाडौ उपत्यकामा आइपुगेको थियो । त्यस्तै गरेर भारतमा मगधहरुको शक्तिवृद्धि पश्चात् लिच्छवी, कोलिया, मल्ल तथा अन्य समूहका

मानिसहरुले नेपाल प्रवेश गर्नुका साथै नेपालको उत्तरी भूभागमा भएका राजनीतिक विप्लवको कारणले पनि नेपालको पहाडी भूभागहरुमा धेरै नवआगन्तुक मानिसहरुको प्रवेश भएको पाइन्छ (वैद्य, मानन्धर) । नेपालमा सर्वप्रथम मंगोल मूलका मानिसहरुको प्रवेश भएको मानिन्छ । तर एउटा अनुमान अनुसार नेपालकमा आर्यहरुको प्रवेश ईशापूर्व द्धितिय शताव्दीदेखि भएको मानिएको छ । (शर्मा, २०३९)

## १.२ समस्याको कथन

परम्परा देखि नै कु-संस्कारको रुपमा रहदै आएको उचनिच, सानो ठूलोको भावनाबाट ग्रसित नेपाली जनताहरुबाट यी तल्लो अछुत वर्गमा पर्ने अछुत भनिने कामी जाति नेपाली समाजमा सामाजिक संरचनाबाट थिचिदैं, पिल्सिदै आइरहेका छन् । शिक्षा, सामाजिक, आर्थिक तथा राजनैतिक आदि विविध पक्षमा यी दलित कामी जातिहरु विगत समय देखि पछि परिरहेका छन् । विभिन्न ऐन, कानुन, संविधानले कुनै पनि जात जाति, धर्म, सम्प्रदाय भाषा भाषी तथा उचनिचको भावनालाई कानूनी रुपमा अन्त्य गरि सबै नेपालीहरुलाई समान सामाजिक अधिकार प्रदान गऱ्यो । कानुनी रुपमा सामाजिक कु- संस्कारको अन्त्य गरेता पनि यी कु-संस्कार समाजमा रही रहनु दुःख लाग्दो कुरा हो । वर्तमान समयमा यी दलित वर्गमा पर्ने कामी जाति सामाजिक, आर्थिक क्षेत्र लगायत सरकारी, गैरसरकारी क्षेत्रहरुमा कहिल्यै मौका पाएनन् । आज पनि व्यवहारिक रुपमा उचनिच, सानो ठूलो, छुवाछुतको भावना समाजमा पाइन्छ ।

नेपाल बहुजाति, बहुभाषी र विविध सांस्कृतिक परम्पराले भरिएको देश जहाँका हरेक जातिका आ-आफ्नै जातिगत संस्कार र संरचना हुनुले पनि अनेकतामा एकता पाइनु नेपालीको विशेषता हो, विविध जातिहरु बस्ने हाम्रो देशमा सामाजिक, आर्थिक, सांस्कृतिक रुपमा हेपिएको पानी नचल्ने भनिएका तल्ला र विपन्न समुदायमा पर्ने कामी जातिलाई दलित वर्ग अर्न्तगत गणना गरिन्छ । आजको वैज्ञानिक, परिवर्तनशिल विश्वमा विभिन्न परिवर्तनका साथै मानवीय, मूल्य, मान्यतामा कानूनी रुपमा परिवर्तन भए पनि नेपालमा व्यवहारिक रुपमा जातीय विभेद रहिरहेको छ । नेपालमा जातीय भेदभाव विरोधी कानूनी प्रावधान भएतापनि, जातीय विभेदलाई निराकरण गरेता पनि व्यवहारिक रुपमा पूर्ण कार्यान्वयन हुन सकिरहेको छैन । मानवीय चेतना, विकास र शहरीकरणले गर्दा मानवीय सोंचाइमा केही सकारात्मक परिवर्तन भएको पाइन्छ । यस्तो परिवर्तनले राष्ट्रको भविष्य उज्ववल पार्न सक्छ भने जातीय विभेदीकरणले विखण्डनको नकारात्मक पक्षतिर लैजान सक्छ, तसर्थ बेलैमा यसतर्फ सोंच्नु अनिवार्य भएको छ ।

समाजमा भेदभाव, छुवाछुत, सार्वजनिक स्थानमा बहिस्कार, राजनैतिक, आर्थिक अवसरहरुबाट बन्चित गर्नु र गराउनु दुबै अपराध मानिन्छ र सजाय पनि दिइन्छ तर यी सबै किसिमका अवसरबाट दलित महिलाहरु लगभग पूर्ण रुपमा बञ्चित छन् । नेपालको कानुनमा छुवाछुत पूर्ण रुपले हटाएको वर्षौ बितिसक्दा पनि समाजमा यसको कार्यान्वयन पूर्ण रुपमा हुन नसक्दा घर, गाउँमा सिमित जीवन बिताइरहेका दलित महिलालाई यसले सबै भन्दा बढी प्रभाव पारेको छ । समाजमा रहेर पनि अन्य महिलाले जति अधिकार पाउन सकेका छैनन् ।

दलित महिलालाई अगाडि बढाउनकालागि, शिक्षित बनाउनकालागि, आर्थिक रुपले सबल बनाउनकोलागि, सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहेका भए पनि यसबाट सोंचे जति फाइदा नहुनुले विभिन्न विकास योजनामा दलित महिलाको संलग्नता नहुनुलाई पनि मान्न सकिन्छ ।

यी कामी जातिका महिलाको सामाजिक तथा आर्थिक पक्षमा छुवाछुतले प्रभाव पारेको कारणले गर्दा आर्थिक विपन्नता अझ बढी देखिएको छ । जसको कारणले गर्दा आफ्ना बालबालिकालाई १०/१२ वर्षको कलिलै उमेरदेखि विभिन्न घरायसी काममा लगाउन बाध्य छन् । घरायसी काममा मात्र सिमित नभई आफू भन्दा माथिल्ला जातको घरमा मजदुरी गर्न पनि बाध्य भएका छन् । चेतनाको कमीले गर्दा सरसफाईमा ध्यान दिदैनन् । जथाभावी फोहर गर्ने, दिशापिसाब गर्ने गर्छन । जाँड, रक्सी, चुरोट, खैनी जस्ता पदार्थहरु सेवन गर्ने गर्छन । जसले गर्दा स्वास्थ्यमा प्रतिकुल असर पारि विरामी हुन्छन् । सम्पत्ति नहुनु, भए पनि सम्पत्तिमा पहुँच नहुनु र सदुपयोग गर्न नपाउनु, अशिक्षाको कारणले चुनावमा सही उम्मेदार चयन गर्न नसक्नु जस्ता समस्याहरु महिलामा पाइन्छ । दलित महिलाको परम्परागत पेशामा विशिष्टिकरण हुन नसक्दा यिनिहरुमा नैरास्यता आउनु पनि अर्को समस्या देखिएको छ । यसरी यी कामी जातिका महिलाको सामाजिक र आर्थिक अवस्थामा छुवाछुतले के कस्तो असर पारेको छ । समाजको हरेक पक्ष जस्तो : सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक क्षेत्रमा यिनिहरु किन अपहेलित वा पछाडी परेका छन् ? यिनिहरुको आफ्नो परम्परागत पेशामा के कति परिवर्तनहरु आएका छन् यसरी परिवर्तन आउनुको कारण के हो ? प्रजातन्त्र तथा गणतन्त्रको उदय भइसके पनि कानुनी रुपमा छुवाछुतको असर छैन भनिएता पनि किन दलित महिला (कामी) हरुको जीवनस्तर माथि उठेको छैन् । यसरी यी विविध क्षेत्रमा कामी महिलाहरु पछाडी पर्नुको कारण के हो ? भन्ने जस्ता समस्याहरुको अध्ययन गरी केही तथ्यहरु प्रकाशमा ल्याउने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस शोधको उद्देश्य दलित (कामी) महिलाको आर्थिक, सामाजिक अवस्थामा छुवाछुतले पारेको प्रभावको अध्ययन गर्नु थियो भने यसको विशेष उद्देश्य निम्न राखिएको थियो ।

क) छुवाछुत र कामी समुदायका महिलाहरुको आर्थिक, सामाजिक अवस्थाको अध्ययन गर्ने।

ख) कामी समुदायको सामाजिक, आर्थिक परिवर्तनको अध्ययन गर्ने ।

ग) सामाजिक, आर्थिक पक्षको निर्णय प्रक्रियामा लैङ्गिक सहभागिताको बारेमा अध्ययन गर्ने।

## १.४ अध्ययनको महत्व

राज्यको कानूनले महिला पूरुषलाई समान अवसर प्रदान गर्ने अठोट गरेको छ । त्यसमा पनि जाति, लिंङ्ग, धर्मको आधारमा भेदभाव नगरिने महिला पुरुषमा समान कामकोलागि पारिश्रमिकमा भेदभाव नगरिने (अन्तरिम संविधान, २०६३) जस्ता वाक्यांशहरु उल्लेख गरेको पाइन्छ । विशेषगरि जातपातको छुवाछुत नगरिने भन्ने हाम्रो समाजमा कामी

जातिका महिलाको अवस्था कस्तो छ । यसले सामाजिक,आर्थिक अवस्थामा के-कस्तो प्रभाव पारेको छ । साथै गरिब वा विपन्न परिवारका महिलाको लैङ्गिक भूमिका र सामाजिक अवस्थालाई उजागर गर्न यस अध्ययनले महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालमा महिला सम्बन्धी पुस्तक लेख, रचनाहरुमा दलित महिलाहरुको बारेमा कमै मात्रामा उल्लेख गरेको पाइन्छ । नेपालमा जातिय अध्ययन अनुसन्धान विभिन्न विद्धानले गरेता पनि यस नयाँगाउँ गा.वि.स. वडा नं. १ का कामी जातिका महिलाको अध्ययन अहिले सम्म नभएकोले यो अध्ययन गरिएको हो । कामी समाजको महिलाको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको यथार्थता खोतल्ने प्रयास यस अध्ययनमा गरिएको छ । यस अध्ययनले सम्पूर्ण वौद्धिक क्षेत्रका व्यक्तिहरु, अनुसन्धान कर्ता, योजनाविद, शिक्षक, विद्यार्थी आदिलाई फाइदा पुग्न सक्ने देखिन्छ ।

कामी जातिलाई समाजमा उच्च जाति भनिने ब्राम्ह्ण, क्षेत्रीले आफ्ना घरभित्र अछुत भनि भित्र पस्न दिदैनन् । कामीहरुको आफ्नो स्वामित्वमा प्रशस्त कृषि गर्ने जमीन नहुँदा मौसमी श्रमिक भएर बाँच्न पर्ने बाध्यता छ । यस्ता उत्पीडित जातिहरुको विकासकोलागि सरकारी एवं गैर सरकारी संघ संस्थाहरुबाट आवश्यक कदम चालिनु पर्ने खाँचो देखिन्छ । यसका अतिरिक्त यस भन्दा पछि यस विषयमा अध्ययन अनुसन्धान गर्न इच्छुक जो कोहीलाई पनि यस अध्ययनले केही सहयोग दिने छ भन्ने विश्वास लिइएको छ ।

# अध्याय - दुई

## २.१ पूर्व साहित्यको अध्ययन

नेपालको सन्दर्भमा सर्वप्रथम लेखिएका पुस्तकहरुमा W.Kirkpatrick को सन् १८१९मा लेखिएको "An account of the kingdom of Nepal", B.Hodgson को १८४८,१८८० मा "Literature and Religion of Nepal and Tibet" का प्रकाशनले नेपालको जातजाति अध्ययनलाई विश्व सामु चिनाएर निकै सहयोग पुगेको देखिन्छ ।

शिक्षा एउटा दियो हो, जसले अन्धकारलाई हटाई उज्यालो बनाउछ । एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउँछ । त्यसकारण महिलाहरुकोलागी शिक्षा नितान्त आवश्यक हुन्छ । (Acharya,1997)

'पौडे गौडेको विश्वकर्मा जाति एक अध्ययन' शोधपत्रमा 'विश्वकर्मा सामाजिक तथा राजनीतिक परिवर्तनको चाहना' शीर्षक अर्न्तगत यदि हामी विश्वकर्मालाई सामाजिक रुपमा यस्तै तवरबाट हेपेर राखी रहने माथिल्लो जातिको नियत हो र उनीहरु छुवाछुतको संस्कारलाई त्याग्न सक्दैनन् भने हाम्रो परम्परागत पेशाको आधारमा हामीलाई हेला गर्ने यो पद्धति हटाउन हामी हाम्रो पुर्खौली पेशाको विकल्प तय गरी बिस्तारै सबै विश्वकर्माहरुबाट फलामको भाडा बनाउने पेशा छोड्न बाध्य हुने छौं र माथिल्ला जातिहरु यो काम गर्ने छन् भन्ने कुरा उल्लेख गरेर परम्परागत पेशा दलितहरुमाथि थोपरी अपमान गर्ने प्रचलनको निन्दा गरिएको छ । यस अध्ययन क्षेत्रका विश्वकर्माहरु सचेत अवस्थामा रहेको पाइदैन । उनीहरु यस्तो व्यवस्थाको चाहना राख्दछन् जसले आफू सामाजिक तवरबाट हेला हुन नपरोस् तथा गाँसबास कपासको समस्याले हालको जस्तो तबरबाट छट्पटाउन नपरोस् । यसरी यहाँका विश्वकर्माहरु सचेत नभएका र आफ्नो दु:ख कष्ट तथा अपहेलित अवस्थामा रहनुपरेको बाध्यताबाट मुक्ति चाहन्छन् । (क्षेत्री, २०३९)

नेपालमा सन् १९९० पछि महिला र पुरुषबीचको लैङ्गिक सम्बन्ध एक प्रमुख मुद्धाको रुपमा देखा पर्‍यो यस किसिमको लैङ्गिक सम्बन्धका विषयमा विभिन्न समुदाय जस्तै यस विषयका विद्धान, राजनीतिज्ञ, आम जनता र नीति निर्माता समेतको ध्यान आकर्षण भएको छ । सामाजिक र सांस्कृतिक रुपमा स्वीकार गरिएको व्यवहार सम्बन्धलाई सामाजिक लिङ्गको रुपमा परिभाषित गरिएको पाइन्छ । यस किसिमका सामाजिक व्यवहार सम्बन्धहरु त्यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा धार्मिक धरातलमा आधारित रहेको हुन्छ र कतिपय परम्परागत समाजमा शहरी तथा औद्योगिक समाजमा भन्दा लैङ्गिक भूमिका बढी कठोर हुन्छ । लैङ्गिक भूमिका वर्ग, जाति र जनजाति समूह बीच फरक पाइन्छ । (पोखरेल २००१:७०)

जात भन्नाले जन्मेको पैदा भएको, उत्पन्न भएको व्यक्तिको वंश, परम्परा, धर्म, गुण, आकृति, वासस्थान आदिका आधारमा विभाजित मनुष्यको जाति वा वर्ग भनि परिभाषा गरिएको पाइन्छ । (शब्दकोष, २०४०)

नेपालमा रहेका जातजातिको जनसंख्या १०१ पुगेको छ भने मल्लकालिन समाजमा नेपालमा बसोबास गर्ने मानव समुदायलाई राजा जयस्थिति मल्लले ७२४ जातमा विभाजन गरेको देखिन्छ । नेपालमा रहेका यिनै चार जाति मध्ये शुद्र जातिमा पर्ने कामी पनि एक जाति हो । कामी जाति को हुन ? यीनिहरुको उद्‌गम स्थल कहाँ हो नेपालमा यिनिहरुको बसोबास कहिले देखि भएको हो भन्ने सन्दर्भमा निश्चित प्रमाणहरु प्राप्त भएका छैनन् भन्दा अत्युक्ति नहोला । इन्साइक्लोपेडिया अफ रिलिजनको अनुसार शुद्र जातिहरु आर्य समुहमा पनि जो गरिब छन् जसले कृषि पेशालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न जानेका थिएनन् तिनीहरुका समूहलाई नै यस जातिमा राखी अन्य आर्यहरुको सेवा गर्ने, स्याहार गर्ने, सुसार गर्ने दास वर्गको रुपमा राखेको पाइन्छ । त्यस्तै गरी यस जातिको उत्पत्तिको सन्दर्भमा हिन्दुहरुको पवित्र मानिने धर्म ग्रन्थ ऋग्वेदमा भनिएको छ की शुद्र जाति विश्व पुरुषको पैतालाबाट उत्पत्ति भएको हो । आर्य समूहको नै एक शाखाको रुपमा खसहरु रहेको पाइन्छ । खस अर्न्तगत ब्राम्हण क्षेत्री जस्ता माथिल्ला जातिको अलावा तल्लो जातिमा दमाइ, कामी, सार्की आदि पनि पर्दछन् । (शर्मा, २०५४)

विश्वकर्माका सन्तान ठहरिएका कामी जातिको प्रारम्भिक थलो बन्नोज मानिन्छ । काठ फलामको विभिन्न सामान बनाउने जातिको नाम कामी हो । यो जाति भारतको विहार राज्यको चम्पारन जिल्लामा बसेका दार्जिलिङका कामी बाहेक अन्य नामले चिनिन्छन् । लोहार, बठइ अथवा मिस्त्रि नामले प्रसिद्ध यस जातिका मानिसहरु आफूहरुलाई मूल रुपमा लोहार नै भन्न मन पराउछन् । आफ्नो पेशा संरक्षकको रुपमा विश्वमित्रको आरधाना गर्ने यो जातिका पूर्वज विश्वकर्मा नै हुन । नेपालमा कामी, बठई, लोहार, नामले चिनिने यो जाति भारतमा कोकसा, गोविन्दपुरीया, मथुरीया, महुलिया, कन्नोजिया आदि नामले चिनिन्छन् । यिनिहरुले हिन्दु धर्म नै स्वीकार्ने भएतापनि धार्मिक कट्टरता पाइदैन । आ-आफ्नो कूल देवताको पूजा गर्दछन् । अन्य संस्कार ब्राम्हण, क्षेत्रीसँग मिल्दछन् । चाडपर्वहरु दशै, तिहार लगायत हिन्दुहरुले मान्ने गरेका चाड मान्दछन् । विश्वकर्माहरु विभिन्न थरमा विभाजित छन् । गडाल, रोक्का, सुनचुरी, नेपाली, ठाकुर, शर्मा, मिस्त्री आदी पाइन्छन् भने भाषा नेपाली तथा क्षेत्रीयताको आधारमा सोही क्षेत्रमा बोल्ने भाषा बोल्दछन् । सुनार खास गरी सुनचाँदीको गहना बनाउने काम गर्दछन् । तराईमा यो काम गर्नेलाई सोनार पनि भनिन्छ । (चौधरी, २०४८)

महिलाद्धारा गरिने कार्यमा विशेषगरी घर र खेतको काम नै हुन्छ । यसमा पनि विभिन्न किसिमका अत्यन्तै कठिन कार्यहरु समावेश भएका हुन्छन् । जस्तै निकै टाढा गएर पानी बोक्नु, दाउराहरु संकलन गर्नु, पशुहरुको हेरचाह गर्नु साथै अन्य कामहरु खाना पकाउने, घर सफा गर्ने, परिवारका सदस्यहरुको हेरविचार गर्ने, परिवारका सदस्यहरुको सहयोग गर्ने घरको यी सबै कार्यहरु गर्नका साथै महिलाहरु पूर्ण रुपमा कृषि कार्यमा सहभागी भएका हुन्छन् । (D.Sadden and P.Blaikie, 1979)

Caplan Lionel(1970) ले Land and Social Change in East Nepal : A Study of Hindu and Tribal relations अर्न्तगत पूर्व पहाडका राई लिम्बु र बाहुन क्षेत्री

बीचको सम्बन्धको अध्ययन गरेका थिए । जसमा ईलामवासी बाहुन,क्षेत्री र राई लिम्बू बीचको द्वन्द्व देखाउने प्रयास गरिएको छ ।

Caplan A.Patricia (1972) ले Priests and Cobblers को सम्बन्धको बारेमा अध्ययन गर्दै पश्चिम नेपालका बाहुन (पुजारी)र सार्की बीचको द्वन्द्व देखाउने प्रयास गरिएको छ ।

यसैगरी नेपाली अनुसन्धानकर्ताहरुले पनि समाजशास्त्र/मानवशास्त्र बिषयमा धेरै अध्ययन गरेको पाइन्छ । जस अर्न्तगत Dor Bahadur Bista (1966) को People of Nepal, Gopal Singh Nepali (1960,1965) को The Newars जसमा नेवारी संस्कृतिको जानकारीका साथै नेवार र अन्य जाति बीचको सम्बन्धको अध्ययन गरिएको छ । विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । लैङ्गिक भन्नासाथ सामाजिक, सांस्कृतिक रुपले निर्माण भएको अवधारणा हो हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नु पर्ने भूमिका फरकफरक निर्धारण गरिएको हुन्छ । समाजद्धारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन । महिलालाई अधिनस्थ गराउने पितृसत्तात्मक सामाजिक संरचनाको सोंच हो । (कमला भासिन, २००२)

आमूल परिवर्तनकारी महिलावादीहरुले विश्वव्यापी रुपमा महिलाको अवमूल्यन भएको छ र पितृसत्ताका कारण सबै ठाउँमा महिलाहरु दमनमा परेका छन भन्ने मान्यता रहेको छ भने समाजवादी महिलावादीले मार्क्सवादी विचारधारा भ्कैं पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो । महिलाले भोग्नु परेको अधिनता भिन्न भिन्न परिवेशमा कति समान छन् र कति असमान छन् यसको अध्ययन गरिनु पर्दछ । महिलाहरु आफै दमित हुँदा हुँदै पनि अर्कातिर महिलाले मात्र महिलाको दमन गर्दछन् यो वर्गीय सोंच हो जस्तै अमेरिकी समाजमा कालाजातिका महिलाहरुलाई दमन गर्ने कार्यमा सेता जातिका महिलाहरु सक्रिय रुपले सहभागी भएका छन् । (Haralambos, 1996)

महिलाहरुको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका आर्थिक, सामाजिक विभिन्न पक्षहरुमा सुधारहरु भएपनि यी तत्वहरुको असमानताले गर्दा समग्र विभिन्न क्षेत्रको विकास हुन सकेको छैन । महिलाहरुलाई कृषिका अतिरिक्त अन्य क्षेत्रमा समावेश गराउने प्रयास नगरेर कृषिमा मात्र समावेश गरिएको छ । जसले महिलाहरुको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । महिला स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था मात्र प्रयाप्त हुँदैन भन्ने कुरा स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाको अनुभवबाट सिद्ध भएको छ । महिलाहरु कृषि उत्पादनमा ६० प्रतिशत योगदान दिएतापनि उनीहरुको स्वामित्वमा जम्मा ६ प्रतिशत मात्र भू-भाग रहेको छ । (CBS, 2058)

मुलुकको विषम सामाजिक परिवेशमा जातपात, छुवाछुत, एवं भेदभाव जस्ता अमानवीय तथा अव्यवहारिक परिणतिको विरुद्धमा प्रगतिशित प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितले सशस्त रुपमा कलम चलाउँदै आइरहेका छन् । यसरी जातीय मुक्तिको सवालमा विद्धान, लेखक द्धेयहरुबाट समय सापेक्ष ढंगले कलम चलाइनु दलित समुदायकोलागि अवश्य

पनि महत्वपूर्ण र उपलब्धिमूलक कार्य हो । समाजमा विश्रृंखलापूर्ण अवस्थामा रहेको सामाजिक परिपाटीको मुख्य जड भनेको नै हिन्दु धर्मको सिद्धान्त र दर्शनलाई औल्याएका छन् । विद्धान प्रश्रितले भन्दछन् झण्डै तीन हजार वर्ष देखि भारतीय उपमहाद्धिपको मानव समाज जातपातको भेदभाव र असमानताबाट अत्यन्त पिडित छ झण्डै ढाई हजार वर्ष देखि यस समाजले छुवाछुत प्रथा जस्तो घृणित कलमको टिका पनि आफ्नो निधारमा लगाउदै आएको छ । समाजमा विषझै झाङ्गिएका यी अभिशापहरुले मानव जातिको एउटा ठूलो हिंसालाई यति सार्है अत्याचार र उत्पीडनमा पारेका छन् । जसलाई हजारौं महाकाव्य र उपन्यास लेखेर पनि पुरा अभिव्यक्त गर्न सकिने छैन । (प्रश्रित, २०५३)

दलित वर्गको उद्धारको निम्ति अधुरो ठानिएको कथित सात साले प्रजातन्त्र आएको पनि आधि शताब्दी भयो तर यसले आज सम्म ती निरपेक्ष गरिबीको रेखा मुनी रहेका उत्पीडित जनतालाई मानव उचित आत्मसम्मान र न्यूनतम जीविका उपार्जनको अवसर पनि उपलब्ध गराउन सकेन यस प्रजातन्त्रले त लिच्छवीकालिन राज्य सत्तावृत्तमा ऐजेरु(परजीवि विरुवा) ले झै जरा धसाई राज्य सुख तथा ऐश्वर्य शोषण गर्दै आइरहेको त्यही ब्राम्ह्ण वर्गमाथि थोपरिदिएको तथ्य स्पष्टै रहेको छ । सुविख्यात मानवशास्त्री डोर बहादुर विष्टको धारणामा-‘प्रजातन्त्रको सबै भन्दा महत्वपूर्ण पक्ष कुनै पनि अवसर र अधिकारमा समानता नै हो ।’ ‘किंन्तु नेपालमा हाल यस्ता सबै जसो अवसरहरु तिनै शिक्षित हिन्दु उच्च जातका मानिसहरुले कुम्ल्याएका अवस्थामा छन् र तिनीहरुको मनोवृत्ति चेतन तथा अचेतन अवस्थामा ति विशेष सहुलियतहरुको सुरक्षा गर्नु हो । (Bista, 1994, p. 113)

टेक बहादुर विश्वकर्माले नेपालको जाति भेद र विश्वकर्मा इतिहास नामक पुस्तक लेखि ऐतिहासिक पृष्ठभूमिको आधारमा कामी जातिको अवस्था बारे यथार्थ चित्रण गरेका छन् । उनले इतिहासको पूर्वाधमा यी जाति एक अत्यन्तै मेहनत कलाकर्मी र श्रमजीवी वर्ग भएको जसलाई अति स्वार्थी प्रवृत्तिका चतुर एवं धुर्त ब्राम्ह्णहरुले उनीहरुको श्रम उपर सधैभरी शोषण गरि राख्नको निम्ति बद्नियतपूर्ण मनोवृत्तिले इतिहासलाई गलत दिशामा डोऱ्याए । जसको कारण समाज विकासको इतिहासमा सभ्यता र सृजनशिलताका सुत्रधार यी वर्गहरु आज आएर समाजमै अपहेलित उपेक्षित एवं परिष्कृत बन्न पुगेका छन् । (विश्वकर्मा, २०५३)

महिला (दलित) महिला र पुरुष बीचको भेदभाव परिवार भित्रबाट शुरु हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइदैन र समाजमा प्राप्त हुने मौकाहरु र उपलब्धिहरु माथि माथिल्लो वर्गले एकाधिकार जमाएको हुन्छ । कुनै पनि जातका महिलाको सामाजिक सांस्कृतिक एवं आर्थिक क्रियाकलापहरुमा हुने सहभागिता उनका श्रीमान, बाबु, आमा, पुरुष नातेदारको प्रकृतिमा भर पर्दछ । (राष्ट्रिय मानवअधिकार आयोग, २०६०: ७०)

जातीय व्यवस्थाका विभिन्न पक्षसँग संस्कृतिकरण जोडिएको पाइन्छ । नेपालमा फरक दुई सांस्कृतिक अभ्यास बोकेका तीन समूहका मानिस विभिन्न क्षेत्रबाट आइ बसोबास गरेको पाइन्छ । कर्णाली प्रदेशमा प्रभुत्व जमाएर बसेका ब्राम्ह्ण, क्षेत्रीले आफ्नो शक्तिलाई बिस्तार गर्दै गए । पर्वते तथा गोर्खालीको संज्ञा पाएको यो राज्य शासक संस्कृति, आर्थिक, राजनीतिक प्रशासनिक भाषिक क्षेत्रमा बलियो थियो । (Sharma, 1977)

समाजमा महिलाको भूमिका पूरुषको भन्दा निम्न रहेको हुन्छ । महिलाहरु पुरुषद्धारा दमित छन् । शोषित छन् । एकातिर महिलाहरुलाई देवीको रुपमा पुजिएको पाइन्छ भने अर्कोतिर महिलाको हैसियत दासीको रुपमा पनि रहेको पाइन्छ । (Bennett ,1983)

महिलाहरुले सामाजिक संरचना र सम्बन्धलाई निरन्तरता दिनु पर्दछ । विवाह पश्चात्त घरमा गएपनि दुवैतिर सुमधुर सम्बन्ध कायम गर्नुपर्दछ । तर पुरुषहरु सधैभर जन्म घरमा नै बस्दछन् । आफ्नो वंशलाई निरन्तरता दिन्छन् । महिलालाई शरीर निर्माता र पुरुषलाई दिमाग निर्माताका रुपमा लिनुले पनि महिलामाथि शोषण एवं दमन भएको कुरा झल्किन्छ । (Kathryan,1983)

नेपालका ऐन कानूनहरु हिन्दु धर्मका विभिन्न नियम, मान्यता एवं आदर्शद्धारा निर्देशित छन् । हिन्दु धर्मले महिलालाई भन्दा पुरुषलाई जोडदिएको छ । नेपालका ऐन, कानुनका निर्माता  यही धर्मद्धारा अभिप्रेरित भएकोले उनीहरुले महिला पुरुषलाई समानता हुने गरी कानुन बनाउन सकेका छैनन् । (Bennett,1979)

सांस्कृतिक चलन एवं संस्कारले समाजमा महत्वपूर्ण एवं शक्तिशाली भूमिका खेल्दछ किनकी संस्कारले समाजका मानिसलाई आर्दशताको उद्दीपन मार्गमा सयर गरेको अनुभव गराउँछ । धार्मिक आचरणलाई व्यवहारिक रुप दिन्छ । तथ्यगत कुरालाई नाटकीय स्वरुप प्रदान गर्दै  मानिसलाई एकता समझदारीमा लीन हुन जोडदिन्छ । समाजका मौलिक मान्यताहरुलाई संरचना, पुनः संरचना र तिनीहरुको समयानुकुल पुर्नस्थापना गर्ने कार्य संस्कारले गर्दछ । (Ortner, 1978)

नेपाल एक कृषि प्रधान भएकोले यहाँको मुख्य आयश्रोत कृषि हो । जनसंख्याको आधा हिस्सा ओगटेका नेपाली महिलाहरुले कृषि क्षेत्रका प्रारम्भदेखि समाप्ति सम्मका सम्पूर्ण कार्य गर्दछन् । महिला विना कृषि उत्पादन पूर्ण रुपमा हुन्छ भनेर कल्पना पनि गर्न सकिदैन । ( अधिकारी, कार्की, १९५४)

जनसंख्याको आधा भाग ओगटेको अर्थात आधा आकाश ढाकेको महिला वर्गको विकासकोलागि नेपाल सरकारका साथै विभिन्न गैर सरकारी संस्थाहरु लागि परिरहदा पनि यो राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रही आएको छ । २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत महिला रहेको भएतापनि यिनिहरु सामाजिक, आर्थिक, राजनैतिक दृष्टिकोणले पछाडि परिरहेको छन् । नेपाली महिलाहरु घर देखि बाहिर जस्तो शिक्षा, स्वास्थ्य, जागिर जस्ता क्षेत्रमा कम पहँच र कम सूचना र सेवाहरु प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रुपमा महिला र पुरुषमा विभेद देखिएको पाइन्छ । ( अर्न्तराष्ट्रिय श्रमसंगठन, १९८२)

राजनैतिक परिवर्तनको साथ साथै सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तन र यस भित्रका सम्पूर्ण कु-संस्कार र कु-प्रवृत्तिहरु हटाएर हामी सबैले एकजुट भएर अगाडी बढ्ने बेला आएको छ । यसको लागि सामाजिक आन्दोलन आवश्यक छदैछ । जब सम्म हामी

बौद्धिक वर्गले आफ्नो व्यवहार सच्चाउँदैनौ तबसम्म यी सामाजिक कुरीतिहरु समाजमा रहिरहने छन् । (दाहाल, २०६३)

राणाशासन कालको १०४ वर्षको अवधिमा आदिवासीहरुको अस्तित्वलाई कानुनी रुपमा स्वीकार गरिएन । राणाशासनका प्रवर्तक जंग बहादुर राणाले सन् १८५४ को पुरानो मुलुकी ऐनमा सबै तिब्बती बर्मेली भाषा बोल्ने मंगोलियन समूहरुको मतवाली तहमा राखी हिन्दु जातीय क्षेत्रीमा तागाधारी पछि दोस्रो तहमा राखे र मतवालीहरुलाई मासिने र नमासिने दुई थरीमा विभाजन  गरे । ( भट्टचन, १९९३)

जातपात र छुवाछुतको संस्कार संविधान र ऐन कानुन बनाएर हटाउने उल्लेख गर्दैमा तुरुन्तै हट्नसक्ने कुरा हैन । यो एउटा गम्भीर मानसिक, मनोवैज्ञानिक र सांस्कृतिक समस्या हो । आदेश, अध्यादेश, बल र बन्दुकले यसलाई तुरुन्तै निमिट्यान्न पार्न सकिन्न । (प्रश्रित, २०६३)

महिलाहरुले सन्तान उत्पादन  गर्ने समय र आर्थिक आर्जनकोलागि कार्यमा अग्रसर हुने समय एकै समयमा पर्न गएकोले सन्तान उत्पादन कार्यले महिलाको आर्थिक विकासमा केही असर त जरुर पर्छ नै । जबसम्म महिलाहरुले पनि आर्थिक उपार्जनकोलागि कार्य गर्न सक्दैनन् । उनको विकास हुन नसक्नु स्वभाविकै छ । महिलाले धेरै आर्थिक उपार्जन गर्न नसक्नुको प्रमुख कारण अशिक्षा, गरिबी, गतिहिनता, बढी घरायसी कार्यभार , बढी सन्तान जन्माउने प्रवृत्ति आदि हुन । (मानन्धर, २०६५)

महिलाहरु अन्ध विश्वासी हुन्छन् होइन महिलाहरुलाई अन्धविश्वासी बनाइएको छ । महिलाहरु जसो जसो बाहुन बाजे उसै उसै स्वाहा गर्नु परेको छ । पुर्ख्यौली परम्परा र संस्कार धान्ने नामा बटालो भेडाले जे गर्छ पछिका बथानले पनि त्यही सिको गरे जस्तै बाबु-आमा, सासु-ससुरा र छिमेकीले जे सिकाउँछन, छोरी बुहारीले पनि त्यही सिक्दै आएका छन् । समाजमा जे जति विभेद विकृति र विसंती, कु-प्रथा र कु-संस्कार व्याप्त छ । त्यसलाई नै अन्धो भई आफ्नो धर्म बनाउदै आएका छन् । (थापा, २०६३)

मानिसको उत्पत्तिबाट नै जाति जाति बिच भेदभावको भावना भएको पाइदैन । त्यस बेलाको समाजमा मानिसहरुले आफ्नो गुण र योग्यताका आधारमा विभिन्न पेशागत कार्यहरु गर्दै आएका भएता पनि नत वर्ण व्यवस्था थियो नत कुनै जातिका कारणले मानिस मानिसका बीचमा उचनिचको व्यवस्था नै थियो । ऋग्वेदको पुरुषसूक्तमा भएको वर्णको उत्पत्ति बारेको विवरण भने निकै चर्चित र सांकेतिक छ । पुरुषसूक्त अनुसार एउटै 'विश्वरुप' का अवनयबाट चारै वर्णहरुको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वपप्रथम ब्राम्ह्णको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाँघ बाट वैश्य र खुट्टाहरुबाट शुद्र जन्मे । (खत्री, २०४४)

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौ नियम चलाए । जस्तै : पहिरनको विषयमा कसाई जातले वाहाँकाटेको लुगा लगाउन, पोडे जातले टोपी, लवेदा,जुत्ता सुनको गहना नलगाउन, कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउनु, यस्ता घरमा नबस्नु, फेरी आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए । (बुढाथोकी, २०३९)

नेपालका दलित महिला तिन प्रकारबाट विभेदीत छन् । पहिलो दलित भएका कारणले, त्यसपछि दलित महिला भएका कारणले, अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछुतको व्यवहारबाट पिडित छन् । त्यसरी नै दलित महिलाहरु पनि स्वत : पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तात्मक भएका कारणले उनीहरु पिडित छन् । जसरी मुल धारका महिला अन्य आर्थिक,सामाजिक र राजनैतिक हिसाबले पिडित छन् । त्यसैगरी दलित महिला झन हुने भए । यसरी नेपालका दलित महिलाले तिन तिर बाट उत्पीडन खप्नु पर्दा उनीहरुको स्थिति के होला जो कोहीले अनुमान लगाउन सक्छ । दलित पुरुष दलित भएकै कारणले पिडित हुनु परेको छ भने दलित महिला लैङ्गिक कारणले झन पीडित हुनु परेको छ । यी तिन प्रकारका वृहत उत्पीडन बाटै उब्जिएका धेरै समस्याहरु नेपाली दलित महिलाले भोग्नु परेको छ र त्यसलाई सामाजिक, आर्थिक र राजनीतिक समस्याहरुको सेरोफेरो मै हेर्नु पर्ने हुन्छ । (विश्वकर्मा)

**महिला अधिकार सम्बन्धि दृष्टिकोण :**

१) मार्क्सवादी दृष्टिकोण : यस दृष्टिकोणले मार्क्सवाद र उदार महिलावादलाई संयोजन गरेर हेर्दछ । जस अनुसार मार्क्सवादले वर्ग विश्लेषणको कुरा गर्दछ र उदार महिलावादबाट लैङ्गिक दमन र शोषणलाई लिन्छ ।


२) परनिर्भरताको दृष्टिकोण : यस दृष्टिकोणले नव मार्क्सवादी विचारधारालाई प्रत्याभूत गरेको छ । महिलाको स्थितिलाई पनि यहि दृष्टिकोणले हेर्दा हिन्दु समाजको सामाजिक, सांस्कृतिक मान्यताले नै महिलाहरुलाई पुरुषको परनिर्भरको पक्षको रुपमा व्याख्या गर्न सकिन्छ ।

३) संरचनात्मक दृष्टिकोण : समाजशास्त्री Emile Durkheim द्वारा अध्ययन पद्धतिको रुपमा विकसित गराइएको यस दृष्टिकोणलाई Malinowaski तथा अमेरिकी समाजशास्त्री Talcott Parsons सम्मका व्यक्तिहरुले अपनाएको देखिन्छ । यस दृष्टिकोणले महिला, पुरुष तथा महिला महिला बिचका हरेक तहहरुले समाजमा एकरुपता स्थापित गर्न भूमिका खेलिरहेका हुन्छन् । यस दृष्टिकोणले समाजमा कुनै पनि एकाईलाई विरोधी एकाईको रुपमा नभई प्रकार्यात्मक एकाईको रुपमा हेरिनुपर्दछ । त्यसबाट नै सामाजिक प्रणाली तयार भएको हुन्छ भन्ने मान्यता राख्दछ ।

४) महिलावादी दृष्टिकोण : यस दृष्टिकोणले महिलाको स्थितिलाई हेर्दा महिलाहरुको शक्ति र समाजमा उनीहरुको विद्यमान अवस्थामा क्रमिक सुधार भैरहेको र अझ सुधार हुदै जानु पर्ने आवश्यकता देखिन्छ । विभिन्न सामाजिक दमन चक्रबाट अधिकांश महिलाहरु पिडित भएका छन् । यस्ता दमन र महिला उपर हुने सबै खाले कुचक्रका अवशेषहरुलाई निरुत्साहित पार्न सकेमा मात्र विद्यमान नेपाली महिलाहरुको स्थितिमा सुधार हुन सक्छ भन्ने कुराको वकालत यस दृष्टिकोणबाट गर्न खोजीएको छ । यस अवधारणाले महिलाको स्थितिलाई पुरुष दमन स्थितिको रुपमा हेर्ने गरेको पाइन्छ ।

## अध्ययनको अवधारणागत खाका

यस अध्ययनमा अध्ययन क्षेत्रका दलित महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक पक्षहरुमा छुवाछुत सम्बन्धि खाका तल प्रस्तुत गरिएको छ ।




यस नयाँगाउँ गा.वि.स.का दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक पक्षहरुमा त्यस समाजभित्र रहेका प्रचलित छुवाछुतको भावना वा प्रचलनले गर्दा उनीहरुको आर्थिक, सामाजिक एवं राजनैतिक पक्षमा असर पारेको छ । जसको परिणाम स्वरुप त्यहाँका महिलाहरुको सामुदायिक क्रियाकलापमा कम सहभागिता, निर्णय प्रक्रियामा कम सहभागिता, आर्थिक अभाव, रोजगारीमा कम पहुँच, सास्कृतिक सहभागितामा बन्देज भएको पाइन्छ । जसले गर्दा ती महिलाहरुको अवस्था अन्य महिलाको भन्दा निम्न अवस्थाको देखिन्छ ।

# अध्याय - तीन

## अनुसन्धान पद्धति

यस अध्यायमा नयाँगाउँ गा.वि.स.का दलित महिलाहरुको सामाजिक एवं आर्थिक अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नकालागि प्रयोग गरिने अनुसन्धानका विधिहरुका बारेमा वर्णन गरिएको छ । यस अध्ययनकालागि निम्न अनुसन्धानका विधिहरुका माध्यमबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

महिलाको सामाजिक र आर्थिक अवस्थामा छुवाछुतले पारेको प्रभावको अध्ययन गर्नकालागि वर्णनात्मक पद्धति अपनाइएको छ । जस अनुसार स्थलगत अध्ययनमा पाएका सूचनाहरुलाई, बुढापाकाका भनाईलाई विस्तृत रुपमा वर्णन गरिएको छ । कुनै पनि स्थान विशेषको निश्चित पक्षको अध्ययनकालागि निश्चित पद्धति अपनाउनु पर्ने हुन्छ त्यसैले सो सम्बन्धित क्षेत्रका महिलाहरुको बारेमा यो भन्दा अगाडी अध्ययन नगरिएकाले यो अध्ययन समग्र आर्थिक, सामाजिक क्षेत्रका साथै शिक्षा, स्वास्थ्य, पेशा, परिवार, विवाह, भू-भाग लगायतका विविध पक्षहरुलाई समेट्न पर्ने भएकाले अनुसन्धानका पद्धतिलाई अंगिकार गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनको क्षेत्र अर्न्तगत लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, नयाँगाउँ गा.वि.स.को वडा नं. १ लाई लिइएको छ । यस वडामा ब्राम्हण, क्षेत्री र कामी जाति बसोबास गर्दछन् । यस अध्ययनमा कामी जातिलाई मात्र समावेश गरिएको छ । यस वडामा रहेका ५० प्रतिशत भन्दा बढी दलित महिलाहरुको आर्थिक तथा सामाजिक अवस्था के कस्तो छ त्यो कुरा जान्ने उत्सुकता हुनाका साथै ती दलित महिलाहरुको दैनिक जीवन के कसरी गुज्रीरहेको छ र तिनीहरुका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ । त्यसकोलागि यो क्षेत्रको छनौट गरिएको हो । यस गा.वि.स.लाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारण निम्नानुसार छन् ।

क) शोधकर्ता यस गा.वि.स.मा स्थायी बसोबास गर्ने हुनाले प्रत्यक्ष अवलोकन विधिद्धारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले ।

ख) यस वडाका दलित महिलाको बारेमा यस भन्दा अगाडी कसैले पनि अध्ययन नगरेकोले।

ग) कामी जाति अन्य जातिको तुलनामा पिछडिएको कारणले गर्दा ।

### ३.३ गणना विधि

अध्ययनकालागी नयाँगाउँ गा.वि.स अन्तरगत बसोबास गर्दै आएका कामी जातिलाई लिइएको छ । यस गा.वि.स.को वडा नं. १ लाई अध्ययन क्षेत्र बनाइएको छ । यस वडामा कामी जातिको घर धुरी ५२ रहेको छ र जम्मा यो जातिको जनसंख्या २४८ देखिन्छ । जसमा

महिलाको संख्या ७५, पूरुषको संख्या ९०, छोराछोरीको संख्या ८३ रहेको थियो । अध्ययन क्षेत्रका ५२ घरधुरी मध्ये प्रत्येक घरधुरीबाट १ जना महिलालाई लिइएको छ । जसमा १५ देखि ६० वर्ष उमेर भित्रका महिलाहरु परेका छन् । जनसंख्या सिमित देखिएकोले सम्पूर्ण कामी जातिको घरधुरी तथा जनसंख्यालाई जनगणना विधिको आधारमा अध्ययन गरिएको छ । कामी जातिको सम्पूर्ण जनसंख्यालाई नमुना छनौट गरिने हुनाले यो बढी विश्वसनीय तथा सत्य हुनाको साथै सरल र वैज्ञानिक भएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै खाले स्रोतहरुबाट तथ्याङ्क तथा सूचनाहरु लिइएको छ ।

### ३.४.१. प्राथमिक तथ्याङ्क संकलन

यस अध्ययनकालागी चाहिने विविध प्राथमिक तथ्याङ्कहरु जस्तै- प्रश्नावली, अन्तरवार्ता, सहभागी अवलोकन, स्थलगत अवलोकन, बुढापाकाहरुसँग छलफल आदिबाट सहायता लिइएको छ । साथै कामी जातिको सामाजिक तथा आर्थिक स्थितिको अध्ययन गर्दा प्राथमिक तथ्याङ्कलाई प्रमुख स्थान दिइएको छ ।

### ३.४.२. द्धितिय स्रोतबाट तथ्याङ्क संकलन

यस गा.वि.स.को कामी समुदायको सामाजिक र आर्थिक स्थितिको अध्ययन गर्दा आवश्यकता अनुसार द्धितिय स्रोतहरुबाट संकलन गरिने तथ्याङ्कहरुलाई पनि उचित स्थान दिइएको छ । जस्तो :- गा.वि.स., जि.वि.स., वडाहरुका साथै विविध पत्रपत्रिका, पुस्तक, प्रतिवेदन अभिलेख, विभिन्न समाचार, विद्धानहरुका लेख रचना, मानवशास्त्र तथा समाजशास्त्रका विद्धानहरुबाट लेखिएको सम्बन्धीत पुस्तकहरुका साथै शोधपत्र आदिको अध्ययनबाट पनि द्धितिय तथ्याङ्कहरु तथा सूचनाहरु संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको बढी आवश्यकता पर्दछ । तथ्याङ्क बिना अध्ययन कर्ताले सफलता हात पार्न सक्दैन । तसर्थ अध्ययनको उत्कृष्ट परिणामकोलागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन विधिमा निर्भर गर्दछ । साथै आवश्यकता अनुसार ठिक तथ्याङ्कहरु संकलन गर्नकालागी सही तथ्याङ्क विधिको छनौट अति आवश्यक पर्दछ । तसर्थ यस विषयको अध्ययनकालागी आवश्यकता अनुसार सम्वन्धित क्षेत्रमा बसोबास गरी त्यहाका बासिन्दाहरुसँग आत्मियता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडी बढाउने प्रयास गरिएको छ । यस अध्ययनमा अवलोकन, अन्तरवार्ता, आदि प्रयोगमा ल्याइएको छ ।

### ३.५.१ अवलोकन

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरु व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गई आफ्नै कानले सुनेर, देखेर, महसुस गरेर तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागी अवलोकन भनिन्छ । यसै सहभागी अवलोकन विधिबाट नयाँगाउँ गा.वि.स. मा बसोबास गर्ने कामी समुदायको सामाजिक अवस्था, पोशाक, खानपान तथा चाडपर्व बारेमा तथ्याङ्क संकलन गर्नकोलागि यस विधिलाई प्रयोगमा ल्याइएको छ ।

### ३.५.२ अन्तरवार्ता तालिका

अन्तरवार्ता तालिका विधिबाट तथ्याङ्क संकलन गरिएको छ । यस विधिको प्रयोग मुख्य गरेर जनसंख्याको विवरण, शिक्षा, स्वास्थ्य, सामाजिक तथा आर्थिक तथ्यहरु जान्न बुझ्नकालागि प्रयोग गरिएको छ । यसकालागि एउटा अन्तरवार्ता तालिका तयार गरिएको छ र त्यसैको आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ । जसमा कामी महिलाको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने गर्दछ । तसर्थ नयाँगाउँ गा.वि.स.मा बसोबास गर्ने कामी समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक आदि विभिन्न पक्षको अध्ययनकोलागी संकलित तथ्यहरुको प्रकृति अनुसार वर्गीकरण गरि विश्लेषण गरिएको छ । विश्लेषण गर्नु पूर्व उक्त संकलित तथ्यहरुलाई सरल तरिकाले सबैले बुझ्ने गरि तालिकीकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरेर गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले तालिकीकरण गरि स्पष्ट पारिएको छ । आवश्यक अनुसार तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यस शोधको कार्यक्षेत्र गुल्मी जिल्ला, नयाँगाउँ गा.वि.स. वडा नं. १ को कामी समुदायलाई मात्र बनाई सिमित क्षेत्रमा खोज गरि कामी महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययने भएकाले यसले समग्र देश भरिकै दलित महिलाहरुको प्रतिनिधित्व नगर्न सक्छ ।

फरक भौगोलिक एवं वाह्य सामाजिक, आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्कने निस्कर्षहरुले पहाडी क्षेत्रमा बसोबास गरेका कामी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक पक्षको मात्रै अध्ययन गरिएकोले देश भरिका दलित (कामी) महिलासँग ठ्याक्कै मेल नखाएपनि केही कामी महिलाहरुसँग भने यस अध्ययनबाट प्राप्त तथ्यहरुले सिमित रुपमा भएपनि सहयोग पुऱ्याउने छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको भौगोलिक परिचय

### ४.१ गुल्मी जिल्ला

गुल्मी जिल्ला २७५५' उत्तर देखि २८२७' उत्तरी अक्षांश र ८३१०' पूर्वदेखी ८३३५' पूर्वी देशान्तरको बीचमा रहेको छ । गुल्मी जिल्ला रुरु, रेसुङ्गा र ऋङ्गा जस्ता तपोभूमिले सु-सज्जित छ । बडीगाड वा रुद्रावती नदी र काली गण्डकी परिचित यो जिल्ला बुद्धको जन्मस्थल लुम्बिनीबाट उत्तरमा पर्दछ । वि.सं. २००९ सालमा पााल्पा र बाग्लुङको प्रशासनबाट छुट्याएर एउटा छुट्टै जिल्लाको रुप दिनु भन्दा पहिले  गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट र धुर्कोट राज्यहरु पर्दथे भने गुल्मी राज्यको मुख्य गौडो पाल्पा थियो । पाल्पाबाटै गुल्मीको प्रशासन थियो । नेपाललाई ७५ विकास जिल्लामा विभाजन  गर्ने क्रममा गुल्मी, ईस्मा, धुर्कोट र मुसिकोट ४ वटा राज्य मिलाएर एउटा विशाल जिल्ला कायम गरिएको हो । जिल्ला सदरमुकाम तम्घासबाट करिब ४ माइलटाढा गुल्मी भन्ने खास ठाउँ र गुल्मी दरबार छ, जुन दरबार शाके सम्बत १७०३ मा बनेको हो । यो जिल्ला विविध भौगोलिक संरचना एवं प्राकृतिक संरचनाले सिंगारिएको यो विकट पहाडी जिल्ला हो ।

यो जिल्लाको पूर्वी सिमानामा स्याङ्जा र पाल्पा, पश्चिममा प्यूठान, उत्तरमा वाग्लुङ र पर्वत र दक्षिणमा अर्घाखाँचीको बिचमा अवस्थित यो जिल्ला दर्जनौ लेक बेसी, कैयौ नदी र दर्जनौ खोला नाला तथा अनेक झरनाहरुले सु-सुज्जित छ ।

यस जिल्लाको कुल क्षेत्रफल १,२४,५०० हेक्टर(१,२४५) वर्ग कि.मी. रहेको छ । गुल्मी जिल्लाको पूर्व पश्चिम लम्बाई ४० कि.मी. र उत्तर दक्षिण ३० कि.मी. रहेको छ । ( सुवेदी, २५३, पृ.१८)

गुल्मी जिल्लाको नामाकरण कसरी भयो भन्ने सम्बन्धमा मतक्यैता छैन । जिल्ला विभाजन गर्ने क्रममा इस्मा, धुर्कोट, मुसिकोट र गुल्मी गरी चार थुममा विभाजित यी ठाउँ मध्येको सबैभन्दा ठूलो थुम गुल्मी  भएको हुनाले यस जिल्लाको नाम गुल्मी भएको हो । ( सूचना विभाग , २०३१, पृ. ७१५)

अर्घा, खाँची, गुल्मी, मुसीकोट, धुर्कोट, इस्मा यी ६ थुममा बेग्ला बेग्लै राजाहरु थिए । आ-आफ्ना थुमको रक्षाको निमित्त राखिएको फौजलाई गुल्म भनिन्थ्यो । यी थुमका भुरे राजाहरुलाई गुल्म पति भन्ने चलन थियो अत : गुल्म पतिहरुले राज्य गरेको हुँदा यी ६ थुमको नामले गुल्मी भएको हो । (सुवेदी, २०५५, पृ. १३-१४)

गुल्मी जिल्लाको कूल जनसंख्या २,९७,३१६ रहेको छ । यस मध्ये पुरुष १,३४,५८३ र महिला १,६२,७३३ रहेका छन् । यस जिल्लामा कूल परिवार संख्या ५९,५९० रहेको छ ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको छ । यस जिल्लाको सबभन्दा अग्लो थाप्लेको लेक २६९० मिटरको छ । यहा मुख्य बालीमा  कोदो, धान, गहुँ, फापर हुन्छ भने फलफूलमा सुन्तला, आँप, कटहर, नासपाती, मेवा, केरा, आरुबखडा, अम्बा, जिमीर, भोगटे,

अमिलो, मौसम, कागती आदि प्रमुख हुन । यस जिल्लामा मालिकाको लेक, वामी दहको लेक, मरभुङ्गको लेक, मदानेको लेक, रेसुङ्गा, अर्जुन, थाप्लेको लेक पर्दछन् । यहाँ वेसीहरुमा चौरासी, मजुवा, दुगुर्दे, आँपचौर, वेलटारी, खैरनी फाँट, वामी टक्सारको फाँट पर्दछन् ।

यस जिल्लामा नदीनालामा बडीघाट नदी, काली गण्डकी नदी, हुग्दी, निस्ती, छल्दी, पनाहा, दरम, पालुन, रोदी, रिडी खोला जस्ता नदी र खोलाहरु यस जिल्लामा पर्दछन् ।

## ४.२ नयाँगाउँ गाउँ विकास समिति

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट नयाँगाउँ गा.वि.स. लगभग ३५ कि.मि. पश्चिममा रहेको छ । यस गा.वि.स.को पूर्वमा अर्खले गा.वि.स., उत्तरमा जैसिथोक र हस्तिचौर गा.वि.स. रहेको छ । जसलाई पनाहा खोलाले छुट्याएको छ । पश्चिममा पिपलधारा गा.वि.स., दक्षिणमा अर्घाखाँची जिल्ला रहेको छ । यस गा.वि.स.को उत्तरबाट दक्षिण तिर क्रमश : भू बनावटको उचाई बढ्दै गएको छ ।

**तालिका नं. ४.१**

**नयाँगाउँ गा.वि.स. जनसंख्या**

| क्र.स. | | संख्या | प्रतिशत |
|---|---|---|---|
| २ | महिला | २६१९ | ५५.८१ |
| ३ | पुरुष | २०७३ | ४४.१९ |
| | जम्मा | ४६९२ | १०० |

स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१

तलिका नं. ४.१ अनुसार नयाँगाउँ गा.वि.स.को पुरुषको संख्या २०७३ देखिन्छ जुन जम्मा जनसंख्याको ४४.१८ प्रतिशत हुन आउँछ । महिलाको संख्या २६१९ देखिन्छ भने जम्मा जनसंख्याको ५५.८१ प्रतिशत हुन आउँछ ।

**तालिका नं. ४.२**

**कृषि कार्यमा संलग्न नयाँगाउँ गा.वि.स घरधुरी संख्या**

| क्रियाकलाप | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| कृषि जग्गा मात्र | ४७ | ५.५१ |
| कृषि जग्गा र पशुपालन | २४५ | २३.५५ |
| कृषि जग्गा र कुखुरा पालन | ८ | ०.७६ |
| कृषि जग्गा र पशु पंक्षी पालन | ६५४ | ६२.८८ |
| पशुपालन | ४ | ०.३८ |
| पशुपंक्षी | २ | ०.१९ |
| केही नभएका | १८ | १.७३ |
| भूमिहिन | २४ | २.३० |
| गैह्र कृषि आर्थिक क्रियाकलाप | ३८ | ३.६५ |
| जम्मा | १०३९ | १०० |

स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१

तालिका ४.२ अनुसार नयाँगाउँ गा.वि.स. को विभिन्न कृषि क्रियाकलापमा संलग्नता विवरण देखाइएको छ । जसमा कृषि जग्गामा मात्र कार्य गर्ने ४७ घर धुरी देखाइएको छ जुन कुल घर धुरी संख्याको ५.५१ प्रतिशत हुन आउछ । त्यस्तै गरी कृषि जग्गा र पशुपालन गर्ने घर धुरी संख्या २४५ देखिन्छ भने यो कुल घर धुरी संख्याको २३.५५ प्रतिशत हुन आउछ । कृषि जग्गा र कुखुरा पालन ८ घरधुरीले गरेको देखिन्छ जुन कुल घरधुरी संख्याको ०.७६ प्रतिशत हुन आउछ । कृषि जग्गा र पशुपंक्षीपालन गर्ने घरधुरी ६५४ देखिन्छ जुन कुल घरधुरी संख्याको ६२.८८ प्रतिशत हुन आउछ । पशु पालन मात्र गर्ने घरधुरी ४ देखिन्छ जुन ०.३८ प्रतिशत हुन आउछ । पशुपंक्षी मात्र पालन गर्ने घरधुरी संख्या २ देखिन्छ, जुन कुल घरधुरी संख्याको ०.१९ प्रतिशत हुन आउछ । केही नभएका घरधुरी संख्या १८ देखिन्छ, जुन कुल घरधुरी संख्याको १.७३ प्रतिशत हुन आउछ । भूमिहीन घरधुरी संख्या २४ देखिन्छ, जुन कूल घरसंख्याको २.३० प्रतिशत देखिन्छ । गैह्र कृषि आर्थिक क्रियाकलाप गर्ने घरधुरी संख्या ३८ देखिन्छ, जुन कुल घरधुरी संख्याको ३.६५ प्रतिशत हुन आउछ ।

**तालिका नं. ४.३**

**नयाँगाउँ गा.वि.स.को साक्षरता स्थिति**

| क्र.स. | महिला/पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरुष संख्या | १६४८ | ५०.४७ |
| २. | महिला संख्या | १६१७ | ४९.५२ |
| ३. | जम्मा | ३२६५ | |
| ४. | पुरुष साक्षरता | १३३९ | ४१.०१ |
| ५. | महिला साक्षरता | ८०७ | २४.९१ |

स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१

तलिका नं. ४.३ अनुसार नयाँगाउँ गा.वि.स.मा जम्मा महिला पुरुषको जनसंख्या ३२६५ देखियो भने पुरुषको मात्र जनसंख्या १६४८ देखियो, जुन कुल जनसंख्याको ५०.४७ प्रतिशत हुन आउछ । त्यस्तै महिलाको संख्या १६१७ देखियो जुन कुल जनसंख्याको ४९.५२ हुन आउछ । पुरुष साक्षरताको संख्या १३३९ देखियो जुन कुल जनसंख्याको ४१.०१ प्रतिशत हुन आउछ । महिला साक्षरताको संख्या ८०७ देखियो, जुन कुल जनसंख्याको २४.९१ हुन आउछ ।

## ४.३. अध्ययन क्षेत्र नयाँगाउँ गाउ विकास समितिको वडा नं. १

### ४.३.१. जनसंख्या

यस गा.वि.स अर्न्तगत वडा नं. १ अरौंदी, माझाचौर, राहाले गाउँ पर्दछन् । जस मध्ये अध्ययनकोलागि छनौट गरिएको राहाले गाउँ हो । यस वडाको जनसंख्यालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**नयाँगाउँ गा.वि.स.को वडा नं. १ का कामी जातिको जनसंख्या**

| क्र.सं. | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ८० | ४७.०५ |
| पुरुष | ९० | ५२.९४ |
| जम्मा | १७० | १०० |

स्रोत : गा.**वि**.स.सर्वेक्षण, २०५८

तालिका नं. ४.४ अनुसार २०५८ सालमा गा.वि.स. ले गरेको सर्वेक्षण अनुसार वडा नं. १ मा कामीको कुल जनसंख्या १७० देखियो भने कामी महिलाको ८०, जुन कुल जनसंख्याको ४७.०५ प्रतिशत हुन आउछ । पुरुषको जनसंख्या ९०, जुन कुल जनसंख्याको ५२.०४ प्रतिशत हुन आएको छ ।

**तालिका नं. ४.५**

**नयाँगाउँ गा.वि.स.को जनसंख्या स्थिति**

| क्र.सं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बाहुन | ६६६ | १५.१९ |
| २. | क्षेत्री | १४२१ | ३०.२८ |
| ३. | मगर | ८४२ | १७.९४ |
| ४ | दलित | ८५२ | १८.१५ |
| ५. | नेवार | १६ | ०.३४ |
| ६. | सन्यासी | २०५ | ४.३६ |
| ७. | ठकुरी | २१९ | ४.६६ |
| ८. | घर्ती, भुजेल | ९२ | १.९६ |
| ९. | गुरुङ | २३१ | ४.९२ |
| १०. | अन्य | १४८ | ३.१५ |
| जम्मा | | ४६९२ | १०० |

स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१

तलिका नं. ४.५ अनुसार नयाँगाउँ गा.वि.स.को व्राम्हणहरुको संख्या ६६६ देखिन्छ, जुन नयाँगाउँ गा.वि.स.को कुल जनसंख्याको १५.१९प्रतिशत हुन आउछ । क्षेत्रीहरुको संख्या १४२१ देखिन्छ, जुन कुल जनसंख्याको ३०.२८ प्रतिशत हुन आउछ । त्यस्तै गरी मगरको संख्या ८४२ देखिन्छ, जुन कुल जनसंख्याको १७.९४ प्रतिशत हुन आउँछ । दलितको जनसंख्या ८५२ देखिन्छ, जुन कुल जनसंख्याको १८.१५ प्रतिशत हुन आउछ । यहा दलित

भन्नाले कामी, दमाई, सार्की, गाइने, वादी, लोहार, सुनार नखुलेका दलितहरु पर्दछन् । नेवारहरुको जनसंख्या १६ देखिन्छ, जुन कुल जनसंख्याको ०.३४ प्रतिशत देखिन्छ । सन्यासीको जनसंख्या २०५ देखिन्छ, जुन कुल जनसंख्याको ४.३६ प्रतिशत देखिन्छ । ठकुरीको जनसंख्या २१९ देखिन्छ, जुन कुल जनसंख्याको ४.६६ प्रतिशत हुन आउछ । घर्ती, भुजेलको जनसंख्या ९२ प्रतिशत छ, जुन कुल जनसंख्याको १.९६ प्रतिशत हुन आउछ । गुरुङको जनसंख्या २३१ देखिन्छ, जुन कुल जनसंख्या ४.९२ हुन्छ । अन्यको जनसंख्या १४८ देखिन्छ, जुन कुल जनसंख्याको ३.१५ प्रतिशत देखिन्छ । अन्य अर्न्तगत सुनुवार, छन्त्याल, मारवाडी, भोटे, थकाली, तेली, कुमाल, थारु, दनुवार, सेर्पा, कोइरी, यादव, राई, कलवार, तामाङ, हजाम, वानिया, कायस्थ, पहरी आदि पर्दछ ।

## अध्याय पाँच

## ५.१ अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्था

सामाजिक धर्म, जाति, लिङ्ग, वर्ण, पद, पेशा आदिको आधारमा भेदभाव गर्ने प्रचलन अझै हटिसकेको छैन । उही रातो रगत, एउटै पुर्खाबाट विकसित हुदै आएको मनुष्यले समाजमा अझै पनि एकातिर मत्स्य न्यायलाई अँगाली रहेको छ भने, अर्कोतिर जसको लाठी उसको भैसी भन्ने भावनालाई प्रदर्शित गरेको छ । समाजमा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई शोषण गरिरहेका छन् दिन प्रतिदिन बढ्दै गएको असमानताको शिकार कामी जाति पनि भएका छन् । शिक्षा चेतनाको अभावले लामो समयदेखि थिचिएका, पिल्सिएका कामी महिलामा कैयौं कुरिति, सामाजिक विसङगतिहरु अझै सम्म पनि  देख्न सकिन्छ । यो जातका सदस्यहरु समाजका माथिल्लो जातिका सदस्यहरुसँग राम्रोसँग बोल्न पनि डराउछन् । यसरी एकातिर रुढीवादी संस्कृतिबाट कामी महिला दबाइएका छन् भने विकासको फललाई आफ्नो हक, हित र भलाईमा प्रयोग गर्न सकिरहेका छैनन्। बिरामी हुँदा अझै पनि केही परिवार धामी झाक्रीको नै विश्वास गर्दछन् ।

### ५.१.२ वैवाहिक स्थिति

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । जसले महिलालाई जन्म पश्चात एक छोरीको रुपमा मात्र नरही पत्नी, बुहारी, आमाको रुपमा परिणत गर्दछ । विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरुलाई कर्तव्य र कामको भार बढाउँछ । यस अध्ययनमा धेरैजसो महिलाहरु विवाहित रहेका छन् । वैवाहिक स्थितिको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१**

**अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति**

| क्र.सं. | वैवाहिक स्थिति | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विवाहित | २५ | ४८.०७ |
| २. | अविवाहित | १० | १९.२३ |
| ३. | विधवा | १० | १९.२३ |
| ४. | पारपाचुके गरेको | ५ | ९.६१ |
| ५. | एक्लै बसेको | २ | ३.८४ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.१ अनुसार अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति हेर्दा ५२ घरपरिवार मध्ये २५ विवाहित थिए । जुन कुल परिवार संख्याको ४८.०७ प्रतिशत हुन आउछ । ५२ घर परिवार मध्ये १० अविवाहित महिला छन जुन कुल घरसंख्याको १९.२३ प्रतिशत हुन आउछ । अध्ययन गरिएका महिला मध्ये विधवा १० घर परिवारका महिला थिए । जुन

कुल जनसंख्याको १९.२३ प्रतिशत हुन आउछ । यहा पारपाचुके गरेका ५ घर परिवारका महिला थिए जुन कुल जनसंख्याको ९.६१ प्रतिशत हुन आएको छ । एक्लै बसेका महिलाहरु ५२ घरपरिवार मध्ये २ घर परिवार थिए । जुन कुल जनसंख्याको ३.८४ प्रतिशत हुन आएको छ ।

अध्ययनबाट आएको जानकारी अनुसार प्रत्येक घरधुरीका महिलामध्ये १५ वर्ष माथिका महिलाहरु नै थिए । जसमध्ये अध्ययनको क्रममा २५ घरपरिवारमा विवाहित महिला पाइयो भने अविवाहितमा १० घर परिवार मध्ये प्राय गरि १५ देखि २० वर्ष भित्रका नै महिला छन् । यिनिहरुमा आएको आधुनिकिकरण साथसाथै जनचेतनाको कारणले गर्दा छिट्टै विवाह नभएको पाइयो । विवाह छिटो नहुनुको कारण स्कूल तथा उच्च मा.वि.मा पढ्दै गरेकोले गर्दा पनि हो । विधवा १० घरपरिवारमा ४० वर्ष माथिका विधवा ८ जना छन् भने जुन विधवा हुनुको कारण श्रीमानको कालगतिले मृत्यु भएको पाइयो भने ३ जनाको अत्यधिक रक्सी सेवनको कारणले गर्दा मृत्यु भएको पाइयो । बाँकी २ जनाको भारतमा कामको शिलशिलामा गएको र उतै मृत्यु भएको पाइयो । यस समाजमा पारपाचुके गरेको महिलाको संख्या ५ देखे बाट पनि स्पष्ट हुन्छ की आधुनिकता सँगसँगै आएको पारपाचुकेको प्रभाव यस समाजमा पनि पर्न गएको छ । एक्लै बसेको २ मध्ये १ जनामा छोराले विवाह गरेर छुट्टै बसेको र आफू श्रीमानको मृत्यु पछि एक्लै बस्न बाध्य भएको जवाफ आयो । अर्को १ जनाको सन्तान नभएको र श्रीमानले अर्को विवाह गरे पछि आफू एक्लै बस्न बाध्य भएको स्पष्ट भयो ।

**तालिका नं.५.२**

**उमेरगत विवरण**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२० | ८ | १५.३८ |
| २ | २१-२५ | १८ | ३४.६१ |
| ३ | ३१-३५ | १२ | २३.०७ |
| ४ | ४०-४५ | ९ | १७.३० |
| ५ | ४५-६० | ५ | ९.६१ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७

तालिका नं. ५.२ अनुसार अध्ययन क्षेत्रका कामी महिलाहरु मध्ये सबभन्दा कम १५-२० उमेरका महिलाको संख्या ८ रहेको छ । जुन कुल घरधुरी संख्याको १५.३८ प्रतिशत हुन्छ । २१-२५ उमेरका महिलाको संख्या १८ रहेको जुन कुल घरधुरी संख्याको ३४.६१ प्रतिशत हुन्छ । ३१-३५  उमेरका महिलाको संख्या १२ रहेको छ जुन कुल घरधुरी संख्याको २३.०७ प्रतिशत हुन्छ । ४०-४५ उमेरका महिलाको संख्या ९ रहेको छ जुन कुल संख्याको १७.३०

प्रतिशत हुन्छ । ४५-६० उमेरका महिलाको संख्या ५ रहेको छ जुन कुल संख्याको ९.६१ प्रतिशत हुन्छ ।

यस कामी समाजमा १५ देखि ६० वर्षका महिलाहरुबाट आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक पक्षको बारेमा अध्ययन गरिएको छ । १५ वर्ष देखिका महिलाहरुको धारणा देखि ६० वर्ष सम्ममा महिलालाई समावेश गरेर अध्ययन गरिएकोले कामी समाजको यथार्थ विवरण आएको छ ।

### ५.१.३ परिवारको किसिम

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणिको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारीक बनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन भने कतै बृहत परिवार पनि पाइन्छन्, एकल परिवारमा श्रीमान, श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पत्ती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकोले कृषि उन्मुख हाम्रो देशमा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको संख्या पनि बढी रहेको छ । बृहत परिवारमा यति नै पुस्ता र संख्या भनेर किटान गरी भन्न नसकिए पनि लोग्ने र स्वास्नी दुबै पक्षका परिवारका सदस्यहरु संगोलमा रहेको परिवार नै बृहत परिवार हो ।

नेपालमा विभिन्न किसिमका पारिवारिक बनौट भएको देखिन्छ । शहरी क्षेत्रमा आधुनीकिकरणले गर्दा प्राय : एकात्मक परिवारको प्रचलन बढ्दै गइरहेको र संयुक्त परिवारको बनोटमा क्रमैसँग ह्रास आउन थालेको पाइन्छ । पहाड तर्फ क्रमश : अघि बढिरहेको छ । विशेष गरि पश्चिम पहाडी क्षेत्र नै आफ्नो बसोबासको स्थान गराएका कामी जातिमा पनि संयुक्त परिवारको मान्यतामा परिवर्तन आइ एकात्मक परिवार तर्फ उन्मुख भइरहेको देखिन्छ ।

**तालिका नं.५.३**

**अध्ययन क्षेत्रका महिलाको परिवारको अवस्था**

| परिवारको किसिम | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| केन्द्रिय परिवार | २ | ३.८४ |
| संयुक्त परिवार | २० | ३८.४६ |
| एकात्मक परिवार | ३० | ५७.६९ |
| जम्मा | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.३ अनुसार अध्ययन क्षेत्रको ५२ घर परिवार मध्ये २ घर संख्या केन्द्रिय परिवार भएका छन् जुन कुल जनसंख्याको ३.८४ प्रतिशत हुन आउछ । संयुक्त परिवार २० छन् जुन कुल जनसंख्याको ३८.४६ प्रतिशत हुन आउछ । एकात्मक परिवारमा ३० घर परिवार रहेका छन् जुन कुल जनसंख्या ५७.६९ प्रतिशत हुन आउछ ।

स्थलगत अध्ययनबाट र अन्तरवार्ताबाट जानकारी भए अनुसार  माथिल्लो जातिमा आएको परिवर्तनको प्रभाव यस जातिमा पनि परेको देखिन्छ । छोराहरुको बिहेवारी भएपछि र उनीहरुले आय आर्जन गरी १/२ बच्चा बच्ची भएपछि  यस जातिका सदस्यहरुले प्राय : आफ्नो लोग्ने स्वास्नी र छोरा छोरीको मात्र एक परिवार होस् भन्ने चाहेको भेट्टियो । छोराहरुको बिहे भएपछि सासु, बुहारीमा झगडा हुने, नाति नातिनीको स्याहार संहारको काम बढ्ने र छोराहरुले कमाएको ज्याला, जाड, रक्सीमा खर्च गरी झगडा समेत मच्चाई अशान्ति समेत हुने गरेको र गरिबीको कारणबाट पनि ठूलो र संयुक्त परिवारबाट छुट्टिएको भन्ने व्यक्तिहरु पनि भेट्टिए ।

संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारलाई पनि राम्रो बताउने घरमुलीहरु पनि देखिन्छन । संयुक्त र ठूलो परिवार भएमा सामाजिक इज्जत हुनुको साथै अन्य र आफ्ना जातिका अरु सदस्यहरुले पनि हेप्न नसक्ने हुनाले ठूलो परिवार राम्रो हुन्छ भन्ने पनि अध्ययनमा पाइयो । कामी समाजमा छोराछारीलाई भेदभाव गरेको पाइएन ।

**तालिका नं. ५.४**

**कामी समुदायका बच्चाबच्चीको सम्पर्क**

| क्र.सं. | जति | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १. | आफ्नै जातिसँग | ३० | ५७.६९ |
| २. | दुवैसँग | १२ | २३.०७ |
| ३. | माथिल्लो जाति | १० | १९.२३ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.४ अनुसार कामी जातिका बच्चाबच्ची आफ्नै जातिसँग हिड्नेको संख्या ३० घरधुरी पाइयो जुन कुल घरधुरीको ५७.६९ प्रतिशत हुन्छ । दुवैसँग हिड्नेको संख्या १२ पाइयो जुन कुल घरधुरीसंख्याको २३.०७ प्रतिशत हुन्छ । माथिल्लो जातिसँग हिड्नेको संख्या १० पाइयो जुन कु घरधुरीको १९.२३ प्रतिशत हुन्छ ।

कामी जातिका छोराछोरी अरुको जातिको तुलनामा आफ्नै जातिसँग बढी मात्रामा हिड्ने गरेको पाइयो । समाजशास्त्रीय दृष्टिमा हेर्दा जातिय छुवाछुतको कारणले गर्दा पनि माथिल्लो जातिसँग कम मात्रामा हिड्ने गरेको हो । यस समाजमा हिन्दू धर्मको प्रभाव साथै ब्राम्हणवादको प्रभावले गर्दा छोराछोरीहरु आफ्नै जातिसँग हिड्न मनपराएका हुन । यो समाज

ब्राम्हणको नजिक रहेको र ब्राम्हणका छोरा छोरीले पनि दलित जातिसँग हिड्न नखोज्ने हुदा दलितहरु पनि आफ्नै जातिसँग हिड्ने गरेको पाइयो ।

**तालिका नं. ५.५**

**कामी महिलाको घरमा प्राप्त स्थान**

| क्र.सं. | घरमा स्थान | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरी | १० | १९.२३ |
| २. | बुहारी | २५ | ४८.०७ |
| ३. | सासु | १७ | ३२.६९ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.५ अनुसार ५२ घर धुरीमा गरेको अन्तरवार्तामा छोरी १०, बुहारी २५ र सासुको स्थान १७ भएको पाइयो । जुन कुल प्रतिशत मध्ये छोरी १९.२३ प्रतिशत, बुहारी ४८.०७ प्रतिशत, सासु ३२.६९ प्रतिशत हुन्छ ।

यस समाजमा कामी महिलाको अध्ययन गर्दा बुहारी धेरै मात्रामा रहेको पाइयो । अहिले ५/७ वर्ष अगाडी कामी महिलाको छिटो विवाह गर्नु पर्दछ भन्ने मान्यता विद्यमान भएको कारणले गर्दा पनि कामी समाजमा बुहारीको स्थानका महिलाहरु बढी पाइयो ।

**तालिका नं. ५.६**

**घरायसी कार्यमा पुरुष सदस्यको सहयोग**

| क्र.सं. | घरायसी कार्यको सहयोग | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गर्नुहुन्छ | २० | ३८.४६ |
| २. | गर्नुहुन्न | ३२ | ६१.५३ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.६ अनुसार घरायसी कार्यको सहयोग श्रीमानले गर्नुहुन्छ भन्ने २० घरधुरी पाइयो जुन कूल घरधुरी सख्याको ३८.४६ पाइयो । श्रीमानले सहयोग गर्नुहुन्न भन्ने को घरधुरी संख्या ३२ रहेको छ जुन कुल घरधुरी संख्याको ६१.५३ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययन र अन्तरवार्ताबाट आएको सूचनाको आधारमा कामी महिलालाई श्रीमानले घरायसी कार्यमा सहयोग गर्ने भन्दा नगर्ने नै बढी मात्रा देखियो । कामी समाज पितृसत्तात्मक भएको कारणले गर्दा पनि महिलालाई पुरुषले घरायसी काममा सहयोग कम मात्रामा सहयोग गरेको पाइन्छ । माथिको तालिकाबाट पनि स्पष्ट भएको छ कि कामी समाजका जम्मा ५२ घरधुरी मध्ये २० घरधुरीमा महिलालाई घरायसी कार्यमा सहयोग नगर्ने

पाइयो । जुन कुल घरधुरीको ३८.४६ प्रतिशत हुन आएको छ । त्यस्तै गरी ३२ घरधुरीमा महिलालाई घरायसी कार्यमा सहयोग गर्ने पाइयो । जुन कुल घरधुरी संख्याको ६१.५३ प्रतिशत हुन आएको छ ।

**तालिका नं. ५.७**

**छोरीलाई पढाउने सम्बन्धि धारणा**

| क.सं. | छ / छैन | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आवश्यक छ | २५ | ४८.०७ |
| २. | आवश्यक छैन | १५ | २८.८४ |
| ३. | थाहा छैन | १२ | २३.०७ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.७ अनुसार छोरीलाई विद्यालय पठाउनु पर्दछ भन्नेको संख्या २५ घरधुरि देखियो भने कुल घरधुरी संख्याको २८.०७ प्रतिशत हुन आउछ । अहिले आएको जनचेतनाको प्रभावको कारणले गर्दा छोरीलाई स्कुल पढाउनु पर्दछ भन्ने घर धुरी संख्या सबभन्दा धैरे पाइयो । आवश्यक छैन भन्ने घरधुरी संख्या १५ पाइयो जसमा निरक्षर महिलाहरुले मात्रै यस्तो प्रतिक्रिया दिएको पाइयो । जुन जम्मा प्रतिशतको २८.८४ हुन आएको छ । त्यस्तै गरी थाहा छैन भन्नेमा १२ घर धुरी पाइयो जुन कुल घर धुरी संख्याको २३.०७ प्रतिशत हुन आएको छ ।

यस समाजमा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरैमा पाइयो । अशिक्षित महिलाहरु पनि आफू नपढेको कारणले र समाजमा पछाडी परेको कारणले गर्दा आफ्ना छोरीलाई जसरी पनि पढाउनु पर्दछ भन्ने धारणा व्यक्त गरे । आवश्यक छैन भन्नेमा अशिक्षित महिलाहरु र अलि धेरै उमेरका महिलाले शिक्षाका बारेमा नबुझेको कारणले गर्दा पर्दैन हामीले नपढे पनि भयो भन्ने जस्तो उत्तर पाइयो ।

**तालिका नं. ५.८**

**कामी महिलाको घरको किसिम**

| क.सं. | घरको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पक्की | २ | ३.८४ |
| २. | टिनले छाएको | १५ | २८.८४ |
| ३. | खरले छाएको | १५ | २८.८४ |
| ४ | ढुङ्गाले छाएको | २० | ३८.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ५.८ अनुसार स्थलगत अध्ययनमा ५२ घर मध्ये जम्मा २ घर मात्रै पक्की भएको पाइयो । जुन कुल घर संख्याको ३.८४ प्रतिशत हुन आएको छ । यहा टिनले छाएको घर १५ पाइयो । जुन कुल घरधुरी संख्याको २८.८४ हुन आएको छ । खरले  छाएको घर १५ पाइयो । जुन कुल घरधुरी संख्याको २८.८४ हुन आएको छ । ढुङ्गाले छाएको घर २० पाइयो जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन आएको छ । जुन अध्ययन क्षेत्रमा भएका घर मध्ये सबभन्दा धेरै संख्या हो ।

यस कामी समुदायमा आर्थिक अभाव साथै उच्च श्रेणीमा पर्ने मानिसको संख्या ज्यादै कम भएकोले जम्मा दुई घर मात्रै पक्की गरेको देखिन्छ । मध्यम वर्गको केही परिवारमा टिन र ढुङ्गाले छाएको देखिन्छ । अत्यन्तै न्यून र दयनिय स्थितिको कारणले गर्दा २८.८४ प्रतिशत घर खरले छाएको छ ।

**तालिका नं. ५.९**

**कामी महिलाको घरायसी कार्यको निर्णय प्रक्रिया**

| क्र.सं. | निर्णय प्रक्रिया | घरको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमानको | २५ | ४८.०७ |
| २. | मेरो | १० | १९.२३ |
| ३. | दुवैको | ८ | १५.३८ |
| ४. | अन्य सदस्यको | ९ | १७.३० |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.९ अनुसार कामी समुदायका ५२ घरधुरी मध्ये श्रीमानको निर्णय हुने २५ ञघर रहेको छ जुन कुल घरधुरी संख्याको ४८.०७ प्रतिशत हुन आएको छ । महिलाको निर्णय प्रक्रिया हुने घरधुरी संख्या १० भएको पाइयो जुन कुल घरधुरी संख्याको १९.२३ प्रतिशत हुन आउछ । त्यस्तै महिलाको र पुरुषको सहमतिमा निर्णय प्रक्रिया हुने घरधुरी संख्या जम्मा १० पाइयो जुन १९.२३ प्रतिशत रहेको छ । परिवारका अन्य सदस्यको निर्णय हुने ९ घरपरिवार पाइयो जुन कूल घरधुरी संख्याको १७.३० प्रतिशत हुन्छ ।

यो कामी समाज हिन्दू धर्मबाट अत्यन्तै प्रभावित देखिएको कारणले गर्दा पनि घरायसी सम्पूर्ण कार्यको निर्णय प्रक्रियामा पूरुषको नै बाहुल्यता देखियो । जसको कारणले गर्दा महिला अगाडी बढ्नको लागि अवरोध सृजना भएको छ । थोरै संख्यामा मात्र महिलाको निर्णय हुने गरेको छ । यो अत्यन्तै कम प्रतिशत रहेको छ । परिवारका अन्य सदस्यहरु जस्तै : ससुरा, सासुको निर्णय १७.३० प्रतिशत हुने गरेको पाइयो ।

## ५.२ कामी समुदायमा छुवाछुत हुने स्थान र त्यसको प्रत्यक्ष असर

दलित कामी महिलाहरु विभिन्न स्थलहरुमा छुवाछुतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरु सामाजिक रुपमा अपहेलित, गैह्र दलित महिलाले दलित महिलालाई नकारात्मक भावनाले हेर्नु हेपाहा शोषण गर्ने प्रवृत्ति हावी हुनु, उनीहरुको काममा कम मुल्याङ्कन गर्नु, अप शव्द घोचपेच अनादर भावनाले संबोधन  गर्ने जस्ता व्यवहारलाई सहजै स्वीकार गर्नु पर्ने बाध्यता एकातिर छ, किनकी उनीहरुको आर्थिक स्रोत भनेको विष्टको घर मानिन्छ । घर व्यवहार चलाउनकोलागि विष्ट प्रति उत्तरदायी हुनु पर्ने अवस्थाले गर्दा पनि पिडित भएर पनि जस्तो सुकै बाधा अड्चन सहनुपर्ने स्वीकार गर्दछन् । यहाका कामी महिलाहरु सार्वजनिक स्थल, धारा, पधेरा मन्दिर, घर भोज भतेर सभा समारोह, होटल आदि स्थानमा बढी छुवाछुतको  समस्या भोग्ने गर्दछन् । दलित महिला विना पारिश्रमिक एक छाक खानाकोलागि दिनभरी काम गर्नु पर्ने बाध्यता छ । उनीहरुलाई सम्बोधन गर्दा कमिकी यस्ती उस्ती भनेर बोलाउने गर्दछन् । आफूलाई दलित भएर जन्मेकोमा धिक्कार मान्दछन् ।

**तालिका नं. ५.१०**

**अध्ययन क्षेत्रका महिलाहरुलाई छुवाछुत हुने स्थान**

| क्र.सं. | ठाउँ | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घर, मठमन्दिर | २१ | ४०.३८ |
| २. | अस्पताल | ५ | ९.६१ |
| ३. | होटल | ४ | ७.६९ |
| ४. | विद्यालय | २ | ३.८४ |
| ५. | सबै ठाउमा | २० | ३८.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.१० अनुसार घरमा,मठमन्दिरमा छुवाछुत हुन्छ भन्नेको घरधुरी संख्या २१ छ जुन कूल घरधुरी संख्याको ४०.३८ प्रतिशत हुन्छ । अस्पतालमा छुवाछुत हुन्छ भन्ने घरधुरी संख्या ५ छ जुन कुल घरधुरी संख्याको ९.६१ प्रतिशत हुन्छ । होटलमा छुवाछुत हुन्छ भन्ने ४ घरपरिवार पाइयो, जुन कुल घरधुरी संख्याको ७.६९ प्रतिशत हुन्छ । विद्यालयमा छुवाछुत हुन्छ भन्नेमा २ घरपरिवार रहेको पाइयो जुन कुल घरधुरीको ३.८४ प्रतिशत हुन्छ । सबै ठाउमा छुवाछुत हुन्छ भन्नेको संख्या २० पाइन्छ जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन्छ ।

यस अध्ययनमा महिलालाई छुवाछुत हुने सबभन्दा बढी घर र मठमन्दिरमा पाइयो जुन कुल घरधुरी संख्याको ४०.३८ प्रतिशत हुन्छ । अस्पतालमा केही मात्रामा भए पनि कम छुवाछुत पाइयो तर मेडिकलहरु यदी ब्राम्हण क्षेत्रीको छ भने घर भित्र पस्न नदिएर बाहिर नै स्वास्थ्य जाँच गरेको पाइन्छ । होटलहरुमा पनि यदी माथिल्लो जातको छ भने आफूले

खाएको भाडा आफै माभ्नु पर्ने, होटल भित्र पस्न नदिएर बाहिर नै बसेर खाने गरेको पाइन्छ । विद्यालयमा अन्य ठाउको तुलनामा सबभन्दा कम छुवाछुत भएको पाइयो । तर कुल घरधुरी अध्ययनबाट आएको प्रतिशतको आधारमा हेर्दा ३.८४ प्रतिशत अहिलेको पनि यथावतै रहेको पाइयो ।

**तालिका नं. ५.११**

**कामी समुदायमा छुवाछुतको कारण**

| क.सं. | कारण | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धर्म परम्परा | २० | ३८.४६ |
| २. | जनचेतनाको अभाव | १२ | २३.०७ |
| ३. | उचनिच जात | १० | १९.२३ |
| ४. | सरसफाईको कमी | १० | १९.२३ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.११ अनुसार छुवाछुत हुनुको कारणको अध्ययन गर्दा २० घरधुरीका महिलाबाट धर्म परम्पराले गर्दा हो भन्ने जवाफ आयो जुन सम्पूर्ण घरधुरीको ३८.४६ प्रतिशत हुन आउछ भने जनचेतनाको अभावले गर्दामा १२ घरधुरीको उत्तर आयो भने जुन कुल घरधुरीको २३.०७ प्रतिशत हुन आएको छ । उचनिच जातले गर्दा भन्ने प्रश्नको जवाफमा १० घरधुरीले जवाफ दिए भने कुल घरधुरीको १९.२३ प्रतिशत हुन आउछ । त्यस्तै गरी सरसफाईको कमीले गर्दा भन्नेमा १० घरधुरीको मत थियो जुन कुल घरधुरी संख्याको १९.२३ प्रतिशत हुन आएको छ । यो अध्ययनबाट के जानकारी हुन्छ भने यस कामी समुदायमा छुवाछुतको व्यवहार हुनुमा धर्मको नै बढी प्रभाव परेको देखिन्छ ।

यस समाजमा गरिएको अध्ययन अनुसार छुवाछुतको व्यवहार हुनुमा बढी धर्मको कारणले गर्दा भएको देखियो । जसको शिकार प्रत्यक्ष मात्रामा कामी महिला नै बढी भएको पाइन्छ । जनचेतनाको अभावको कारणले गर्दा हो भन्ने महिलामा प्रायगरि १५ देखि २५ वर्ष सम्मका शिक्षित महिलाको नै मत देखिन्छ । यी महिला शिक्षित भएको कारणले यस्तो धारणा राखेको पाइन्छ । यहा उचनिच जातको कारणले गर्दा पनि समाजमा जातिय भेदभाव, छुवाछुत प्रष्ट मात्रामा देखिएको छ । जातको कारणले नै तल्लो, माथिल्लो भन्ने जस्ता कुरीति, कु-प्रथाले गर्दा समाजमा छुवाछुत प्रर्याप्त देखिन्छ । यो समाजमा सरसफाइको कमी भएको कारणले गर्दा पनि छुवाछुत प्रथालाई अगाडी बढ्नकोलागि सहयोग पुगेको छ ।

## तालिका नं. ५.१२

## छुवाछुत प्रथा हटाउन गर्नु पर्ने कार्य

| क.सं. | कार्यहरु | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धर्म परिवर्तन गरेर | २० | ३८.४६ |
| २. | शिक्षाद्धारा चेतनाको उच्च विकास गराएर | १५ | २८.८४ |
| ३. | कानुनद्धारा कडा सजायको व्यवस्था गरेर | १० | १९.२३ |
| ४. | गरिबि हटाएर | ७ | १३.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.१२ धर्म परिवर्तन गरेर भन्ने महिलाको घर धुरी २० पाइयो जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन आउछ । त्यस्तै गरी शिक्षाद्धारा चेतनाको उच्च विकास गराएर भन्नेको संख्या १५ रहेको छ भने २८.८४ प्रतिशत रहेको छ । कानुनद्धारा कडा सजायको व्यवस्था गरेर भन्ने घरधुरी संख्या १० रहेको छ भने प्रतिशत १९.२३ रहेको छ । गरिबि हटाएर भन्नेको घरधुरी संख्या ७ रहेको छ जुन कुल घरसंख्याको १३.४६ प्रतिशत हुन आएको छ ।

यस समाजमा छुवाछुतको प्रमुख कारण धर्मले गर्दा भएको छ जुन धर्म परिवर्तन गरेर छुवाछुतलाई हटाउन सकिन्थ्यो की भन्ने भनाइबाट पनि स्पष्ट भएको छ । अलि धेरै उमेरका महिलाले भने धर्म परिवर्तन गर्नु पहिला देखिको परम्परा परिवर्तन गर्न हुदैन की ? धेरै अन्य महिलाबाट धर्म परिवर्तन गर्नु पर्दछ भन्ने जवाफ आयो । शिक्षित महिलाले बढी शिक्षा द्धारा नै चेतनाको उच्च विकास गर्‍यो भने यो छुवाछुत प्रथालाई हटाउन सकिन्छ भन्ने पनि पाइयो । यहाका महिलाले कानूनद्धारा सजाय दिने पद्धति समाजमा लागु नभएकोले छुवाछुत प्रथाबाट पिछडिनु परेको छ । कानुनद्धारा सजाय नहुने भएपछि माथिल्लो जातिलाइ कुनै किसिमको डर नभएको कारणले कानुन कडा गराउनुपर्ने देखियो। यहाका कामी समाजमा गरिबी बढी नै रहेको छ जसलाई हटाएर समाज अलि सभ्य हुने समाजमा आर्थिक अभाव नहुनाले महिलालाई अगाडी बढ्नको लागि सहयोग हुने थियो ।

### ५.३ कामी महिलामा भएको स्तरीकरण

अन्य क्षेत्रमा जसरी स्तरीकरण भएको छ त्यस्तै गरी यस कामी समुदायका महिलामा पनि आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक रुपमा पनि स्तरिकरण भएको छ । आर्थिक वर्गमा उच्च मध्यम वर्गमा कामीमहिलाहरुमा आफ्नो मिहेनेतबाट खाना लगाउन शिक्षा दिक्षाकालागि प्रर्याप्त कमाई भएको पाइन्छ भने मध्यम वर्गका कामीहरुले जेनतेन निर्वाह गरिरहेको पाइन्छ ।

## ५.४ प्राकृतिक सम्पदा र कामी महिला

महिलाहरुसँग प्रत्यक्ष सरोकार भएका प्राकृतिक सम्पदाहरुमा बन, वनस्पति, खोला नाला, पानीको मुल आदी हुन । वडा नं. १ का कामी महिलाले सामुदायिक वनबाट आफू र आफ्नो परिवारलाई आवश्यक पर्ने वनजन्य आवश्यकताहरु जस्तो : घास, दाउरा, सोत्तर तथा काठहरु उपभोग गर्दछन् । वडा नं. १ मा रहेका कामी बस्ती प्राय एकै क्षेत्रमा रहेकाले यो समुदायले आफ्नो वन जन्य आवश्यकता पुरा गर्न सजिलो छ । यो वन सामुदायिक वन भएकाले घास, सोत्तर र दाउराहरु नियमित रुपमा निश्चित अवधिकालागि खुल्ने गर्दछ । प्राय : विदाको दिन पारेर जस्तै शनिवार यो वन खुल्ने गर्दछ । कामी महिलाहरुले पनि अरु जातिकै अनुपातमा वन सम्पदा पनि उपभोग गर्दछन । यसमा तल्लो जाति भनेर यी कामी समुदायलाई कुनै बन्देज लगाइएको छैन । यो समुदायले आफूहरुको आवश्यकताको परिपूर्तिको साथै बढी संकलन गरि काठ दाउरा वर्षायामको बेलामा बाल्नलागि जम्मा गर्दछन् । घाँस, दाउराको आवश्यकता पूरा गर्ने कार्य प्राय महिलाहरुको भएकाले पनि बस्ती नजिक वनको सुविधा हुनु र नहुनुले महिला प्रभावित हुन्छन् । यस दृष्टिकोणबाट हेर्दा यहाँका महिलालाई आंशिक सुविधा प्राप्त भएको देखिन्छ ।

त्यसै गरी यहाका कामी महिलाहरु प्रभावित हुने अर्को प्राकृतिक सम्पदामा जल सम्पदा हो । यस वडाका दलित महिलाका विद्यमान जल सम्पदाहरुमा बढी प्रयोग हुने मुलको धारा नै भएको अध्ययनमा पाइयो । यस समुदायमा कामी मात्रै बस्ती भएकोले पानी बोक्ने काममा केही मात्रामा सजिलो देखिन्छ । यहा घर घरमा पानीको सुविधा नभएकोले पानी ल्याउनकोलागि ५ देखि २० मिनेट सम्मको बाटोमा प्राय : गरि यहाका महिला नै जाने गर्दछन । यहा विभिन्न परियोजनाबाट आकाशको पानी संकलन गर्ने ट्याङ्की बनेका छन् । तर यसले पानीको आवश्यकता पुरा गर्न सकेको छैन ।

## ५.५ सेवा मूलक संस्थाहरु र कामी महिला

### ५.५.१ स्वास्थ्य सम्बन्धि संस्थाहरु

नयाँगाउँ गा.वि.स. वडा नं. १ का समुदायले प्रत्यक्ष रुपमा लाभ लिन सक्ने स्वास्थ्य संस्था नयाँगाउँ मैदानमा रहेको सरकारी उप-स्वास्थ्य चौकी हो । यो वडा नं. १ पिपलधारा गा.वि.स.मा जोडिएको हुदा यहाँका बासिन्दालाई स्वास्थ्य उपचार गर्नकोलागि पिपलधाराको जुम्लादीमा रहेको सरकारी आर्युवेद्यालय र पिपलधारा मै रहेको सरकारी स्वास्थ्य चौकीले गर्दा पनि सजिलो भएको छ । पहिले अशिक्षीत अन्धविश्वासको कारणले स्वास्थ्य चौकीमा कम जान्थे तर अहिले पहिलेको तुलनामा आधुनिकताका साथै जनचेतनाले गर्दा परिवर्तन आएको छ ।

### ५.५.२ शैक्षिक संस्थाहरु र कामी महिला

सामाजिक रुपमा अछुत मानिएका कामी जातिको महिलाको शैक्षिक अवस्था निकै पछाडि परेको देखिन्छ । शिक्षालाई सांस्कृतिकको आधारमा कसले पढ्न हुने र कसले पढ्न

नहुने भनेर छुट्याइएका कारण दलित महिलाहरु शिक्षाबाट पनि बञ्चित छन् । अहिले आएर मात्र केही दलितहरुले पढेर समस्यालाई उजागर गरेपछि दलित महिलाहरु शिक्षालिन थालेका छन् ।

आफ्नो पालामा आफ्ना जातिलाई विद्यालय जान रोक लगाएको थियो भनेर केही बृद्धहरु बताउँछन । हाल विद्यालयमा प्रवेश गर्नबाट रोक नलगाएको भएता पनि आफ्नो जातिको कुनै व्यक्तिले पनि धेरै नपढेकोले पनि आफ्ना सन्तानलाई पढाउन त्यति ध्यान दिएनन् ।

नयाँगाउँ गा.वि.स. को वडा नं १ अर्घाखाँची जिल्लासँग नजिक रहेको कारणले गर्दा र पिपलधारा गा.वि.स.को नजिक रहेको कारणले गर्दा प्रा.वि.सम्म आफ्नै वडामा पढ्दछन् भने नि.मा.वि.बाट प्रायगरी पिपलधारा गा.वि.स.मा रहेको गणेश मा.वि.मा पढ्ने गर्दछन् । साथै केहीले अर्घाखाँची जिल्लाको खन दहमा रहेको उच्च मा.वि.मा पढ्ने गरेको स्थलगत अध्ययनमा पाइयो । पहिले पहिले जनचेतनाको अभावले साथै आर्थिक अभावको कारणले गर्दा छोरीलाई नपढाउने गरेको पाइयो भने छोरालाई अलिअलि अक्षर चिनाएपछि भारततिर पैसा कमाउन जाने प्रचलन थियो । तर अहिले छोरीले पनि पढ्नु पर्दछ भन्ने चेतना फैलिएको छ । तापनि माथिल्लो जातिका महिला जस्तो धेरै धेरै यो जातिका महिलाले पढ्न सकेका छैनन् ।

**तालिका नं. ५.१३**

**अध्ययन क्षेत्रका महिलाको शैक्षिक योग्यता**

| क्र.सं. | शैक्षिक योग्यता | घर धुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | १५ | २८.८४ |
| २. | साक्षर | १५ | २८.८४ |
| ३. | प्रा.वि. | १० | १९.२३ |
| ४. | नि.मा.वि. | ५ | ९.६१ |
| ५. | मा.वि | ५ | ३.८४ |
| ६. | प्रमाणपत्र तह | २ | ९.६१ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.१३ बाट के बुझिन्छ भने त्यहाका महिला निरक्षर १५ घरधुरी पाइयो जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन आउछ । यहा साक्षर भन्नाले आफ्नो नाम मात्र लेख्न सक्ने तर औपचारिक कक्षा नलिएका १५ घरधुरीका महिला पाइयो जुन कुल घरधुरी संख्याको २८.८४ हुन आएको छ । त्यस्तै गरी प्रा.वि. सम्म पढेको संख्या १० पाइयो जुन कुल घरधुरी संख्याको १९.२३ प्रतिशत हुन आउछ । नि.मा.वि. पढेको संख्या ५ पाइयो जुन कुल घरधुरी संख्या ९.६१ प्रतिशत हुन आउछ । मा.वि. सम्मको शैक्षिक योग्यता ५ घरधुरी रहेको छ जुन ३.८४ प्रतिशत रहेको छ । प्रमाणपत्र तह पढ्नेको घरधुरी संख्या २ पाइयो जुन कुल घरधुरी संख्याको ९.६१ प्रतिशत हुन आउछ ।

यस अध्ययनबाट के प्रस्ट हुन्छ भने अहिले पनि आर्थिक अभावको कारणले गर्दा निरक्षर महिलाको संख्या नै धेरै देखियो । साक्षर महिलाको संख्या पनि धेरै नै पाइयो । यसको तुलनामा कम मात्रामा मात्र शिक्षित महिलाको संख्या देखा परेको अध्ययनमा पाइन्छ । यहाका प्रमाणपत्र तह पढ्ने महिला जम्मा २ घर परिवारमा मात्र छन् । यस बाट पनि स्पष्ट हुन्छ की यहाका कामी महिलाको शैक्षिक अवस्था अत्यन्तै कमजोर छ । यो पनि प्रमाणपत्र पढ्दै गरेको मात्र पाइयो । यहाका मा.वि. सम्म पढ्ने को संख्या पनि कम पाइयो । मा.वि. पढेको तर एस.एल.सी. पास भए पछि आर्थिक अभाव भएको कारणले गर्दा पनि माथिल्लो कक्षा उच्च मा.वि.मा पढ्न सकेका छैनन् ।

समग्रमा महिलाहरुको साक्षरता दर कम र निरक्षरको दर बढी हुनुमा घरको कामकाजमा सहयोग गर्नुपर्ने, घरमा भएका अन्य बालबालिकाहरुलाई स्याहार- सुसार गर्नुपर्ने र विवाह गरेर अर्काको घरमा पठाउने भएकाले आमा बाबुले छोरीलाई स्कूल नपठाउने प्रथाले गर्दा महिलाको साक्षरता दर कम भएको पाइन्छ । यस समाजमा धेरै महिला शिक्षित नभए पनि बालबच्चालाई भने सबै ५२ घर परिवारले नै विद्यालय नै पठाएको पाइयो ।

यस अध्ययनमा ३५ बर्षिय दलित महिलालाई स्कुलमा तपाइका छोराछोरीलाई भेदभाव गरिन्छ कि गरिदैन भनेर सोध्दा उहाँ भन्नुहुन्छ स्कुलमा दलित जातिका विद्यार्थी र उच्च जातका विद्यार्थीहरु बिच शिक्षकले भेदभाव गरेको पाइदैन तर उच्च जातका विद्यार्थीहरुको साथी दलित जातिका विद्यार्थीहरुसँग नभएको र दलित विद्यार्थी कक्षाकोठामा पछाडी बस्नुपर्ने उनको भनाइ थियो ।

### ५.५.३ यातायात र सञ्चार :

नयाँगाउँ गा.वि.समा प्रत्येक वडामा मोटरबाटो पुगेको छ । वडा नं १ मा कामी बस्ती माथिल्लो भागमा रहेको छ । मोटरबाटो पनि यो बस्तीको नजिकैबाट पर्दछ । जसको फलस्वरुप यहाँका बासिन्दालाई बाहिर जान र आउनकोलागि सजिलो भएको छ । दलित महिलाहरु हिउदको समयमा प्राय : सुन्तलाको व्यापार डोकोमा बोकेर गर्ने प्रचलन थियो । विगत ३/४ वर्ष यता आएको मोटरबाटोको कारणले गर्दा सुन्तला व्यापार गर्न पैदल हिडेर लैजानु नपर्ने यस अध्ययनमा देखियो ।

सञ्चारको साधन मध्ये नयाँगाउँ गा.वि.स.मा हुलाक घर, टेलिफोन नै हो । पहिले हुलाकबाट खबर आदान प्रधान भए पनि केही वर्ष यता टेलिफोन कै बढी प्रयोग हुने गरेको पाइन्छ । दलित समुदायमा महिलाहरुले अन्य पुरुषको तुलनामा कम फोनको प्रयोग गरेको पाइयो ।

### ५.५.४ विद्युत

यस गा.वि.स.को सबै क्षेत्रमा विद्युत सेवा आइपुगेको छैन यस वडा नं १ मा कामी समुदायमा पनि विद्युत छैन । यहाँ केही बासिन्दाहरुले राख्न सक्नेले सोलार राखेका छन् भने अन्यले टुकी पनि बाल्ने गर्दछन् । जुन अध्ययन क्षेत्रमा गरिएको अन्तरवार्ताबाट आएको उत्तरबाट थाहा पाइयो ।

**तालिका नं. ५.१४**
**अध्ययन क्षेत्रका घरपरिवारले बाल्ने बत्तिको किसिम**

| क्र.सं. | बत्तिको किसिम | घरको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सोलार | ३२ | ६१.५३ |
| २. | टुकी | २० | ३८.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.१४ अनुसार अध्ययन क्षेत्रका ५२ घर मध्ये ३२ घरले सोलार बालेको पाइयो भने जुन कूल घरधुरीको ३८.४६ प्रतिशत हुन आउछ । त्यस्तै गरी टुकी बाल्नेको संख्या २० पाइयो जुन कूल जनसंख्याको ६१.५३ हुन आएको छ ।

यस कामी समाजमा गरिएको अध्ययनबाट के प्रस्ट हुन्छ भने कामी समुदायमा आर्थिक अभावको कारणले गर्दा नै अझै पनि टुकी बत्ती बाल्ने गर्दछन् । सोलार बाल्ने केही घर परिवार भएता पनि सोलार बाल्ने हैसियत नभएका घर परिवारले टुकी बत्ती मै भएपनि आफू गुजारा चलाएका छन् ।

**५.६.कामी जातिका महिलामा भेदभाव र छुवाछुतले सामाजिक जीवनमा पारेका असरहरु :**

क) मन्दिर प्रवेशमा निषेध : यहाँका १०० प्रतिशत दलित महिलाहरु मन्दिर प्रवेशमा निषेध छ । उनीहरुले फुका अक्षता र फुलपातीमात्र बाहिरैबाट पुजारीलाई पठाउनु पर्दछ । यसले गर्दा उनीहरुले हामी देवताको पुजा सम्म गर्न पाउदैनौं भनी दु:ख मान्दछन् ।

ख) आफू भन्दा माथिल्ला जातका घर भित्र प्रवेश गर्न नपाउनु पनि मानव मानव एक हुदा हुदै पनि जातिय भेदभावले गर्दा कामी जातिका महिला अन्य व्राम्हण, क्षेत्रीले पनि आफ्नो घर भित्र पस्न दिदैनन् । यो स्थिति यस ठाउँमा शतप्रतिशत कायमै छ ।

ग) भोज भतेरमा सँगै बसेर खाना खान नपाउने : यस ठाउँमा भएका कामी महिलाले आज सम्म कुनै पनि भोज भतेरमा उपल्ला जातका मान्छेहरुसँग सगै बसेर खाना खान पाउदैनन् । उनीहरुलाई खाना खान दिनु पर्दा बाहिर छुट्टै भाडामा खाना राखी अलिक पर छुट्टै स्थानमा लगेर दिइन्छ । यो जातीय भेदभावको प्रभाव नमुना नै मान्न सकिन्छ ।

घ) कामी समुदायमा आफू भन्दा माथिल्ला जातलाई आदर गर्दा गर्दै पनि कामीहरुलाई अनादर गरिनु:पहिले देखि नै उपल्ला जातले तल्ला जातलाई अनादर गर्ने गलत परिपाटी बसेता पनि कामी महिलाहरुले उपल्ला जातलाई आदरार्थी शब्द नै प्रयोग गर्दछन् । तर बदलामा अनादर गरी बोलेको स्वीकार्नु पर्ने बाध्यता अझै पनि जस्ताको जस्तै छ ।

ङ) होटलमा बाहिरै बसेर चिया खाना खाइसके पछि भाडा माझ्नु पर्ने : कामी समुदायका महिलाहरुले चिया खाना दिदा पनि घरको बाहिरै दिने गर्दछन् । उनीहरुले बाहिरै बसी चिया खाना खाएर आफूले खाना खाएको भाडा आफै माझ्नु पर्छ ।

च) सामाजिक समारोह उत्सवमा दोस्रो दर्जाको व्यवहार गरिन्छ । कामी परिवारका महिलाहरुलाई समारोह उत्सवमा जादा अनेकौं प्रयास गरेर समारोह उत्सबमा प्रवेश गर्न नै दिइदैन । यती गर्दागर्दै पनि प्रशासनिक निकाय रहेको ठाउमा समेत उनीहरुलाई आसनमा राखी अरुहरुसँग समान व्यवहार गर्न दिइदैन ।

# अध्याय छ

## ६.१ दलित महिलाको आर्थिक अवस्था

कामी महिलाहरुको आर्थिक अवस्था भनेर छुट्टै रुपमा अध्ययन गर्नु गाह्रो हुन्छ । किनकी समग्र पारिवारिक आर्थिक अवस्था नै उनीहरुको पनि आर्थिक अवस्था हो । यसर्थ उनीहरुको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्ने हो भने अधिकांश कामी जातिको पेशा कृषि नै देखिन्छ । खेतीपाती गर्दा बालीनाली लगाउने, गोडमेल गर्ने जस्ता प्राय सबैजसो कार्यहरु महिलाहरु सक्रियता देखिन्छ । पशुपालन गर्ने कार्यहरुमा महिलाहरु उत्तिकै श्रमदान गर्दछन् । गोठको सफाई बस्तुभाउको सफाइ देखि रेखदेख, कुडोपानी, घाँसपात, सबैजसो कार्यहरु महिलाहरु नै गर्दछन् । पुरुष विदेश गएको परिवारमा पुरुषको नियमित कमाई भएपनि महिलाले आफ्नो घरको कामसँगै ज्याला, मजुदरीको काम गर्न नछोड्नु पनि महिलाको परिवार प्रति गरिने लगानी र जिम्मेवारीपन महत्वपूर्ण पक्ष हो ।

यस समुदायमा अधिकांश महिला १५ देखि १७ घण्टा काममा संलग्न हुन्छन् । धेरै परिवार संख्या भएको घरमा आर्थिक नियन्त्रण पनि बढी भएको र श्रम पनि बढी गर्नुपर्ने देखिन्छ । परिवारको आर्थिक अवस्थालाई सन्तुलनमा ल्याउन कामी महिलाहरु विभिन्न समूह बनाइ बचत संकलन गर्ने, बाखापालन, भैसीपालन गर्ने गरेका छन् । समग्रमा कामी समुदायमा पुरुष भन्दा महिलालाई बढी इमान्दार मानिन्छ । किनकी पुरुषहरु बढी जाँड रक्सी खाने, काम गरेको पैसा संकलन तथा राम्रोसँग उपयोग नगर्नाले पुरुषले काम गरेको ठाउँमा महिलाले पारिश्रमिक उठाउने गरेको पनि पाइन्छ । अरु जातिका महिलाको तुलनामा यो जातिको आर्थिक अवस्थालाई हेर्ने हो भने अधिकांश रुपमा थोरै जमिन, थोरै आम्दानी, निश्चित व्यवसाय नहुनु, सम्पत्तिमा पुरुषको एकाधिकार, धेरै श्रम गर्नुपर्ने बाध्यता आदिलाई हेर्दा कामी जातिका महिलाहरुको वर्तमान आर्थिक अवस्था अत्यन्त खस्कदो र न्यून स्तरको देखिन्छ ।

यहाँका कामी समुदायहरु पनि विभिन्न पेशा प्रति समर्पित भएको पाइन्छ । यहाका कामी पुरुषहरुले फलामको भाडाहरु बनाउने र महिलाले केही सहयोग गरेको देखिन्छ । महिलाले विष्ट भनिने माथिल्ला जाति जस्तैः ब्राम्हण, क्षेत्रीको घरमा भाडा अर्जाप्न ल्याउने तथा घरमा पुऱ्याइदिने गर्दछन् । महिलाहरु खासगरि मजदुरीमा नै काम गर्न गएको देखिन्छ । हिउदको समयमा महिलाहरु आफै सुन्तलाको व्यापार गर्न सदरमुकाम तर्फ जाने गरेको पाइन्छ । अलि धेरै जग्गा जमिन हुनेहरुले कृषिमा पनि समय खर्च गर्दछन् भने कम हुनेको त एक वर्ष खाने खेती एक दुइ दिन मै खनजोत गरेर सिद्धिने गर्दछ । यस्तो अवस्थामा कृषि क्षेत्रमा महिलालाई समय खर्च कम गरे पनि आफ्नो जग्गा जमिनमा काम गरेर छिट्टै सिद्धिन्छ ।

## तालिका नं. ६.१

## पेशाको विवरण

| क.सं. | पेशा | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | १ | १.९२ |
| २ | नोकरी | २ | ३.८४ |
| ३ | परम्परागत पेशा | ४ | ७.६९ |
| ४ | पशुपालन | ५ | ९.६१ |
| ५ | कृषि | ६ | ११.५३ |
| ६ | अन्य | ९ | १७.३० |
| ७ | ज्याला | २५ | ४८.०७ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.१ अनुसार अध्ययन क्षेत्रका महिलाको पशुपालन मात्र गर्ने महिलाको घरधुरीको संख्या ५ पाइयो । जुन कुल घरधुरी संख्याको ९.६१ प्रतिशत हुन्छ । व्यापार मात्र गर्ने महिलाको घरधुरी संख्या १ पाइयो जुन जम्मा घरधुरी संख्याको १.९२ प्रतिशत हुन्छ । नोकरी गर्ने महिलाको घरधुरी संख्या २ मात्र पाइयो । जुन कुल घरधुरी संख्याको ३.८४ प्रतिशत हुन्छ । परम्परागत पेशा गर्ने महिलाको घरधुरी संख्या ४ पाइयो जुन कुल घरधुरी संख्या ७.६९ पाइयो । कृषि कार्य गर्ने महिलाको घरधुरी संख्या ६ पाइयो जुन कुल घरधुरी संख्याको ११.५३ प्रतिशत हुन आउछ । अन्य कार्य गर्नेमा ९ घरधुरी संख्या पाइयो । जुन कुल घरधुरी संख्याको १७.३० प्रतिशत हुन आउछ । ज्याला गर्ने महिलाको घरधुरी संख्या २५ रहेको छ जुन कुल घरधुरी संख्याको ४८.०७ प्रतिशत हुन्छ ।

अध्ययनबाट जानकारी भए अनुसार यस क्षेत्रका महिलाको आर्थिक अवस्था अत्यन्तै दयनिय देखियो छ । यस अध्ययन क्षेत्रमा व्यापार मात्र गर्ने महिला जम्मा १ घरपरिवार मात्र रहेको पाइयो । जुन सामान्य किराना पसलको व्यापार गरेको पाइयो । स्थलगत अध्ययनमा व्यापार गर्ने महिलालाई व्यापार गर्नुको कारण सोध्दा उनलाई भारतबाट नेपालमा उनको श्रीमानले विहे गरेर ल्याएको र उनले कृषिकाम गर्न नसक्ने हुनाले व्यापार गरेको स्पष्ट भयो । यहा नोकरी गर्नेमा जम्मा २ महिला देखिन्छन् । जसमा १ जना २२ वर्षको अविवाहित महिलाले उच्च मा.वि. पढ्ने र जागिरको रुपमा प्रा.वि.स्कुलमा पढाउने गरेको पाइयो । अर्को १ जना एस.एल.सी. पास गरेको २० वर्षे महिलाले वोर्डिङ्ग स्कूलमा पढाउने गरेको पाइयो । परम्परागत पेशा नै भनेर यहाका महिलाले आफै आरन (भाडा बनाउने छुट्टै सानो घर) मा बस्ने गरेको त पाइएन तर श्रीमान एक्लै विष्टको घरमा गएर सामान ल्याउन र पुऱ्याउन नसक्ने हुनाले श्रीमतीले सहयोग गर्ने, गोल खोज्ने कार्य गरि परम्परागत पेशामा सहयोग गरेकोले परम्परागत पेशामा मात्रै समय खर्च गर्ने घर परिवार संख्या ४ देखिन्छ । यहा जग्गा

कम मात्रामा भएकोले सम्पूर्ण समय कृषिमा खर्च गर्ने महिलाको संख्या ६ घरपरिवार मात्र पाइयो । यसबाट के स्पष्ट हुन्छ भने यहाका महिलाको अवस्था कृषिमा मात्रै सिमित हुनकोलागि जग्गाको कमी भएकोले यिनिहरुले आफ्नो गुजारा कृषिबाट मात्र गर्न पाएका छैनन् । माथिल्लो जातिकोमा गएर दिनभरी काम गरी साफलाई तरकारी,चामल, घाँस, दाउरा जस्ता विभिन्न सामान ल्याउछन् । यसमा प्राय गरी ४५, ५० वर्षका महिलाले यो कार्य गरेको पाइयो । यस्तो कार्य गर्नुको मुख्य कारण यी महिलाहरुको अलि वृद्ध अवस्था भएकोले दिनभर गह्रौ कार्य गर्न नसक्ने भएकोले यस्तो पेशा अपनाउने गर्दछन् । यहाका महिलाहरु अत्यधिक मात्रामा ज्यालामा काम गर्ने गरेको पाइयो । ज्याला अर्न्तगत समय अनुसार छुट्टाछुट्टै गर्ने गर्दछन् । हिउदको समयमा खर काट्ने, दाउरा बोक्नेजस्ता कार्य गर्दछन् भने वर्षाको समयमा रोपाइ गर्ने गर्दछन् र वैशाखको समयमा मकै खन्ने कार्य गर्न ज्यालामा जाने गर्दछन् । यसले गर्दा काम गर्न सक्ने महिलालाई खासै खाली बस्नु पर्ने हुदैन । यस्तो काम गर्ने समूहमा प्राय गरि १५ देखि ४५ वर्ष सम्मका महिलाहरु नै देखिन्छ ।

परम्परागत पेशाबाट जीवनधान्न धौ-धौ परी यी महिलाहरु अन्य पेशा रोज्नु परेको हो विशेषगरी यहाँका कामी  परिवारसँग आफ्नो जमिन निकै न्यून छ । कृषि पेशामा लागेका देखिए पनि बन्दगी जग्गा किनेको र अर्काको जग्गा कमाउने र अर्काकोमा कृषि काम गर्न जाने समेत गरी आफूलाई कृषक भन्न मन पराउनेहरु पनि यहाँ प्रसस्त पाइयो ।

## तालिका नं. ६.२

## कामी समुदायलाई खान पुग्ने समय

| क्र.सं. | समय | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ महिना | १२ | २३.०७ |
| २ | २ महिना | १४ | २६.९२ |
| ३ | ३ महिना | १५ | २८.८४ |
| ४ | ६ महिना | ९ | १७.३० |
| ५ | १ वर्ष | २ | ३.८४ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तलिका नं. ६.२ अनुसार कामी समुदायमा एक महिना खान पुग्नेको संख्या १२ घरधुरी संख्या देखिन्छ । जुन जम्मा घरघुरी संख्याको २३.०७ प्रतिशत हुन्छ । २ महिना खान पुग्नेको घरधुरी संख्या १४ देखिन्छ जुन कुल घरधुरी संख्याको २६.९२ प्रतिशत देखिन्छ । ३ महिना खान पुग्ने घरधुरी संख्या १५ छ जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन्छ । ६ महिना खान पुग्नेको घरधुरी संख्या ९ देखिन्छ जुन कुल घर धुरी संख्याको १७.३० प्रतिशत हुन आउछ । १ वर्ष खान पुग्नेको घरधुरी संख्या जम्मा २ देखिन्छ जुन कुल घरधुरी संख्याको ३.८४ प्रतिशत हुन आउछ ।

स्थलगत अध्ययन आएको जानकारी अनुसार यो समुदायमा अत्यन्तै आर्थिक अभाव देखियो यहा कृषि जग्गा कम भएकोले आफ्नो घरमा भएको अन्न उत्पादनले खान पुग्दैन त्यसैले अरुको घरमा ज्याला गर्नु पर्ने वाध्यता छ । यीनिहरुको मुख्य पेशा कृषि, पशुपालन नै पर्दछ । पशुपालन पनि आर्थिक अभावका कारणले गर्दा धेरै संख्यामा, राम्रो गुणस्तरको पशुहरु पालेको पाइएन । यसले पनि आर्थिक अवस्था माथि उकास्नकोलागि कठिनाइ भएको देखिन्छ । यहाका घरधुरी मध्ये लगभग सबैले खाद्यन्नको परिपूर्ति बजारबाट नै गरेको पाइन्छ । आफ्नो जग्गा प्रशस्त नभएका कारणले पनि यस जातिमा जीविको पार्जनको लागि निकै समस्या भएको देखिन्छ । यसरी अध्ययन गरिएका घरधुरीमध्ये खाद्यान्न पुग्ने परिवारको संख्या निकै कम देखिन्छ ।

**तालिका नं. ६.३**

**कृषि क्षेत्रमा योगदान**

| क्र.सं. | योगदान | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २० | ३८.४६ |
| २ | पुरुष | १५ | २८.८४ |
| ३ | दुवैको बराबर | १७ | ३२.६९ |
| जम्मा | | ५२ | १०० |

तालिका नं. ६.३ अनुसार जम्मा घरधुरी मध्ये २० घरधुरीका महिलाको कृषि क्षेत्रमा धेरै योगदान रहेको पाइयो । जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन आउछ । पुरुषको योगदान हुने घरधुरी संख्या १५ रहेको छ जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन आउछ । दुवैको बराबर योगदान हुने घरधुरी संख्या १७ रहेको छ जुन कुल घरधुरी संख्याको ३२.६९ प्रतिशत हुन आउछ ।

यस समुदायमा कृषि क्षेत्रमा महिलाको नै बढी योगदान देखियो । पुरुषले कृषि कार्य गरेता पनि पुरुषको तुलनामा महिलाले धेरै कार्य गर्नु परेकोले गर्दा महिलाको अवस्था दयनिय देखिन्छ । महिलाले आफू विरामी परेको बेलामा पनि सकी नसकी कार्य गर्नु परेको गुनासो सुनियो । यसको कारण समाजमा व्याप्त रहेको पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलालाई असर गरेको छ ।

**तालिका नं.६.४**

**जग्गा खेती गर्ने किसिम**

| क्र.सं. | किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अधिया | २३ | ४४.२३ |
| २ | ठेक्का | ११ | २१.१५ |
| ३ | त्रिपाटो | ५ | २.६ |
| ४ | बन्दगी | ४ | ७.६९ |
| ५ | आफ्नै जग्गा | ९ | ३.८४ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.४ अनुसार ५२ घरधुरी मध्ये २३ घरधुरीले अधिया जग्गा खेती गर्ने गरेको पाइयो । जुन कुल घरधुरी संख्याको ४४.२३ प्रतिशत हुन्छ । ठेक्कामा खेती गर्नेको घरधुरी संख्या ११ पाइयो जुन कुल घरधुरी संख्याको २१.१५ प्रतिशत हुन्छ । त्रिपाटो जग्गा गर्ने ५ घरपरिवार पाइयो जुन कुल घरधुरी संख्याको २.६ प्रतिशत हुन्छ । बन्दगी गर्ने घरपरिवार संख्या ४ रहेको छ जुन कुल घरपरिवार संख्याको ७.६९ प्रतिशत हुन्छ । आफ्नै जग्गा गर्नेको घरपरिवार संख्या ९ रहेको छ जुन कुल घरपरिवार संख्याको ३.८४ प्रतिशत हुन्छ ।

यस कामी समाजमा धेरै घरपरिवारले अन्य व्यक्तिको घर जग्गा गर्न बाध्य भएको पाइयो । आफ्नो मात्रै जग्गा गर्नेको संख्या ९ मात्रै पाइयो । यस बाट के थाहा हुन्छ भने यहा कृषि जमिनको अभावको कारणले गर्दा जीविको पार्जनको लागि कठिनाइ भएको अध्ययनको क्रममा पाइयो । त्रिपाटो, बन्दगी, ठेक्का गर्दा अन्न उत्पादन गरेर बेच्नकोलागि नभए पनि कामी परिवारलाई खानको लागि सहयोग पुग्ने गर्दछ ।

**तालिका नं. ६.५**

**पशुपक्षी पालन**

| क्र.सं. | पशुपक्षी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाइ,गोरु,भैसी,कुखुरा | ३० | ५७.६९ |
| २ | बाखा | २० | ३८.४६ |
| ५ | सुगुर | २ | ३.८४ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.५ अनुसार ५२ घरधुरी मध्ये ३० घरधुरीले गाइ, गोरु, भैसी, कुखुरा पालेका छन् । जुन कुल घरधुरी संख्याको ५७.६९ प्रतिशत हुन आउछ । बाख्रा पालन गर्नेको घरधुरी संख्या २० रहेकोछ जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन आउछ । सुगुर पालन गर्नेको घरधुरी संख्या २ रहेको छ जुन कुल घरधुरी संख्याको ३.८४ प्रतिशत हुन आउछ ।

स्थलगत अध्ययन र प्रश्नावलीबाट जानकारी भए अनुसार यहाका धेरै घरधुरीले गाइ,गोरु, भैसी, कुखुरा पाल्ने गरेका छन । यसमा धेरै केन्द्रिय परिवार तथा संयुक्त परिवार रहेको पाइन्छ । बाख्रा पाल्नेमा एकात्मक परिवार नै धेरै छन । यहा बाख्रा पाल्नुको कारण यसबाट छिटो पैसा आर्जन हुने र एकात्मक परिवारले पनि पाल्न गाह्रो नहुने भएकोले बाख्रा पालन पेशा अपनाएको पाइयो । मुख्य गरि यस्ता काममा महिलाको नै सहभागिता हुने गर्दछ।

**तालिका नं. ६.६**

**चाडपर्वकोलागि खर्च**

| क.सं. | स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नै आम्दानीको स्रोतले | १२ | २३.०७ |
| २ | ऋण खोजेर | २० | ३८.४७ |
| ३ | बस्तुभाउ बेचेर | २२ | ४२.३० |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.६ अनुसार अध्ययन क्षेत्रका ५२ घरपरिवार मध्ये आफ्नै आम्दानीको स्रोतले चाडपर्वकोलागि खर्च जुटाउनेको संख्या १२ घर परिवारमा मात्रै पाइयो । जुन कुल घरधुरी संख्याको २३.०७ प्रतिशत हुन्छ । ऋण खोजेर चाडपर्वकोलागि खर्च जुटाउनेको संख्या २० घरपरिवार पाइयो जुन कुल घरधुरी संख्याको ३८.४७ प्रतिशत हुन आउछ । बस्तुभाउ बेचेर चाडवर्पकोलागि खर्च जुटाउनेको संख्या २२ घरपरिवार पाइयो जुन कुल घरधुरी संख्याको ४२.३० प्रतिशत हुन्छ ।

यस अध्ययनबाट जानकारी भए अनुसार चाडपर्वकोलागि खर्च आफ्नै आम्दानीले सबभन्दा कम मात्रामा गरेको देखियो । यहा विशेषगरी आफ्नै आम्दानी कम हुने हुनाले खर्च जुटाउनकोलागि अन्य प्रक्रिया अपनाएको देखियो । यहा बस्तुभाउ बेचेर खर्च गर्नेको संख्या सबभन्दा बढी पाइयो । बाख्रा, गोरु, भैसी, आदी बेचेर चाडपर्वकोलागि खर्च जुटाउने गरेको पाइन्छ । यस समाजका सबभन्दा बढी २० घर परिवारले ऋण खोजेर चाडपर्वकोलागि खर्च जुटाउनु परेको पाइन्छ । यो ऋण अर्को चाडपर्व नआउने बेला सम्म, प्राय हिउदको समयमा ज्याला गरी तिर्ने गर्दछन् ।

## तालिका नं. ६.७

## कामी परिवारले ऋण लिने स्थान/व्यक्ति

| क्र.सं. | स्थान | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि विकास बैंक | २ | ३.८४ |
| २ | जमिन्दार | ५ | ९.६१ |
| ३ | साहुबाट | १५ | २८.८४ |
| ४ | नातेदारबाट | ३० | ५७.६९ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.७ अनुसार अध्ययन क्षेत्रका ५२ घरधुरी मध्ये २ घरधुरीले मात्रै कृषि विकास बैंकबाट ऋण लिएको पाइयो । जुन कुल घरधुरी संख्याको ३.८४ प्रतिशत हुन्छ । जमिन्दारबाट ऋण लिनेको घरधुरी संख्या ५ पाइयो । जुन कुल घरधुरी संख्याको ९.६१ प्रतिशत हुन्छ । साहुबाट ऋण खोज्नेको घरधुरी संख्या १५ रहेको छ जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन्छ । नातेदारबाट ऋण लिनेको संख्या ३० रहेको छ जुन कुल संख्याको ५७.६९ प्रतिशत हुन आउछ ।

यस अध्ययनमा आएको परिणाम अनुसार कृषि विकास बैंकबाट सबभन्दा कम घरधुरीका सदस्य ऋण लिने गर्दछन । कामी समुदायले जमिन्दारसँगबाट अलि धेरैले ऋण लिने गरेको पाइयो । साहुबाट पनि ऋण लिने गरेको पाइयो । सबभन्दा बढी नातेदारबाट ऋण लिने गरेको पाइयो । दातेदारबाटै ऋण लिनुको कारण दातेदारलाई व्याज तिर्नु नपर्ने कारणले भएको अध्ययनको क्रममा पाइयो । यहाका समुदायको आर्थिक अभावका कारणले गर्दा तल्लो स्तरमा रहनु परेको र ऋण लिन बाध्य हुनु परेको अध्ययनको क्रममा पाइयो ।

### ६.२ दलित महिलाको धार्मिक अवस्था

विश्वको कुनै पनि मानिस कुनै न कुनै धर्मबाट प्रभावित भएका हुन्छन् । प्राचिनकालदेखि नै नेपालमा हिन्दु धर्मको बाहुल्यता रहदै आएको हुनाले नेपाललाई हिन्दू अधिराज्य रुपमा मानिदै आएको पाइन्छ । प्रजातन्त्रको पुर्नवहाली सँगसँगै हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रुपमा अंगिकार गरेको भएता पनि यहाँ विभिन्न धर्म प्रति आ-आफ्नो निष्ठा र प्रतिवद्धता जाहेर गर्दै विविध धर्मको अनुसरण गर्ने मानिसहरु बसोबास गरिरहेका छन । आज सम्म पनि नेपालमा कहिल्यै धर्मको आडमा कलह बैमनश्यता र झगडा भएको पाइदैन ।

यस जातिले पनि हिन्दु धर्मको अनुसरण गर्ने गर्दछ । यस वडा नं.१ मा बसोबास गर्ने ५२ वटै घरपरिवारमा गरिएको प्रश्नावली भर्ने क्रममा समेत कसैले पनि हिन्दु धर्म बाहेक

अन्य धर्म अनुसरण गरेको बताएनन् । यिनीहरुको वरिपरी ब्राम्ह्ण र क्षेत्री समुदायका हिन्दुहरु नै बसोबास गर्ने भएको हुनाले पनि अन्य धर्म अपनाउन नसकेको कुरा बुझ्न सकिन्छ ।

सामाजिक असमानताको कुरा गर्दा यो धर्ममा नै भेदभाव पूर्ण तरिकाले व्यवहार गर्न सिकाइएकोले सामाजिक विभेद सहनुपरेको अध्ययनमा देखिन आएको छ ।

यस कामी समाजमा सवैले नै हिन्दू धर्म मान्दछन् । यस समुदायमा महिलालाई धर्मले भेदभाव गरेको छ की छैन ? भन्ने प्रश्नमा धेरैको मत छ भन्ने आयो । यस समुदायले अन्य ब्राम्हण क्षेत्रीले जस्तै विभिन्न चाडपर्व मान्ने गरेको पाइयो । यस समुदायमा बली दिने प्रचलन पनि रहेको छ ।

कामी समाजका महिलालाई धर्मको आधारमा भेदभाव गरिएको नै बढी पाइयो । महिलालाई मन्दिर जान रोक नै लगाएको नभएपनि प्राय पूरुषहरुले मन्दिरमा जाने बलिदिने गर्ने हुनाले महिलालाई धर्मले नै भेदभाव गरेको हो भन्ने धारणा यहाका महिलाहरुबाट पाइयो । भेदभाव गरेको छैन भन्ने महिलामा प्राय धर्म प्रति त्यति चासो नभएकोले र अशिक्षित भएको कारणले गर्दा धर्मले आफूहरुलाई गरेको व्यवहारलाई मुल्याङ्कन गर्न पनि नसको कारणले गर्दा यी महिलाले यस्तो उत्तर दिएको पाइयो ।

यहाँका महिलालाई लैङ्गिक आधारमा पनि भेदभाव गरेको केही अर्न्तवाताबाट पाइयो । यहा मन्दिरमा पुजा गर्ने पुजारी पुरुष नै हुन्छन् । यहाँका घर परिवारको धार्मिक कार्यमा कार्य गर्ने र गराउने पनि पुरुष नै भएको पाइयो । जसको कारण लैङ्गिक रुपमा महिलाले यस्तो गर्नु हुदैन पुरुषले गर्ने काम हो जस्ता कुराहरु समाजले उत्पत्ति गरेको पाइयो ।

**तालिका नं. ६.८**

**धार्मिक कार्यमा सहभागिता**

| क्र.सं. | सहभागिता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छैन | ७ | १३.४६ |
| २ | कम मात्रामा छु | २५ | ४८.०७ |
| ३ | पुरुष जत्तिकै छु | २० | ३८.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं.६.९ अनुसार धार्मिक कार्यमा सहभागी नहुने महिलाको घरधुरी संख्या ७ रहेको छ । जुन कुल घरधुरी संख्याको १३.४६ प्रतिशत हुन्छ । कम मात्रामा सहभागी छु भन्ने महिलाको घरधुरी संख्या २५ रहेको छ । जुन कुल घरधुरी संख्याको ४८.०७ प्रतिशत हुन्छ । पुरुष जत्तिकै सहभागी छु भन्ने महिलाको घरधुरी संख्या २० रहेको छ । जुन कुल घरधुरी संख्याको ३८.४६ रहेको छ ।

स्थलगत अध्ययन र अर्न्तवाताबाट आएको जानकारी अनुसार महिलाहरुको पुरुषको भन्दा सहभागिता प्रतिशत कम देखियो । यहाँका महिलाहरु पुरुषको तुलनामा कम मात्रामा सहभागी भएको देखिन्छ । महिलाहरुले घरायसी कार्य धेरै गर्नुपर्ने भएकोले साथै पुरुषलाई पनि सहयोग गर्नुपर्ने भएकोले गर्दा धार्मिक कार्यमा जानकोलागि फुर्सद पनि नपाउने केही महिलाको गुनासो थियो ।

यस कामी समाजले दशै, तिहार, साउने,माघे, संक्रान्ती, चैते दशैका साथै हिन्दू धर्म अनुसार सम्पूर्ण चाडपर्व मान्ने गर्दछ । यहा दशैमा बलिदिने प्रचलन अत्यधिक छ । बलिदिदा आफ्नो आत्म सन्तुष्टि हुने यीनीहरुको भनाई छ ।

स्थलगत अध्ययन, अर्न्तवाताबाट आएको जानकारी अनुसार यस समाजमा बलिदिने चलन रहेको, जुन उपयुक्त लाग्दैन भन्नेको संख्या ४२ घरधुरी रहेको छ । यिनिहरुले उपयुक्त नलाग्दा नलाग्दै पनि समाजको र धर्मको डरले गर्दा बलि दिन बाध्य भएको भनाइ व्यक्त गरे । पहिले देखि बाबु बाजेले गर्दै आएको चलन आफूले गर्न छोड्यो भने केही नराम्रो हुने होकी भनेर बलिदिने प्रचलनलाई निरन्तरता दिएको धारणा व्यक्त गरे । बलिदिने प्रचलन पहिले देखि नै चल्दै आएको र यसलाई निरन्तरता दिन अनिवार्य भएको कुरालाई यहाका १० घरपरिवारका व्यक्तिले व्यक्त गरे बाट यो समाजमा हिन्दु धर्मको प्रभाव भएको प्रष्ट हुन्छ ।

## ६.३ दलित महिलाको राजनीतिक अवस्था

हरेक व्यक्ति या त पुरुष होस या महिला उनीहरुको भूमिकालाई सामाजिक र सांस्कृतिक तत्वले असर गर्दछ । त्यसैले महिलाहरुको लागी राजनैतिक सहभागिता यसको अपवाद हुन सक्दैन । नेपाल पितृवंशीय सामाजिक संरचना भएको र बहुधार्मिक, बहुसांस्कृतिक संरचना भएको राष्ट्र हो । हिन्दु परम्परावादी सोचाई र पितृवंशीय सामाजिक संरचनाको प्रभावले राजनीतिमा पनि लैङ्गिक विषमता सिर्जना गरेको छ । नेपालमा हरेक व्यक्तिको सामाजिक स्थिति जन्मसिद्ध रहेको हुन्छ । जसले गर्दा राजनितिमा लैङ्गिक असमानता हुनु पनि स्वभाविकै हो । पुरुष र महिलाको विचमा रहेको लैङ्गिक असमानता, शिक्षा, पेशा, सम्पत्तिको अधिकार, ज्याला आदिमा पनि कायम रहेको छ ।

वि.सं. २००७ सालदेखि २०४६ साल हुँदै वि.सं. २०६२/०६३ सालको जनआन्दोलन सम्मका सबैजसो आन्दोलन र राजनैतिक संस्थाहरुमा दलित समुदाय र दलित महिलाको सहभागिता हुँदै आइरहेको छ । राजनैतिक पार्टीहरुले दलित महिलाहरु प्रति सबै क्षेत्रमा समान व्यवहारको नारा लगाइरहेका छन् । यति हुँदा हुदै पनि दलित र दलित महिलाहरुको अधिकांश संख्या शिक्षा, सांस्कृतिक, चेतना, सामाजिक मर्यादा र आर्थिक क्षेत्रमा पछाडी परेकोले उनीहरु राजनैतिक नेतृत्वको प्रमुख स्थानमा पुग्न सकेका छैनन् ।

समयको परिवर्तन सँगसँगै सोच विचारको पनि परिवर्तन हुँदै जान्छ तर पनि जातियताको आधारमा हुने उचनिचतामा, छुवाछुतमा केही मात्रामा कमी भए पनि उल्लेखनीय रुपमा सफलता भने हुन सकेको छैन् । कानूनी रुपमा जातियताको आधारमा हुने भेदभावलाई अन्त्य गरिए पनि यसले मानिसको सोचाईमा, व्यवहारमा भने परिवर्तन गर्न

सकेको छैन । सार्वजनिक ठाउँमा अलिकति खुकुलो व्यवहार देखिए तापनि निजी क्षेत्र अझै पनि यस्तो व्यवहार पाइदैन् ।

यस समाजका दलित महिलाहरुको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरुले विभिन्न क्षेत्र तर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रुपमा कार्यान्वयन भएको छैन । यहाँका दलित महिलाहरुले कुनै निर्वाचनमा स्थान पाएका छैनन् ।

नेपाली नागरिक भनेर चिनिन र कतै पनि केही काम गर्नको लागि नागरिकताको आवश्यकता पर्दछ । यस गाउँका दलित महिलाहरु आफ्नो परिचय पत्रको रुपमा रहेको नागरिकता लिनको लागी निकै सचेत देखिन्छन् । नागरिकता विना विभिन्न सरकारी काम गर्न नमिल्ने गा.वि.स. मा दिइने विभिन्न तालिममा सहभागिता जनाउन नपाइने र जग्गा आफूले लिन चाहे पनि नपाइने भएकोले नागरिकताको महत्वलाई बुझ्दै नागरिकता लिनमा होसियार रहेको पाइन्छ ।

यस कामी समाजका महिलाहरु अशिक्षाको कारणले गर्दा अन्य समाजका महिला जत्तिकै राजनीतिक चेतना पाएका छैनन् । यस समाजमा केही शिक्षित महिलामा र केही साक्षर महिलामा राजनीतिक चेतना थोरै मात्र आएको छ । साक्षर महिलाहरु गाउँ स्तरिय भएपनि विभिन्न राजनीतिक संघ संगठनमा भाग लिएको पाइन्छ । अहिलेको देशमा भएको महिला शिक्षा, महिला कोटा सम्बन्धि व्यवस्थाको कारणले गर्दा पनि यहाँका महिलाले राजनीति गर्नुपर्दछ भन्ने बारेमा  चेतना आएको पाइन्छ ।

**तालिका नं. ६.९**

**महिलाको राजनीति प्रतिको चासो**

| क्र.सं. | सहभागिता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सक्रिय भएर लागेकी छु | १७ | ३२.६९ |
| २ | सामान्य मतदाता मात्रै हुँ | १५ | २८.८४ |
| ३ | चाख छैन तर भोट दिन जान्छु | २० | ३८.४६ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.११ अनुसार कामी समाजका महिला सक्रिय रुपमा राजनीतिमा लाग्नेको घरधुरी संख्या १७ रहेको छ । जुन कूल घरधुरी संख्याको ३२.६९ प्रतिशत हुन्छ । सामान्य मतदाता मात्रै हुँ भन्नेको घरधुरी संख्या १५ रहेको छ जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन्छ । चाख छैन तर भोट दिन जान्छु भन्नेको घरधुरी संख्या २० रहेको छ जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन्छ ।

यस कामी समाजका महिला मध्ये साक्षर र शिक्षित महिलाहरु नै छन् । यस गाउँमा महिलाले वडा स्तरमा, गा.वि.स. स्तरमा राजनीति गर्ने गरेको पाइयो । विभिन्न पार्टीमा संलग्न भएर राजनीतिमा आफू संलग्न भएका त्यहाँका महिलाबाट स्पष्ट भयो । सामान्य मतदाता मात्रै हुँ भन्ने महिला मध्ये केही महिलाले दिनै पर्छ भनेर मतदान गरेको जनाए भने केही महिलामा राजनीति सम्बन्धि चाख देखिएन । यस्ता महिलामा अशिक्षित महिला धेरै परेका छन । यहाँ महिलालाई सामाजिक रुपमा पनि राजनीतिमा लाग्न प्रेरित नगरिने हुनाले र राजनीति त पुरुषले मात्र गर्ने हो भन्ने धारणा रहेको कारणले गर्दा महिलाहरु त्यत्ति धेरै राजनीतिमा संलग्न रहेको पाइएन । यस समाजमा महिला राजनीतिमा पुरुष भन्दा पछि पर्नुको कारण पितृसत्तात्मक व्यवस्थाले गर्दा पनि हो । जसले गर्दा महिला राजनीतिमा अगाडि बढ्न सकेका छैनन् ।

यस समाजमा गरिएको अध्ययनमा राखिएको प्रश्न दलित महिला राजनीतिमा नलागे विकास संभव छ कि छैन भन्नेको उत्तरमा छैन भन्ने नै सबैको धारणा थियो । यि महिलाको भनाइ अनुसार यदी दलित महिलालाई राजनीतिमा सहभागी नगराउने हो भने देशको विकास नै संभव छैन । देशमाविकास गर्नको लागि पहिला दलित महिलालाई सहभागी गराउनु पर्दछ भन्ने विचार व्यक्त गरे ।

दलित महिलाले राजनीति गर्नुपर्छ जस्तो लाग्छ की लाग्दैन भन्ने प्रश्नको उत्तरमा सबैको एकमत पर्दछ भन्ने आयो । दलित महिलालाई अरु माथिल्ला जातिका महिलालाई जस्तै सहभागी गराउनु पर्दछ भन्ने दलित महिलाको भनाई थियो ।

### तालिका नं.६.१०

### परिवारका सदस्यले राजनीतिमा लाग्न दिने प्रेरणा

| क्र.सं. | प्रेरणा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दिनुहुन्छ | २२ | ४२.३० |
| २ | दिनुहुन्न | ३० | ५७.६९ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार परिवारका सदस्यले राजनीतिमा लाग्न प्रेरणा दिनेको घरधुरी संख्या २२ रहेको छ भने जुन कुल घरधुरी संख्याको ४२.३० प्रतिशत हुन्छ । प्रेरणा नदिनेको घरधुरी संख्या ३० रहेको छ जुन कुल घरधुरी संख्याको ५७.६९ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययन आएको जानकारी अनुसार यस समाजमा महिलालाई राजनीतिमा सहभागी हुनकोलागि प्रेरणा दिने भन्दा नदिनेको संख्या बढी पाइयो । यहाका महिलालाई पारिवारिक रुपमा सहयोग समर्थन, प्रेरणा नभएको कारणले गर्दा नै महिलाहरु राजनीतिमा कम लागेका हुन । यस समाज हिन्दु धर्मबाट प्रभावित पितृसत्तात्मक भएको कारणले

महिलाले राजनीति गर्दा घर छोड्न पर्दछ । घर छोड्नु महिलाकोलागि राम्रो होइन जस्ता अबधारणाले गर्दा महिलाहरु राजनीतिमा सहज रुपमा प्रवेश गर्न सक्दैनन् ।

अध्ययनको क्रममा महिलालाई हाल गा.वि.स अध्यक्ष को हुनुहुन्छ थाहा छ ? भनि सोधिएको प्रश्नमा थाहा छ भन्नेको संख्या नै बढी आयो । यसबाट राजनीति चेतना महिलामा रहेछ भन्ने पनि प्रष्ट हुन्छ । दलित महिला राजनीतिक पदमा सहभागी भएको तर धेरै मात्रामा र ठूलो पदमा सहभागी नभएको पाइन्छ ।

**तालिका नं.६.११**

**महिलालाई जानकारी भएको पार्टीको नाम**

| क.सं. | पार्टी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली कांग्रेस | २० | ३८.४६ |
| २ | नेपाल कम्यूनिष्ट पार्टी (एमाले) | १५ | २८.८४ |
| ३ | नेपाल कम्यूनिष्ट पार्टी(माओवादी) | १७ | ३२.६९ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं.६.१३ अनुसार कामी समाजका महिलाले नेपाली कांग्रेस पार्टीको नाम सुन्नेको संख्या २० रहेको छ । जुन कुल घरधुरी संख्याको ३८.४६ प्रतिशत हुन्छ । नेपाल कम्यूनिष्ट पार्टी (एमाले) को नाम सुन्ने महिलाको घरधुरी १५ रहेको छ जुन कुल घरधुरी संख्याको २८.८४ प्रतिशत हुन्छ । नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को नाम सुन्ने महिलाको घरधुरी १७ रहेको छ जुन कुल घरधुरी संख्याको ३२.६९ प्रतिशत हुन्छ ।

यस अध्ययनमा जानकारी भए अनुसार यहाका दलित महिला सामान्य रुपमा भएपनि राजनीतिमा सहभागी भएको माथिको तालिकाबाट स्पष्ट हुन्छ । यहाका दलित महिलाले पार्टीको नाम निरक्षर भएपनि भन्न सकेको देखियो । यहाका महिलाले कम्तीमा एक वटा पार्टीको नाम भन्न सक्दा रहेछन् । यसमा केही राजनीतिक चेतना छ भन्ने स्पष्ट हुन्छ । यहाका दलित महिलालाई हाल कुन पार्टीको सरकार छ भनि सोधिएको प्रश्नको उत्तरमा धेरै महिलाले थाहा छ भन्ने जवाफ दिए भने थोरैले थाहा छैन भन्ने जवाफ दिए ।

हाल नेपालमा प्रधानमन्त्री को हुनुहुन्छ थाहा छ ? भन्ने प्रश्नको उत्तरमा धेरैले थाहा छ भन्ने नै जवाफ आयो । थोरैले मात्र थाहा छैन भन्ने जवाफ आयो । यस उत्तरबाट पनि यहाका दलित महिलामा केही राजनीतिक चेतना रहेछ भन्ने स्पष्ट हुन्छ ।

## तालिका नं.६.१२

## राजनीति प्रतिको धारणा

| क्र.सं. | धारणा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हामीले पनि राजनीतिमा भाग लिनुपर्छ | ४० | ७६.९२ |
| २ | भागलिनु हुदैन | ७ | १३.४६ |
| ३ | दलित महिला राजनीतिमा सहभागी हुन सक्दैनन् | ५ | ९.६१ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ६.१४ अनुसार महिलाले हामीले पनि राजनीतिमा भाग लिनु पर्दछ भन्नेको संख्या ४० पाइयो । जुन कुल घरधुरी संख्याको ७६.९२ प्रतिशत हुन्छ । भागलिनु हुदैन भन्नेको संख्या ७ पाइयो जुन कुल घरधुरी संख्याको १३.४६ प्रतिशत हुन्छ । दलित महिला राजनीतिमा सहभागी हुन सक्दैनन् भन्नेको संख्या ५ पाइयो जुन कुलघरधुरी संख्याको ९.६१ प्रतिशत हुन्छ ।

अध्ययनबाट आएको जानकारी अनुसार यहाका धेरै महिलाले राजनीतिमा सहभागी हुनुपर्दछ भन्ने धारणा राखेको पाइयो । यसबाट महिलामा केही राजनीतिक चेतना आएको स्पष्ट हुन्छ । यहाका केही महिलाले भाग लिनु हुँदैन भन्ने उत्तर दिएको पाइयो किन भाग नलिने भन्दा हामीहरु गरिब छौ मजदुरी गर्नुपर्दछ । राजनीति तिर लाग्यो भने त हामीलाई झन अप्ठ्यारो पर्दछ त्यसकारणले गर्दा राजनीतिमा लाग्नु हुदैन भन्ने धारणा यहाका महिलामा पाइयो । दलित महिला राजनीतिमा सहभागी हुन सक्दैनन् भन्नेको धारणा पनि केही मात्रामा पाइयो । दलित महिलालाई माथिल्लो जातका महिलाले राजनीति गर्न दिदैनन् त्यसकारणले गर्दा दलित महिलाले राजनीति गर्न सक्दैन भन्ने धारणा यि महिलाबाट पाइयो ।

## तालिका नं.६.१३

## राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ

| क्र.सं. | फाइदा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | इज्जत मान बढ्छ | १० | १९.२३ |
| २ | दलितको पक्षमा निर्णय गर्न पाइन्छ | ७ | १३.४६ |
| ३ | आफ्नो वर्गको समस्या राख्न पाइन्छ | ३० | ५७.६९ |
| ४ | साधन र स्रोतमा पहुँच बढछ | ५ | ९.६१ |
| जम्मा | | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं.६.१४ अनुसार राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ भन्ने प्रश्नको उत्तरमा इज्जत मान बढ्छ भन्नेको घरधुरी संख्या १० रहेको छ जुन कुल घरधुरी संख्याको १९.२३ प्रतिशत हुन्छ । दलितको पक्षमा निर्णय गर्न पाइन्छ भन्नेको घरधुरी संख्या ७ रहेको छ जुन कुल घरधुरी संख्या १३.४६ प्रतिशत हुन्छ । आफ्नो वर्गको समस्या राख्न पाइन्छ भन्नेको घरधुरी संख्या ३० रहेको छ जुन कुल घरधुरी संख्याको ५७.६९ प्रतिशत हुन्छ । साधन र स्रोतमा पहुँच बढ्छ भन्नेको घरधुरी संख्या ५ रहेको छ जुन कुल घरधुरी संख्याको ९.६१ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययन आएको जानकारी अनुसार यहाका धेरै महिलाले राजनीतिमा भाग लिएमा आफ्नो वर्गको समस्या राख्ने कुरालाई व्यक्त गरेका छन । आफू राजनीतिमा सहभागी भइयो भने समस्या राख्न पाइने थियो की जसको कारणले हाम्रो आर्थिक स्थितिलाई सहयोग पुऱ्याउने थियो भन्ने धारणा यहाका महिलाको छ । इज्जत मान बढ्छ भन्ने पनि केही महिलाको धारणा थियो । इज्जत मान बढाउनकोलागि भएपनि राजनीतिमा सहभागी हुनुपर्ने दलित महिलाको धारणा थियो । आफू राजनीतिमा सहभागी भैसकेपछि दलित वर्गको पक्षमा निर्णय गर्न पाइन्छ भन्ने धारणा केही महिलामा पाइयो भने राजनीतिमा सहभागी भैसकेपछि स्रोत साधनमा पहुँच बढ्छ भन्ने पनि केहीको धारणा थियो ।

यस समाजका महिलाहरुले कुनै संगठनको सदस्यता लिनु भएको छ कि छैन भनि गरिएको प्रश्नमा थोरै महिलाको जवाफ २० जनाको छ भन्ने आयो भने ३२ जनाको छैन भन्ने आयो यहाका दलित महिलाको राजनीतिमा भाग लिने इच्छा व्यक्त गरेतापनि मौका नपाएकोले राजनीतिमा सहभागी हुनबाट बञ्चित रहेको पाइयो ।

# अध्याय सात

## ७. १ कामी समुदायको सामाजिक, आर्थिक परिवर्तन र निर्णय प्रक्रियामा लैङ्गिक सहभागिता

कामी जाति दलित महिला अछुत वर्गमा पर्ने आफ्नै परम्परागत पेशा फलामको भाडा बनाउने जाति हो । नेपालका विविध स्थानमा बसोबास गर्ने यी कामी जाति विशेषत पहाडी भेगमा तथा तराई प्रदेशमा माथिल्ला जातिका संरक्षणमा बसेका भेटिन्छन् भने आजभोली सबैतिर न्यूनसंख्यामा छरिएर बसोबास गरेका भेटिन्छन् । यसै क्रममा नेपालका विविध स्थान मध्ये गुल्मी जिल्ला नयाँगाउँ गा.वि.स. मा पनि यिनिहरु धेरै अघि देखि बसोबास गर्दै आइरहेका छन् ।

यस समुदायमा पहिलेको पुस्ताका व्यक्तिहरुले शिक्षा प्राप्त गरेका छैनन् भने अहिलेका पुस्ताले शिक्षा प्राप्त गरेका छन् । त्यस्तैगरी अहिलेको पुस्ताका महिलाले पहिलेका महिलाले जस्तो पढ्दै नपढी काम मात्रै गर्ने गर्दैनन् । पहिले दलितहरुले उपल्ला जातका कोहीलाई भेटे पनि जदौं भनेर बाटोमुनी लाग्नु पर्ने अवस्था भएको कुरा पूर्वजहरु बताउछन् । तर अहिले आएर त्यसरी बाटोमा भेटिए पनि बाटो छोड्नुपर्ने चलन देखिदैन । यहाका नयाँ युवा युवतीहरु छुवाछुतको कु-संस्कारलाई स्वीकार गर्न छोडेको देखिन्छ । ब्राम्हण क्षेत्रीको छोराछोरी सरह एउटै स्कूलमा अध्ययन गर्दछन् र छुवाछुत कहाँ के कति हुन्छ भनी प्रश्नावलीबाट आएको जानकारी अनुसार पनि सबभन्दा कम छुवाछुत विद्यालय हुने गरेको पाइयो । पहिले पहिले विद्यालयमा जादा कामीको छोरा छोरी भनेर अपहेलना गरिने तर अहिले त्यस्तो नगरिने पनि अध्ययनमा पाइयो । जुन सामाजिक रुपमा भएको परिवर्तन हो ।

पहिले छोरीलाई पढाउनु हुदैन भन्ने धारणा समाजमा व्याप्त थियो तर अहिले यसमा पूर्ण रुपमा परिवर्तन आएको छ । छोरीलाई पढाउन आवश्यक छ की छैन भन्ने प्रश्नको जवाफमा आएको सबभन्दा बढी ४८ प्रतिशत उत्तरबाट पनि स्पष्ट हुन्छ की छोरीलाई पढाउने शिक्षा सम्वन्धि मतमा परिवर्तन आएको छ ।

अर्को कुरा के देखिन्छ भने अबका ब्राम्हण क्षेत्री समाजका युवा वर्गले त्यस्तो सामाजिक कुरीतिलाई पनि साथ नदिने भएकोले क्रमश जातिय भेदभाव हट्न थालेको देखिन्छ । पहिले जस्तो जथाभावी फोहोर बढी गर्ने, जाँड रक्सी बढी खाने मात्र नगरि त्यहाका कामी समुदायले खेतीपाती र अन्य कार्यलाई बढी महत्व दिन्छन् । अहिले यिनीहरुले सफा सुग्घर बढी  गर्ने, घर आँगन सफा राख्ने मान्यतामा जोड दिएको देखिन्छ । सामाजिक एकता र सद्भावनाको जागरण बढ्दै छ । पहिले पहिले जस्तो रुढीवादी मात्र नभइ सामाजिक चेतनाको लहर बढ्न थालेको देखिन्छ ।

पहिले हामी धर्म अनुसार अछुत भएको कारणले गर्दा यसलाई परिवर्तन गर्न सकिदैन भन्ने मान्यता त्यो समाजमा थियो भने अहिले छुवाछुत प्रथालाई हटाउनकोलागि धर्मलाई परिवर्तन गर्नु पर्दछ भन्ने धारणा आएबाट पनि स्पष्ट हुन्छ की यो समाजमा धेरै परिवर्तन भएको छ ।

### ७.१.१ आर्थिक परिवर्तन

कामी समुदायको परम्परागत पेशा फलामको भाडा बनाउने हो भने महिलाको मुख्य पेशा कृषि नै हो । पहिले विष्टको घरमा जाने खर्चहरु ल्याउने, तरकारी, बाली (एक वर्ष भरिमा दिने अन्न) ल्याउने, साथै फलामका भाडाहरु अर्जाप्न(भाडामा धार निकाल्ने कार्य) ल्याउने गर्दथे भने अहिले हिउदमा सुन्तलाको व्यापार गर्न पनि कामी महिला जाने गरेको देखियो । जुन पहिलेको तुलनामा धेरै परिवर्तन भएको पाइयो ।

यहाका दलित समुदायको जमिन थोरै छ । अर्काको जग्गा ठेक्का गर्ने, अधिया गर्ने कार्य महिलाले गर्दछन् । यहाका घरपरिवारले जग्गा बाझो राखेका छैनन । कसैको पनि सिंचाइ सुविधा छैन । पहिले हिउदे तरकारी खेती गर्दैनथे भने हाल सबैले धेरै थोरै खान पुग्ने तरकारी उत्पादन गरेको पाइन्छ ।

कामी जातिले विभिन्न भाडा कुडा हात हतियार, सुन चाँदी गरगहना बनाएर आफ्नो जीवन निर्वाह गर्दै आइ रहेका थिए । नेपाली समाज विकासको सँगै सगै विभिन्न पटकमा आएका परिवर्तनहरुले यिनीहरुको सांस्कृतिक, सामाजिक क्षेत्रमा मात्र परिवर्तन नभइ आर्थिक क्षेत्रमा समेत परिवर्तन ल्यायो । कामी जातिको परम्परागत पेशामा परिवर्तन आउन थाल्यो विभिन्न अन्य आर्थिक क्रियाकलापमा उनीहरु संलग्न हुन थाले । परम्परागत सामान बनाएर बजारमा प्राप्त हुने आधुनिक मेशिनका सामान संग प्रतिस्पर्धा गर्न नसक्दा उनीहरुको परम्परागत पेशामा कमी आयो । यसरी आफ्नो आर्थिक क्रियाकलाप अर्न्तगत कर्मी काम गर्ने, विष्टको हलो जोत्ने, ज्यालादारी गरी दैनिक ज्याला लिने प्रचलन आयो । यसबाट उनीहरुको पहिलेको भन्दा आर्थिक स्थितिमा पनि परिवर्तन आयो । बच्चाहरुलाई विद्यालय पठाउने, औषधी उपचारमा पैसा खर्च गर्ने वातावरणको विकास भयो । आंशिक रुपबाट परम्परागत पेशा गरी बाली उठाउने प्रचलन सँगसँगै पैसा लिने प्रचलन पनि हाल कायम छ । यसरी उनीहरुको अर्थिक रुपमा आएको परिवर्तनबाट उनीहरु आधुनीकिकरण तर्फ लम्केका पाइन्छन् । यसका साथै केही सुन चाँदीको परम्परागत पेशालाई आधुनिकीकरण गरी राम्रो अर्थोपार्जन गरेको पनि पाइन्छ । यस देखि बाहेक विभिन्न शहर बजारमा कामको खोजीमा जाने प्रचलन पनि छ भने वैदेशिक रोजगारीको रुपमा भारत र विभिन्न अरवीयन देशहरुमा कामी युवाहरु गएका छन् । यसरी यीनिहरुको आर्थिक क्रियाकलाप र आर्थिक अवस्थामा क्रमशः परिवर्तन आएको पाइन्छ ।

कामी जातिको परम्परागत पेशा फलामको काम गर्ने भएतापनि यहाँका महिलाले ज्यालामा काम गर्ने गरेको पाइन्छ । यहाका महिलाले केबल परम्परागत पेशालाई मात्र नअपनाएर कृषि, नोकरी, व्यापार, ज्याला, गरेको पनि पाइयो । यिनीहरुको आर्थिक अवस्था निकै दयनिय भएपनि आफ्नो आर्थिक अवस्था सुर्धानकालागि विभिन्न संघर्ष गरेर जिविकोपार्जन गर्ने गरेको पाइयो ।

पहिले पहिले जस्तो अबका महिलाहरु केवल घरमा मात्र सिमित नभइ ज्यालादारी काम र मेलापातमा लागेका पाइन्छन् । उनीहरुले पनि आर्थिक कमाइमा ठूलो सहयोग गर्न

थालेको देखिन्छ । यहाका कामी समुदायमा आफ्नो स्वामित्वको जमिनको उत्पादनले मात्र खान नपुग्ने हुदा अरुको खेतबारी अधिया, ठेक्का, बन्दगी गर्ने गरेको पनि पाइन्छ ।

यस कामी समुदायको शिक्षित महिलाहरुले केवल कृषिमामात्र नलागेर नोकरीमा पनि लाग्ने गरेका छन । केही महिलाहरु सिलाइ कटाइ जस्ता सिप मूलक तालिममा पनि लागेको पाइयो । जसले गर्दा पैसा आय आर्जन गर्न केही सजिलो भएको पाइन्छ । यहा पहिले पशुपालन कुखुरा पालन पनि सामान्य रुपमा गरिन्थ्यो भने अहिले केही आधुनिकता अपनाएर गर्ने गरेको पाइन्छ ।

यस समुदायमा पहिलेको तुलनामा अहिले धेरै आर्थिक अवस्थामा परिवर्तन भएको पाइन्छ । आर्थिक अवस्थामा परिवर्तन भएपछि यस समाजमा जीविको पार्जन गर्ने शैलीमा केही परिवर्तन आएको पाइन्छ । अहिलेको विदेश जाने लहरले पनि त्यस समाजलाई प्रभाव पारेको छ । त्यस समाजका युवाहरु विदेश गएका छन जसले गर्दा आर्थिक अवस्थामा पहिलेको तुलनामा सजिलो भएको छ ।

## ७.१.२ धार्मिक परिवर्तन

यस कामी समाजमा गरिएको अध्ययन अनुसार यस समाजमा सबै हिन्दु धर्म मान्ने व्यक्तिहरु छन । यस समाज हिन्दु धर्मको प्रभाव पहिले देखि नै परेको देखिन्छ । अहिलेका नयाँ पिढीहरु यो धर्म नै परिवर्तन गर्न पाए हाम्रो स्तर अलि माथि पुग्ने थियो की भन्ने उत्तरबाट धर्ममा परिवर्तन गर्ने धारणा आए पनि थाहा पाउन सकिन्छ । यस समाजमा विस्तारै हिन्दू धर्मको परिवर्तनको क्रम शुरु हुन थालेको, धार्मिक स्वतन्त्रता बढ्न थालेको र हिन्दु धर्म अर्न्तगतका अन्धविश्वास र रुढीवादीहरु हट्न थालेको आभास पाइन्छ ।

यहाँका धेरै महिलामा धर्मको आधारमा महिलालाई भेदभाव गरिएको कारणले गर्दा पनि धर्म परिवर्तन गर्ने इच्छा जागेको पाइन्छ । यसले गर्दा पनि महिला धार्मिक रुपमा परिवर्तन गर्न चाहेको कुरा स्पष्ट हुन्छ । पहिले यस समाजमा धार्मिक कारणले गर्दा कामीहरुलाई छोएपछि उपल्ला जातिहरुले नुहाउने, पानीको छिटो हाल्ने जस्ता कार्यहरु गर्दथे भने अहिले यस्तो छुवाछुत प्रथामा केही कमी आइ छोइछिटो हाल्ने चलन हराएको छ । यो पनि यस कामी समाजमा भएको धार्मिक परिपर्वन मान्न सकिन्छ ।

## ७.१.३.राजनीतिक परिवर्तन

पहिले पहिले यहाँका कामी समुदायहरुलाई हरेक राजनीतिक नेताहरुले भोट बैंकको रुपमा प्रयोग गर्दथे । अझ महिलालाई त केही थाहा नै थिएन । अशिक्षित भएको कारणले गर्दा पनि यिनिहरुले यो समस्या भोग्नु परेको हो । नेताहरुले जुनमा भोट राख्न भन्यो त्यसैमा नै भोट दिन्थे । यहाँका कामी महिलाहरु जुनसुकै पार्टीलाई मत दिएपनि कसैले केही नगरेको गुनासो गर्दछन । पहिला कुन पार्टीको चुनाव चिन्ह के हो भन्ने समेत थाहा नपाएका कामी महिलाहरु अहिले विभिन्न राजनीतिमा संलग्न भएका छन् । हरेक पार्टीका विषयमा र देशमा भइरहेको राजनीतिक उथलपुथलका विषयमा उनीहरुलाई ज्ञान हुँदै आएको देखिन्छ ।

अब पहिले जस्तो सबै भोट एकै व्यक्तिलाई नदिएर आफ्नो विवेकले मत प्रयोग गर्ने चेतनाको लहर आएको छ ।

यस समाजका महिलाहरु राजनीति प्रति चासो राखेर सक्रिय भएर लागेका छन् । यहाँका महिलाहरु गा.वि.स. अध्यक्ष को छ ? प्रधानमन्त्री को छ ? भन्ने विषयमा जानकार छन् । यसबाट पनि यहाँका माहिला र राजनीतिमा अगाडी बढ्न थालेका छन ।

यहाका महिलाहरु वडाका विभिन्न पार्टीका सदस्य पदहरुमा निर्वाचन भएका छन् । पहिले यस समाजमा राजनीति भन्ने महिलाले गर्ने होइन पुरुषले गर्ने हो भन्ने धारणा थियो भने अहिलेका महिलामा राजनीति महिलाले गर्नु पर्दछ भन्ने चेतना आएको छ । यसबाट पनि राजनीतिमा महिलाको भूमिका पहिलेको तुलनामा धेरै परिवर्तन भएको छ भन्ने स्पष्ट हुन्छ ।

## ७.२ निर्णय प्रक्रियामा लैङ्गिक सहभागिता

दैनिक कार्य सञ्चालन र महत्वपूर्ण कार्यहरु गर्दा महिलाहरुलाई कत्तिको सहभागी गराइन्छ वा महिलाहरुको राय तर्कहरुलाई कत्तिको स्थान दिइन्छ भन्ने कुराहरुको पनि त्यस समाजका महिलाहरुको सामाजिक अवस्थाको ज्ञान हुन सक्ने भएकोले यस अध्ययनका क्रममा विभिन्न दैनिक कार्यहरु र केही महत्वपूर्ण कार्यहरु गर्दा अथवा त्यस्तो कार्यहरु गर्ने निर्णय गर्दा महिलाहरुको के कस्तो भूमिका रहन्छ ? महिलाहरु एकल निर्णय गर्दछन् वा पुरुषहरु एकल निर्णय गर्दछन् वा संयुक्त रुपमा निर्णय गरिन्छ ? भन्ने जिज्ञासाहरुका साथ सर्भेक्षण अध्ययन गरिएको थियो ।

यस कामी समुदायमा विभिन्न कार्यमा महिलाको लैङ्गिक सहभागिताको अध्ययन गर्दा महिला भन्दा पूरुष नै बढी सहभागी भएको पाइयो । यस कामी समाजमा हिन्दूवाद, पितृसत्तात्मक भएको कारणले गर्दा निर्णय प्रक्रियामा पुरुष सहभागीता बढी भएको हो । पहिलेको तुलनामा अहिले सहभागीतामा केही बढी देखिएता पनि महिलाको सहभागिता न्यून नै देखिन्छ ।

कामी समाजमा महिलाको घरायसी कार्यमा बढी सहभागिता पाइयो । सामाजिक रुपमा महिलाले घरायसी काम नै गर्नु पर्दछ भन्ने धारणा यस समाजमा भएको कारणले गर्दा महिलाको सहभागिता बढी मात्रामा पाइएको हो । महिला घरायसी कार्यमा धेरै सहभागी हुदा झन बाहिरी कार्यहरु गर्न समय नमिल्ने, पुरुषको तुलनामा अर्थोपार्जन गर्न पनि नसकिने कारणले पुरुषले झन दमन गर्ने माध्यम भएको छ । पुरुषले महिलाले घरमा गरेको कार्यको आर्थिक रुपमा गणना नगर्ने कारणले गर्दा महिलाले तल्लो श्रेणीको रुपमा जीवनयापन गर्न बाध्य भएको पाइन्छ । महिलाले घरायसी कार्यको साथसाथै बच्चाबच्ची पनि हुर्काउने उनीहरुको दायित्व भएको र पूरुषले बाहिरी कार्य मात्रै गर्दा पनि सामाजिक रुपमा महिला भन्दा पुरुष नै प्रतिष्ठित भएको उक्त समाजमा पाइन्छ ।

यस कामी समाजमा घरायसी कार्य जस्तो सामान्य कार्यमा पनि पुरुषको निर्णय भएको पाइयो । ५२ घरधुरीमा गरिएको अध्ययनमा ६१.५३ प्रतिशत पुरुषको नै निर्णय हुने

गरेको पाइयो । कम प्रतिशत मात्रै महिला निर्णय हुने गरेको पाइयो । महिलाको निर्णय हुने प्राय घरहरुमा पुरुष नभएको जागिरको शिलशिलामा बाहिर गएको कारणले गर्दा महिलालाई अवसर मिलेको पाइयो । महिला पुरुष दुवैको सहमतिमा पनि थोरै मात्र १९.२३ प्रतिशत निर्णय हुने गरेको पाइयो ।

लैङ्गिक रुपमा महिलालाई निर्णय प्रक्रियामा सहभागी गरि महिलालाई अगाडी बढाउनको लागि पहिलो चरण भनेको घर परिवार बाटै शुरु हुनु पर्ने हो तर यसको विपरित यस कामी समाजका महिलालाई घरायसी कार्यमा समेत निर्णय गर्नकोलाई अनुमति छैन । यसको कारण हाम्रै सामाजिक, सांस्कृतिक, कु-प्रथाहरु, रुढिवादी परम्परा नै रहेको छ ।

यस कामी समाजका महिलाको कृषि क्षेत्रमा योगदान अत्यन्तै बढी छ । तर यसको निर्णय प्रक्रियामा भने पूरुषको योगदान बढी भएको यहाका महिलाबाट जानकारी आएको छ । यहाका महिलाले कृषि कार्य पनि आफ्नो खुसीले नगरी श्रीमानले निर्णय गरिसकेपछि मात्रै गर्ने गर्दछन् । यसरी पनि महिलामाथि लैङ्गिक दमन भएको कुरा स्पष्ट हुन्छ । कृषि क्षेत्रमा सबभन्दा बढी योगदन महिलाले नै गर्ने गर्दछन् । निर्णय पनि महिलाले नै गर्न पाउनु पर्ने हो तर त्यस्तो हुन सकेको छैन । यसरी महिलाले विभिन्न दमन सहेर जीवन निर्वाह गर्नु परेको छ ।

यस समाजका महिलाहरु धार्मिक कार्यमा कम मात्रामा सहभागी भएको पाइयो । धार्मिक कार्यमा सहभागी हुनकोलागि पनि महिलाहरुलाई पुरुषको निर्णयमा चल्नुपर्ने बाध्यता उक्त समाजमा पाइयो । कुनै धार्मिक कार्य पूजा पाठ, मन्दिर जाने जस्ता विभिन्न कार्यहरुमा पूरुषको नै बढी सहभागिता भएकोबाट पनि धार्मिक कार्यको निर्णय प्रक्रियामा पूरुषको नै निर्णय हुने गर्दछ भन्ने स्पष्ट हुन्छ । विभिन्न कार्यहरुमा पूरुषले नै निर्णय लिने गरेको अध्ययनको क्रममा पाइयो ।

धार्मिक कार्यमा बन्देज छ/छैन भनेर गरिएको प्रश्नको उत्तरमा महिला कम मात्र सहभागी भएको पाइयो । जसको कारण समाजमा व्याप्त रहेको पितृसत्ताले गर्दा नै आफूलाई सहभागी हुन मन लाग्दा लाग्दै पनि घरायसी कार्य गर्नु पर्ने बाध्यता, पुरुषले निर्णय गर्ने कारण र सामाजिक कारणले गर्दा आफूलाई जान मन लाग्दा लाग्दै पनि जान नसकेको महिलाको भनाइबाट पनि लैङ्गिक रुपमा महिला माथि दमन भएको छ भन्ने स्पष्ट हुन्छ ।

दलित महिलाको राजनीतिक रुपमा सहभागितालाई हेर्ने हो भने सक्रिय भएर लाग्ने महिलाको संख्या अत्यन्तै कम रहेको छ । महिलामा जनचेतनाको कमी साथै विभिन्न कारणहरुले गर्दा महिलाको राजनीतिमा सक्रिय रुपमा लाग्ने मात्रा अत्यन्तै कम पाइयो । यस समाजमा महिलाले राजनीति गर्ने होइन । राजनीति त पुरुषले पो गर्ने हो जस्ता धारणाहरु विद्यमान रहेको कारणले गर्दा पनि यसमा महिलाको सहभागितामा कमी आएको छ ।

यस समाजमा महिलालाई राजनीतिमा लाग्न परिवारको प्रेरणा कम पाउने कारणले गर्दा पनि हो भन्न सकिन्छ यस समाजमा महिला राजनीतिमा सहभागिता कम हुनुमा एक मुख्य कारणको रुपमा यसलाई पनि लिन सकिन्छ । ।

# अध्याय आठ

## सारांश र निष्कर्ष :

यस शोधको मुख्य उद्देश्य नयाँगाउँ गा.वि.स वडा नं. १ राहालेमा बसोबास गर्ने कामी जातिका महिलाको सामाजिक, आर्थिक अवस्थाको यथार्थ अध्ययन गर्नु रहेको थियो । नेपालमा छरिएर रहेका अनेकौ जातजातिको आफ्ना-आफ्नै सामाजिक तथा आर्थिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका कामीहरुले पनि यस्तै आफ्नोपनको परिचय दिइरहेका छन् । यस अध्ययनको शिलशिलमा २०६७ मंसिर महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरी कामी समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अर्न्तगत अवलोकन, प्रश्नसूची द्धारा अर्न्तवाता र द्धितिय तथ्यांक संकलन विधि अर्न्तगत गा.वि.स.ले गरेको विभिन्न  सर्भेक्षण, विभिन्न विद्धानबाट प्रकाशित पुस्तक, लेख रचना, जस्ता सामाग्री प्रयोग गरियो । तथ्यांकको अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको सामाजिक एवं आर्थिक पक्षका विभिन्न पक्षहरुका सम्बन्धमा अध्ययन गरियो ।

## ९.१ सांराश :

तथ्याङ्क संकलनको ऋममा प्राप्त यथार्थको सारांश निम्नअनुसारको अनुच्छेदमा प्रस्तुत गरिएको छ ।

१) कामी समाज पितृसत्तात्मक समाज भएको कारणले गर्दा निर्णय प्रक्रियामा ६१.५३ प्रतिशत घर परिवारमा पूरुषको नै निर्णय हुने गरेको पाइयो ।

२) कामी महिलाको वैवाहित स्थिति हेर्दा सम्पूर्ण घरधुरीको ९.६१ प्रतिशतले पारपाचुके गरेको पाइयो । यस समाजमा सबभन्दा बढी परिवार एकात्मक नै पाइयो । यस समाजमा महिलाले आफू अशिक्षित भएपनि ४८.०७ प्रतिशतले छोरीलाई पढाउन आवश्यक छ भन्ने धारणा पाइन्छ ।

३) ब्राम्ह्णको नजिक बस्ने हुदा र हिन्दू धर्म, संस्कृति र संस्कार अपनाएर पनि जन्म देखि मृत्यु संस्कार सम्म गरिने १६ संस्कार मध्ये १ संस्कारमा पनि ब्राम्ह्ण पण्डित दलितको घरमा उपस्थित भएको पाइदैन यसले जातिय विभेद धेरै भएको दर्शाउछ ।

४) कामी समाजका महिला विभिन्न कारणहरु आर्थिक अभाव, छुवाछुत प्रथा जस्ता कारणले सामाजिक गतिविधिमा संलग्न हुन पाएका छैनन् जसले गर्दा सामाजिक मूल्य मान्यता र सामाजिक धारणा तथा व्यवहारमा परिपक्क निर्णय गर्न सक्ने स्थितिमा नपुगेको हुदा पुरुषको तुलनामा निम्न स्तरको जीवन भोग्नु परेको छ ।

५) कामी समुदायका महिलाको शैक्षिक स्थिति अत्यन्तै कमजोर छ । ५२ घर परिवारमा जम्मा ९.६१ प्रतिशतले मात्रै प्रमाणपत्र तह पढेको पाइन्छ भने २८.०७ प्रतिशत महिला निरक्षर नै छन् ।

६) कामी समाजमा घर, मन्दिर, अस्पताल, होटल, विद्यालय सबै स्थानमा छुवाछुत हुने गरेको पाइन्छ । सबभन्दा बढी घर, मठ मन्दिरमा २८.८४ प्रतिशत र सबभन्दा कम विद्यालयमा ३.८४ प्रतिशत छुवाछुत हुने गरेको पाइन्छ ।

७) कामी समुदायका सम्पूर्ण घरपरिवारले पशुपालन, व्यापार, कृषि, ज्याला गर्ने गर्दछन् । ७.६९ प्रतिशतले परम्परागत पेशा पनि गर्ने गर्दछन् । यति गर्दा पनि १ वर्ष खानकोलागि जम्मा ३.८४ प्रतिशत घरलाई मात्र पुग्दछ । अझै पनि २३.०७ प्रतिशत घर परिवार १ महिना मात्र खान पुग्ने छन् ।

८) कामी समुदायले आफ्नो जग्गाको कमी भएकोले धेरै घरले अर्काको जग्गा गर्नु पर्ने वाध्यता छ । आफ्नो जग्गा मात्र गर्ने जम्मा ३.८४ प्रतिशत मात्र छन ।

९) कामी समुदाय ब्राम्ह्णवादबाट पनि प्रभावित भएको छ ।

१०) कामी परिवारमा महिलाको शिक्षाप्रति झुकाव बढ्दै गएको पाइन्छ । ५२ घर परिवारका कामी समुदायमा सबै घरपरिवारका बच्चा स्कूल गएको पाइयो ।

११) यहाका कामी समाजका परम्परागत पेशाको अलावा, ज्याला, जागिर र अहिले विदेश जाने गरेको पाइन्छ ।

१२) कामी महिलाहरु अशिक्षाको कारणले राजनीति प्रति चाख नहुने सबभन्दा बढी ३८.४६ प्रतिशत भएपनि ३२.६९ प्रतिशत महिला राजनीतिमा सहभागी भएको पाइन्छ ।

१३) यी जातिले चाडपर्व अर्न्तगत दशैतिहार, तिज, माघे सक्रान्ति, जनै पूर्णिमा आदी मनाउछन् । सामाजिक संस्कार अर्न्तगत जन्म, न्वारन, विवाह, मृत्यु संस्कार आदी गर्दछन् । यी चाडपर्व र संस्कार माथिल्ला जातिको संस्कृति नक्कल गरेको पाइन्छ ।

१४) यी जातिहरुको खानपीनमा दालभात, रोटी, आटो, तरकारी आदी खान्छन भने जाँड रक्सी, चुरोट, राँगा, कुखुराको मासु बढी मात्रामा खान्छन् ।

१५) यहाँ विद्युत सेवा नहुदा यहाँका बासिन्दा टुकी साथै सोलार बाल्न बाध्य छन् ।

१६) यी जातिमा थोरै मात्रामा धामी झाक्रीको प्रयोग गरे पनि अस्पताल, स्वास्थ्य चौकी आदी मै बढी जाने प्रचलन छ ।

१७) यिनीहरु परम्परागत पेशाको साथै अन्य रोजगारका काममा लागेको हुदा आर्थिक परिवर्तन समेत भएको पाइन्छ । पहिले परम्परागत काम गरे बापत वाली उठाइ आफ्नो जीवीकोपार्जन गर्दथे भने हाल यसमा केही परिवर्तन आएर पैसा उठाउने पनि गरेको पाइयो । जसले गर्दा उनीहरुको शिक्षा, स्वास्थ्यमा समेत पैसा खर्च गर्न सक्ने भए ।

## ९.२ निष्कर्ष :

राष्ट्रिय रुपमा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको चपेटामा रहेको अवस्थामा दलित महिलाको अवस्था अझ नाजुक रहेको पाइन्छ । दलितमा पनि दलित भएर जीउन पुगेका कामी महिलाहरु आफ्नो समुदायभित्र  दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी बिच आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातिय शोषण छुवाछुत, चेतनाको कमी, साक्षरताको कमी, स्रोत र साधनहरुमा कम पहुँच, राज्य द्धारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु सबै जातिय दमन र छुवाछुतको कारक तत्वको रुपमा देखिएको छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्नु आर्थिक अवस्था कमजोर हुनाले हली प्रथा, ज्याला मजदुरीमा भर पर्नुपर्ने हुन्छ । आफ्नो परम्परागत पेशालाई अरु जातिले घृणा भावनाले हेर्ने र आधुनिकिकरणको प्रभावले नियमित रुपमा आउने बाली प्रथामा रहेको फलामको भाडा बनाउने र विष्टलाई रिझाउने कामबाट बञ्चित हुन पुग्दा विद्यमान छुवाछुत प्रथाले गर्दा आत्मबल बढ्न सकेको छैन । जस्तैः होटलमा प्रवेश गरेर चिया पिउदा भाडा माझ्नु पर्ने हुन्छ त्यसैले होटल व्यवसाय सञ्चालन गर्नु भनेको आकाशको फल भएको छ । गाउँमा विभिन्न किसिमका आमा समूह जस्ता सामाजिक संस्था गठन भएका छन् । त्यसमा दलित महिलाको संलग्नता कम छ । कामी महिलाले गैह्र दलितले अह्राएको काम गरेका छन् । उनीहरुको आय आर्जन वृद्धि गर्ने काममा सघाइरहेका छन् । गैह्र दलितले त्यसकोलागि पारिश्रमित त दिएका छन् तर कामको उचित मुल्याङ्कन नहुँदा उनीहरु गरिबीको जन्जालमा फस्न पुगेका छन् । सार्वजनिक स्थल मन्दिर, भोजभतेरमा उपस्थित हुदा छुवाछुतको प्रचलन भित्र बाधिदा हिनता बोधको भावना हुन्छ । तर त्यसको प्रतिरोध गर्दा भोली काम नपाइने होकी भन्ने त्रास यीनीहरुमा उत्पन्न हुन्छ । समाजमा स्वतन्त्र र आत्मसम्मान पूर्वक हिड्डुल गर्न नपाउदा मानसिक रुपमा पिडित भएको पाइन्छ यस अध्ययनको क्रममा अध्ययन गरिएका अधिकांश महिला साक्षर छैनन् आधुनिक युग सम्म आइपुगेर पनि सदियौं पुरानो परम्परागत संस्कृति र रुढीवादी धारणाले बाधिएको हुदा अहिलेको पिढि पनि त्यही सामाजिकीकरणलाई पछ्याइरहेका छन् । उनीहरु पनि शिक्षा आर्जनबाट बञ्चित भएका छन । बाबु आमाको शिक्षाबाट अभिप्रेरित हुँदा नयाँ पेशा अपनाउन सकेका छैनन । विष्टको नै भलो हुने कार्यमा अग्रसर छन् ।

प्राथमिक तह सम्म विद्यालय जाने प्रत्येक घरबाट भए पनि उच्च माध्यमिक तहमा पुग्दा १/२ जना मात्र महिला रहेका छन् । यसको मूल कारणमा दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु र गरिबीको कारणले विद्यालय छाड्ने अवस्था पनि आउने गरेको छ । यहाका दलित महिलाहरु पौरखी परिश्रमी भएर पनि आयआर्जन गर्न सकिरहेका छैनन । यीनिहरुको जग्गा जमिन कमी छ , भएको पनि

उत्पादनशिल छैन त्यसैले यीनिहरु ज्याला मजदुरीमा भर पर्नु पर्ने हुन्छ । नेपालमा महिलाहरुलाई पितृसत्तात्मक कारणले दोस्रो दर्जाको नागरिकको व्यवहार गर्ने गरिएको छ

त्यसैले सबै महिलाहरु उत्पिडित छन् तर माथिल्ला जातका महिला र दलित महिला बिच सामाजिक रुपमा फरक के छ भने दलित महिलाहरु सधैं भरि छुवाछुतको दुर्व्यवहारका शिकार भइरहेका छन् । तर लैङ्गिक सहभागिताको कुरा गर्दा कमला भासिन भने झैं केवल सामाजिक स्वतन्त्रता एवं घर बाहिरको घुमफिरमा स्वतन्त्रतालाई जात, वर्ग, धर्मले मात्र प्रभाव नपारी गरिवीले पनि महत्वपूर्ण भूमिका खेलेको पाइयो । गरिबीको कारणले गर्दा नै पुरुषको मात्र आयस्रोतले परिवार धान्न नसकिने भएको हुँदा महिलाहरु पनि पूरुष सरह ज्यालादारीको काममा समान सहभागी हुने गरेको कुरा महिलाहरु सँगको समूह छलफलबाट थाहा पाइयो । उच्च जातिको महिलामाथि हुने जातिय कट्टरताको बन्देजमा यहाका दलित महिलामा नहुने हुदा दलित महिलाको पुर्नविवाह, विधवा विवाहलाई पनि यस अध्ययन क्षेत्रका महिलाले सहजै लिएको पाइयो । परिवार भित्र हुने निणर्य प्रक्रियामा पनि महिलाको थोरै मात्रामा भएपनि सहभागिता भएको पाइन्छ । आर्थिक उत्पादनमा समान योगदान र समाजमा पुरुषलाई भन्दा महिलालाई बढी विश्वास गर्ने हुनाले पनि परिवार भित्र महत्वपूर्ण कार्यको निर्णय प्रक्रियामा केही सहभागिता रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका कामी महिलाहरु परिवारमा पुरुष प्रतिमात्र निर्भर रहदैनन् किनकी आफ्नो निजी सम्पत्ति नहुदा पुरुष पनि क्षणिक कार्यमा हिड्नु पर्ने हुनाले त्यसमा महिलाको पनि सहभागिता भएको पाइन्छ । हाम्रो पितृसत्तामक व्यवस्थालाई मजबुद बनाउने एउटा भरपर्दो माध्यम शिक्षा पनि हो । पारिवारिक सन्तुलन मिलाइ राख्न पनि पुरुषहरुलाई बढी जिम्मेवारी र अधिकार दिइने र महिला अधिनस्थ हुनुपर्ने सामाजिकीकरण प्रक्रियालाई अगाडी बढाइन्छ । पारिवारिक सन्तुलन विग्रेमा त्यसकोलागि महिलालाई उत्तरदायी बनाइने लेख्न र पढ्न जान्ने शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपी अहिले पनि पाइन्छ । महिला शिक्षित नभए पनि राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन । तसर्थ दलित महिलाको स्वतन्त्रतालाई पनि उच्च जातको समाजले सकारात्मक रुपले लिएको पाइदैन । सामाजिक गतिशिलताको हिसाबले अन्य जातिको महिलाको तुलनामा गरिबीको कारणले बाहिर रोजगारीकालागि जान बाध्य हुनु परेकोले स्वतन्त्र देखिन्छन तर गरिबी र अभावको जातोमा पिसिल्नु परेकोले घर बाहिर घुमफिरको स्वतन्त्रताको महत्व रहदैन । गैह्र दलित महिलालाई घुमफिर र स्वतन्त्रतामा बन्देज लगाई बन्धनमा राखिएता पनि राजनीति देखि प्रशासन सम्म पहुँच पुगेको हुन्छ भने दलित महिलाको उपस्थिति यसको ठाउमा शुन्यको अवस्था रहेको छ । वर्तमानमा आएर दलित समुदायका महिला तथा पूरुष ग्रामीण क्षेत्रमा छुवाछुतको कारण आफ्नो व्यक्तित्वको अवनति देखेर अस्तित्व र नयाँ सोंचको खोजी

गर्न गाउँबाट विस्थापन हुन थालेको पाइन्छ । आफ्नो घरमा परिवर्तन ल्याइ शहर तथा विदेश तर्फ लाग्न थालेको पाइन्छ । परम्परागत रुपमा संरचित हाम्रो जातिय विभेदको कारण वर्तमान सम्म आइपुग्दा विभिन्न कानुनको निर्माण राज्यले जातिय विभेद विरुद्ध अर्न्तराष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरिसक्दा पनि हाम्रो सोँचमा परिवर्तन नआउदा समाज विखण्डन तर्फ उन्मुख भएको छ । एउटै धर्म (हिन्दु), एक भाषा (नेपाली) र समान रहेर पनि छुवाछुतको परम्परागत मानसिकताबाट अन्य जातिले गरिने व्यवहार तथा क्रियाकलापले गर्दा दलित महिलाको शिर माथि उठ्न सकेको छैन । ग्रामिण क्षेत्रमा पनि बजार व्यवस्था ब्राम्ह्ण र बैश्यको कब्जामा रहेकोले आर्थिक उपार्जनको आधार छैन ।

दलित महिलाको सामाजिक आर्थिक अवस्थामा उभोगति दिन नसकेको छुवाछुत प्रथाले दलितलाई उत्पीडनको शिकार बनाएको छ । यसले नकारात्मक मोड दिएमा समाजमा विखण्डन ल्याउने द्वन्द्वलाई बढावा दिने, सामाजिक असहिष्णुता बढाउने , अनेकताको भावना जगाउने परम्परागत पेशाबाट विस्थापित हुनु पर्ने र लोक संस्कृतिको पलायन गर्न यसले प्रभाव पार्दछ ।

## सन्दर्भ ग्रन्थ सूची


अधिकारी निर्मला र कार्की अर्जुन : नेपालमा महिला किसान, १९९१

अर्न्तराष्ट्रिय श्रमसंगठन : संयुक्त राष्ट्रसंघ, अर्न्तराष्ट्रिय श्रमसंगठन, १९८२

खत्री प्रेम कुमार : नेपाली समाज र संस्कृति पाठ्यक्रम विकास केन्द्र, २०४४

खत्री शान्ता कुमारी : कामी जातिका महिलाको सामाजिक र आर्थिक अवस्थाको अध्ययन ( शोधपत्र), किर्तिपुर, मानवशास्त्र/समाजशास्त्र केन्द्रिय विभाग, वि.सं. २०५८

चौधरी विष्णुदेव : नेपाली जातीय लोक संस्कृति एक सिंहावलोकन , काठमाडौं, २०४८

थापा जगत बहादुर : आमूल परिवर्तनकालागि सामाजिक आन्दोलन, २०६३

दाहाल डिल्लीराम : आमूल परिवर्तनकालागि सामाजिक आन्दोलन, २०६३

नयाँगाउँ गा.वि.स.को प्रतिवेदन, २०६५

निरौला खगेन्द्र : नेपाल परिचय, २०५३

प्रश्रित मोदनाथ : नेपालमा जातीय छुवाछुत, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केन्द्रिय कार्यालय, काठमाडौं, २०५३

प्रश्रित मोदनाथ : राज्यको पुन : संरचनामा दलित सहभागिता पृ. ७५, २०६३

बराल बासु : हिन्दु सामाजिक संगठनको प्रारुप, २०५०

बुढाथोकी चन्द्र विक्रम : जयस्थिति मल्लको सुधार साझा प्रकाशन, २०३९

भट्टचन कृष्ण बहादुर : नेपालका आदिवासीहरु : अवधारणा र पहिचान नेपालका आदिवासीहरु समस्याको पहिचान र समाधान नामक राष्ट्रिय सेमिनारमा प्रस्तुत कार्यपत्र, नेपाल तथा एशियाली अनुसन्धान , १९९३

मानन्धर नातिमैया : गुल्मेली आवाज, स्मारिका, पृ. २२, २०६५

राष्ट्रिय मानवअधिकार आयोग : नेपालमा मानवअधिकारको स्थिति एक प्रतिवेदन, २०६०

राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१

लाम्गादे भोजमान : नेपालमा दलित मानव अधिकारको अवस्था, २००४ र कानुनी व्यवस्था, २०६१

विश्वकर्मा टेक बहादुर : नेपालमा जातिभेद र विश्वकर्माको इतिहास, २०५३, पृ ७६ ।

वि.क., मानबहादुर : संघीय शासन प्रणालीमा दलितको स्थान, दलित सेवा संघ केन्द्रिय कार्यालय, २०६५।

विश्वकर्मा, हिरा : दलित महिलाका सवाल र तिनका समाधान

विश्वकर्मा, पद्मलाल : दलित आन्दोलनमा दलित महिला, २०६३:९५

विश्वकर्मा कमला : हामी दलित महिला अधिकारमा प्रतिवद्ध छौ, २०६४

शर्मा शरद चन्द्र : नेपाल र यसका निवासी परिचयात्मक विवरण २०५४

शर्मा जनकलाल : हाम्रो समाज एक अध्ययन, २०३९

सापकोटा, केशवराज : लैङ्गिक अध्ययन, एकेडेमी बुक्स सेन्टर, कीर्तिपुर, काठमाडौं २०६६।

सुवेदी डा. राजारा : गुल्मीको परिचय हाम्रो पुरुषार्थ २५३,पृ.१८।

सुवेदी, भिष्म प्रसाद : गुल्मीको ऐतिहासिक झलक किरण पुस्तकालय, २०५५

क्षेत्री ज्ञानबहादुर :पौडे गौडेको विश्वकर्मा जाति एक अध्ययन शोध पत्र,त्रि.वि.किर्तिपुर २०३९

Acharya Meena : Gender Equality and Employment of Women (1997)

Bennett Lynn : Dangerous Wives and Sacred Sister (1983)

Bennett, Lynn : Traditional and Change in the Legal Status of Nepalese Women (1979)

Bhasin Kamala : Understanding Gender New Delhi (2002)

Bista Dor. Bahadur: Fatalism and Development, Orient Longman Ltd.Calcutta,1994, p.113

Bista Dor Bahadur : People of Nepal (1966)

Blaikie P and Sadden D. : Peasants and Workers in Nepal (1979) Vikash Publishing House Pvt.Ltd. Delhi

Caplan A.Patricia : Priests and Cobblers (1972)

Caplan Lionel : Land and social change in east Nepal (1970)

Haralumbus, M. : Sociology :Theme and perspective Oxford University Press New Delhi, 1996

Kathryan S.March : Weaving , Writing and Gender

Nepali Gopal Singh : The Newars (1960, 65)

Ortner Shery B. : Sherpas through their ritual (1978)

Pokhrel Binod: Gender Roles and activities among the Rural poor, Household, Case studies from Hill Villages. In occasional papers in Sociology and Anthropogy Vol. VII p.65-82.Central Department of Sociology and Anthropology, T.U.Kirtipur, Nepal (2001)

Sharma Prayag Raj : Caste ,Social, Mobility and Sanskritization "A Study of Old legal code." 1977)

## शोध पत्र तयारीकोलागि प्रयोग गरिएको प्रश्नावली

**१) व्यक्तिगत सूचना**

मिति :

नाम : वर्ष :

धर्म : शिक्षा :

गा.वि.स : गाउँ :

पेशा : वडा नं. :

**२) वैवाहिक स्थिति**

क) विवाहित ( )

ख) अविवाहित ( )

ग) विधवा ( )

घ) छोडपत्र दिएको ( )

ङ) एक्लै बसेको ( )

**३) परिवारको किसिम**

क) केन्द्रिय परिवार ( )

ख) संयुक्त परिवार ( )

ग) एकात्मक परिवार ( )

**सामाजिक पक्ष :**

१) तपाईको समाजमा छुवाछुतको व्यवहार छ ?

क) छ ( ) ख) छैन ( )

२) छुवाछुतको व्यवहार हुनुमा तपाइलाई के ले जस्तो लाग्छ ?

क) धर्म परम्परा( )ख) उचनिच जात( )ग) जनचेतनाको अभाव( )घ) सरसफाईको कमी ( )

३) तपाईलाई कुन कुन ठाउमा छुवाछुत गरिन्छ ?

क) मठमन्दिर ( ) ख) विद्यालय ( ) ग) होटल ( )घ) अस्पताल ( )
ङ) घर ( )

४) तपाईको विचारमा छोरीलाई विद्यालय पठाउन आवश्यक छ ?

क) आवश्यक छ ( ) ख) आवश्यक छैन ( ) ग) थाहा छैन ( )

५) तपाईलाई छुवाछुत प्रथा हटाउन के गर्नुपर्छ जस्तो लाग्छ ?

क) शिक्षाद्धारा चेतनाको उच्च विकास गराएर । ( )

ख) कानुनद्धारा कडा सजायको व्यवस्था गरेर । ( )

ग) गरिबि हटाएर । ( )

घ) धर्म परिवर्तन गरेर । ( )

६) छोराछोरी स्कूल जादा कुन जातिसँग हिड्छन् ?

क) आफ्नै जातिसँग ( ) ख) माथिल्लो जातिसँग ( ) ग) दुवै ( )

७) तपाईको शैक्षिक योग्यता कति छ ?

| **क.स.** | **शैक्षिक योग्यता** | **महिला** |
|---|---|---|
| १ | निरक्षर | |
| २. | साक्षर | |
| ३ | प्रा.वि. | |
| ४ | नि.मा.वि. | |
| ५ | मा.वि | |

| | | |
|---|---|---|
| ६ | प्रमाणपत्र तह | |

८) तपाईको घरमा कुन स्थान हो ?

क) छोरी ( ) ख) बुहारी ( ) ग) सासु ( )

९) तपाईको परिवारकोलागि खानेपानीको मुख्य स्रोत के हो ?

क) धारा ( ) ख) खोला ( ) ग) कुवा ( )

१०) तपाईलाई श्रीमानले घरायसी कार्यमा सहयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ( ) ख) गर्नुहुन्न ( )

११) तपाईको घरको किसिम कस्तो छ ?

क) कच्ची ( ) ख) पक्की ( ) ग) खरले छाएको ( )

१२) तपाईको घरमा के बाल्नु हुन्छ ?

क) सोलार ( ) ख) टुकी ( )

१३) घरायसी कार्यको निर्णय प्रक्रियामा तपाई र तपाईको श्रीमान कसको बढी लागु हुन्छ ?

क) मेरो ( ) ख) श्रीमानको ( ) ग) दुवैको ( )

**आर्थिक पक्ष :**

१) तपाइको परिवारको मुख्य आयस्रोत के हो ?

क) कृषि(   ) ख) नोकरी (   ) ग) व्यापार (   ) घ) ज्याला (   )ङ) परम्परागत पेशा (   )

२) तपाइको खेतीले कति सम्म गुजारा चल्छ ?

क) १ वर्ष (   )ख) ६ महिना (   )ग) ३ महिना (   ) घ) १ महिना(   )ङ) २ महिना (   )

३) तपाईको परिवारमा कृषि क्षेत्रमा महिला पुरुष कसको बढी योगदान छ ?

क) महिला (   ) ख) पुरुष (   ) ग) दुबैको बराबर (   )

४) तपाईले अरुको जग्गा खेती गर्नु हुन्छ ?

क) गर्छु (   ) ख) गर्दिन (   )

५) गर्नु भएको छ भने कसरी गर्नुभएको छ ?

क) अधिया (   ) ख) ठेक्का (   ) ग) त्रिपाटो (   ) घ) बन्दगी (   )

६ ) तपाईले घर खर्चकोलागी के कस्तो कार्य गर्नु हुन्छ ?

क) मजदुरी (   )ख) पशुपालन (   ) ग) कृषि (   )घ) व्यापार (   )ङ) परम्परागत पेशा (   )

७) चाडपर्वकोलागि कसरी खर्च जुटाउनु हुन्छ ?

क) आफ्नै आम्दानीको स्रोतले (   ) ख) ऋण खोजेर (   ) ग) बस्तु भाउ बेचेर (   )

८) तपाईले ऋण लिनु भएको छ भने कहाँबाट लिनु भएको छ ?

क) कृषि विकास वैंक (   ) ख) जमिन्दार (   ) ग) साहुबाट (   )घ) नातेदारबाट (   )

९) तपाइको कुनै सदस्य विदेश जानुभएको छ कि छैन ?

क) छ (   ) ख) छैन (   )

**धार्मिक पक्ष :**

१) तपाईको धर्म प्रतिको आस्था कस्तो छ ?

क) धर्म मान्दछु (   ) ख) धर्म मान्दैन (   )

२) यदी धर्म प्रति आस्था छ भने तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु ( ) ख) बौद्ध ( ) ग) क्रिश्चियन ( )

३) तपाईले मान्ने धर्मले लिङ्गको आधारमा भेदभाव गरेको छ की छैन ?

क) छ ( ) ख) छैन ( )

४) तपाई धार्मिक कार्यमा कत्तिको सहभागी हुन हुन्छ ?

क) छैन ( ) ख) कम मात्रामा छु ( ) ग) पुरुष जत्तिकै छु ( )

५) तपाई महिला भएकोले कुनै धार्मिक कार्यमा बन्देज छ ?

क) छ ( ) ख) छैन ( )

६) तपाई के के चाडपर्व मान्नु हुन्छ ?

क) दशै, तिहार ( ) ख) साउने,माघे संक्रान्ती ( ) ग) चैते दशै ( )

८) दशैमा बलि दिने चलन छ कि छैन ?

क) छ ( ) ख) छैन ( )

८) छ भने बलि दिदा के दिनु हुन्छ ?

क) रागा ( ) ख) बोका ( ) ग) कुखुरा ( ) घ) अन्य ( )

९) यसरी बलिदिने प्रचलन तपाईलाई उपयुक्त हो जस्तो लाग्छ ?

क) लाग्छ ( ) ख) लाग्दैन ( )

**राजनैतिक पक्ष :**

१) तपाई राजनीतिमा कत्तिको चासो राख्नुहुन्छ ?

क) सक्रिय भएर लागेकी छु । ( )

ख) सामान्य मतदाता मात्रै हुँ । ( )

ग) चाख छैन, तर भोट दिन जान्छु । ( )

२) तपाइलाई परिवारका सदस्यले राजनीतिमा लाग्न प्रेरणा दिनु हुन्छ की हुँदैन ?

क) दिनुहुन्छ (    )    ख) दिनु हुदैन (    )

३) गा.वि.स. को कुनै पदमा दलित महिला हुनुहुन्छ ?

क) हुनु हुन्छ (    )    ख) हुनु हुन्न (    )

४) तपाइले तलकामध्ये कुनै पार्टीको नाम सुन्नु भएको छ ?

क) नेपाली कांग्रेस (    ) ख) नेपाल कम्यूनिष्ट पार्टी (एमाले) (    )

ग) नेपाल कम्यूनिष्ट पार्टी माओवादी (    )

५) राजनीति प्रति तपाइको धारणा के छ ?

क) हामीले पनि राजनीतिमा भाग लिनु पर्छ। (    )

ख) भागलिनु हुँदैन। (    )

ग) दलित महिला राजनीतिमा सहभागी हुन सक्दैनन्। (    )

६) राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ जस्तो लाग्छ ?

क) इज्जत मान बढ्छ। (    )

ख) दलितको पक्षमा निर्णय गर्न पाइन्छ। (    )

ग) आफ्नो वर्गको समस्या राख्न पाइन्छ। (    )

घ) साधन र स्रोतमा पहुँच बढ्छ। (    )

७) तपाइले कुनै संगठनको सदस्यता लिनुभएको छ ?

क) छ (    ) ख) छैन (    )

८) छ भने तपाई भाषण गर्ने तथा राजनीति विचार प्रसार गर्ने काममा लाग्नु भएको छ ?८

क) छ (    )    ख) छैन (    )

९) तपाई कुनै निर्वाचानमा कुनै पदमा उम्मेदवार हुनुभएको छ ?

क) छ (    )    ख) छैन (    )

१०) छ भने निर्वाचित हुनु भयो कि भएन ?

क) भए ( ) ख) भइन ( )

११) यदी हुनु भएन भने किन ?

क) पार्टी कमजोर भएकोले ( ) ख) दलित जातिको महिला भएकोले ( ) ग) अन्य ( )